५१औं
वार्षिक प्रतिवेदन
२०८१/२०८२ (२०२४/२०२५)

# Soaltee Hotel Limited

★ ★ ★ ★ ★











The Soaltee Hotels & Resorts | The Soaltee KATHMANDU | SOALTEE WESTEND PREMIER | SOALTEE WESTEND | SOALTEE WESTEND RESORT | The Soaltee Gategourmet

SOALTEE HOTEL LIMITED, PO BOX. 3800, TAHACHAL, KATHMANDU, NEPAL

www.soalteehotel.com | www.soaltee.com

# BOARD OF DIRECTORS | संचालक समिति



Executive Chairman कार्यकारी अध्यक्ष
Mr. Dinesh Bahadur Bista श्री दिनेश बहादुर बिष्ट
Nominee प्रतिनिधि
Soaltee Enterprises Pvt. Ltd. सोल्टी इन्टरप्राइजेज् प्रा. लि.



Director संचालक
Mr. Ravi Bhakta Shrestha श्री रवि भक्त श्रेष्ठ
Nominee प्रतिनिधि
Soaltee Enterprises Pvt. Ltd. सोल्टी इन्टरप्राइजेज् प्रा. लि.



Director संचालक
Mr. Rajesh Kazi Shrestha श्री राजेश काजि श्रेष्ठ
Nominee प्रतिनिधि
Soaltee Enterprises Pvt. Ltd. सोल्टी इन्टरप्राइजेज् प्रा. लि.



Director संचालक
Mrs. Jaya Rajya Laxmi Shah श्रीमती जया राज्य लक्ष्मी शाह
Nominee प्रतिनिधि
Soaltee Enterprises Pvt. Ltd. सोल्टी इन्टरप्राइजेज् प्रा. लि.



Director संचालक
Mr. Sashi Raj Pandey श्री शशिराज पाण्डे
Elected निर्वाचित
General Public Shareholders सर्वसाधारण शेयरधनी



Director संचालक
Mr. Niranjan Kumar Tibrewala श्री निरञ्जन कुमार टिब्रेवाला
Elected निर्वाचित
General Public Shareholders सर्वसाधारण शेयरधनी



Director संचालक
Mr. Prakash Bikram Khatri श्री प्रकाश बिक्रम खत्री
Elected निर्वाचित
General Public Shareholders सर्वसाधारण शेयरधनी



Director संचालक
Mr. Tanka Nidhi Dahal श्री टंक निधि दाहाल
Nominee प्रतिनिधि
Nepal Airlines Corporation नेपाल वायुसेवा निगम

# COMPANY SECRETARY | कम्पनी सचिव



Mr. Lil Bahadur Khatri श्री लिल बहादुर खत्री

# OWNS AND OPERATES

The Soaltee KATHMANDU
Horizon Lounge
The Soaltee | Gategourmet

Registered Office : KMC-13, Tahachal, Kathmandu | Tel : 977 1 4673299 | Email : legal@soaltee.com.np | Web : www.soalteehotel.com

Soaltee Hotel Limited
★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ५१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभाव,

मिति २०८२ कार्तिक ११ गते (२८ अक्टोबर २०२५) मंगलबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड ("कम्पनी") को सञ्चालक समितिको २५९औं बैठकको निर्णय अनुसार यस कम्पनीको ५१औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थानः**

मितिः २०८२ साल मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०२५, आईतबारका दिन ।

समयः बिहान १०.०० बजे ।

स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौं ।

**२. छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक **समितिको वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को कम्पनी तथा कम्पनीको सहायक कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु**, जसमा २०८२ आषाढ मसान्तको **वासलात** (वित्तीय स्थितिको बिवरण), सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब** (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), **नगद प्रवाह विवरण** (नगद प्रवाहको विवरण), **ईक्वीटीमा भएको परिवर्तन**को विवरण तथा वित्तीय विवरणहरूका टिप्पणीहरु लगायतका आर्थिक विवरणहरू माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट कम्पनीका शेयरधनीहरूलाई **लिन मन्जुर तथा चुक्ता पूँजीको १६.५७८९४७३७%** (अक्षरमाः सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात) प्रतिशतका दरले **नगद लाभांश** प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनीको **बैधानिक लेखापरीक्षक नियुक्त** गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. कम्पनीको सञ्चालक समितिमा **संगठित संस्थाबाट मनोनित** हुनु भएका **सञ्चालकहरुको** सम्बन्धमा **जानकारी लिने**, सञ्चालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरू बाहेकका सर्वसाधारण शेयरधनीहरूबाट **तीन जना सञ्चालकहरुको निर्वाचन गर्ने** र **स्वतन्त्र सञ्चालक नियुक्ती अनुमोदन** गर्ने ।

**(ख) विशेष प्रस्ताव**

६. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरूलाई **१५% (पन्ध्र) प्रतिशतका दरले बोनस शेयर वितरण** गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

**(ग) विविध**

७. विविधः अध्यक्षको अनुमति अनुसार ।

**सञ्चालक समितिको आज्ञाले**

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरुः**

१. **५१औं वार्षिक साधारण सभा र सञ्चालक निर्वाचन** सम्बन्धी सामान्य जानकारी, सामान्य जानकारी सहितको प्रतिनिधि नियुक्त गर्ने निवेदन फाराम ।

२. आर्थिक वर्ष २०८१/८२ को **सञ्चालक समितिको वार्षिक प्रतिवेदन ।**

३. आर्थिक वर्ष २०८१/०८२ को कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको लेखापरीक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरू (वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन, वित्तीय र विवरणहरूका टिप्पणीहरू) सहितको **वार्षिक प्रतिवेदन २०८१/८२ ।**

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# ५१औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. **कम्पनीको ५१औं** वार्षिक साधारण सभाको बैठक २०८२ साल मंसिर २८ गते तदनुसार १४ डिसेम्बर २०२५, आइतबारका दिन बिहान १०.०० बजे त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा, काठमाडौँमा बस्ने छ ।

२. कम्पनीको ५१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब शुक्रबार, २०८२ मंसिर ५ गते (२१ नोभेम्बर २०२५) देखि, आईतवार, २०८२ मंसिर २८ गते (१४ डिसेम्बर २०२५) सम्म अर्थात ५१औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २४ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बिहिबार, २०८२ मंसिर ४ गते (२० नोभेम्बर २०२५) सम्म नियमानुसार कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार **एन आई एम बि एस क्यापिटल लिमिटेड** मा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई ५१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

३. कम्पनीको ५१औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरू सहितका संक्षिप्त वार्षिक आर्थिक विवरणहरू, सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन, कम्पनीका शेयरधनी महानुभावहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै शेयरधनीहरूको लगतमा कायम रहेको ईमेल ठेगानामा समेत संप्रेषित गरिनेछ । शेयरधनी महानुभावहरूले **<u>५१औं वार्षिक साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ५१औं वार्षिक प्रतिवेदन २०८१/०८२</u> कम्पनीको वेबसाईट** Website: http://www.soalteehotel.com **मा समेत हेर्न सकिनेछ ।**

४. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०८२ मंसिर २१ (७ डिसेम्बर २०२५) गते आईतवार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा भने समावेश गरिने छैन ।

५. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालय, ताहाचल काठमाण्डौंमा दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरेपछि मात्र निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धीत संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनुपर्दछ ।

६. शेयरधनी महानुभावहरूले सभामा आउँदा शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको नेपाल सरकारबाट जारी प्रमाण पत्र) अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ र सभा स्थलमा रहेको शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिइनेछ । तोकिएको सभा हुने समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनुहुन सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरूको हाजिरी दस्तखतका लागि सभा स्थलमा बिहान ८.३० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

७. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीहरूलाई आवश्यक सहयोग पुर्याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरू सभा स्थलमा आउदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता वस्तुहरू ल्याउन पाइने छैन ।

८. निर्वाचन कार्यक्रमको सूचना कम्पनीको रजिष्ट्र्ड कार्यालय, काठमाडौं माहानगरपालिका वडा नं. १३, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचनको दिन भन्दा कम्तीमा १५ दिन अगाडी प्रकाशित हुनेछ । यस सम्बन्धि थप अन्य विवरण एवं जानकारी कम्पनीको रजिष्ट्र्ड कार्यालय, काठमाडौं माहानगरपालिका वडा नं. १३, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

९. सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचनको मतदान निर्वाचन कार्यतालिका अनुसार शेयरधनी महानुभावहरू स्वयं वा प्रतिनिधि (प्रोक्सी) सभास्थलमा उपस्थीत भई मत दिने व्यवस्था गरिनेछ । साधारण सभामा भाग लिनका लागी नियुक्त प्रतिनिधी (प्रोक्सी) सञ्चालक निर्वाचनको लागी समेत कायम हुनेछ ।

१०. शेयरधनीहरूलाई कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाचल, सोल्टी होटेल परिसर, काठमाडौंमा आइतवार देखि शुक्रबार सम्म (सार्वजनीक बिदाको दिनमा बाहेक ) बिहान १० बजे देखी अपरान्ह ४ बजे सम्म (दिउसो १ बजे देखी २ बजे बाहेक) सम्पर्क राख्न सक्नुहुनेछ ।

११. शेयरधनीहरूले कम्पनीको ५१औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारीको लागी कम्पनीको **शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाण्डौं**मा समेत सम्पर्क राख्न सक्नुहुनेछ ।

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः ......................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

## विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.................................जिल्ला .............................. म.न.पा.।उ.म.न.पा।न.पा.।गा.पा., वडा नं...................... बस्ने म । हामी ........................................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०८२ साल मंसिर महिना २८ गते आईतबार** का दिन हुने **५१औं वार्षिक साधारण सभा**मा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .................................. जिल्ला ..............................म.न.पा.। उ.म.न.पा । न.पा. । गा.पा., वडा नं. ......................... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ................................................... शेयर प्रमाण पत्र नं. / BOID No. .................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु । छौं ।

**निवेदक**

शेयरधनीको दस्तखतः

नामः ..........................................................................................

ठेगानाः ......................................................................................

शेयर प्रमाणपत्र नं. / BOID No. .................................................

भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. .................................

स्वामित्वमा रहेको जम्मा शेयर संख्याः................................................

मितिः ..........................................................................................

---

**द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।**

# प्रतिनिधि नियुक्ति सम्बन्धी सामान्य नियमहरु

१. साधारण सभामा प्रतिनिधि पठाउन चाहने शेयरधनीहरूले अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी प्रतिनिधि नियुक्ति निवेदन सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचलमा दर्ता गर्नुपर्ने छ। यसरी प्रतिनिधि नियुक्त गरेको अवस्थामा प्रतिनिधि मनोनित हुने व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउने छ।

२. कुनै प्राइभेट फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस फर्मको मालिकले प्रतिनिधि नियुक्त गरेको निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ प्राइभेट फर्म दर्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ। कुनै साझेदारी फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस्तो साझेदारी फर्मका सबै साझेदारहरूले सर्वसम मतिबाट नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ साझेदारी फर्म दर्ता प्रमाण पत्र समेत संलग्न गर्नुपर्नेछ।

३. साझा गरी एकभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता साझेदारहरूले प्रतिनिधि नियुक्त गर्दा सबै साझेदारले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ। सर्वसम्मति हुन नसकेको खण्डमा शेयरधनीहरूको दर्ता किताबमा संयुक्त शेयरधनीहरू मध्ये जसको नाम सबैभन्दा अगाडि लेखिएको छ निजले दिएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ।

४. कुनै नाबालक शेयरधनीको नाममा शेयर रहेकोमा शेयरधनीको दर्ता किताबमा त्यस्ता नाबालक शेयरधनीको संरक्षकको रूपमा उल्लेख भएका व्यक्तिले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मात्र मान्यता दिइनेछ।

५. एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेकोमा कम्पनीको कार्यालयमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिई त्यस्तो प्रतिनिधिलाई सभामा भाग लिन एवं मतदान गर्न दिइनेछ।

६. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीको प्रतिनिधि नियुक्ति निवेदनमा भएको दस्तखत कम्पनीको स्रेस्तामा रहेको निजको दस्तखतसंग रूजु भएमा मात्र त्यस्तो प्रतिनिधि नियुक्ति निवेदन दर्ता गरिनेछ।

७. शेयरधनीले आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा त्यसको लिखित जानकारी सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा, कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ। प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ।

# संस्थागत जानकारी

**व्यवस्थापन समूह**

| | |
|---|---|
| **सी ए श्री दिनेश बहादुर विष्ट** | **कार्यकारी अध्यक्ष** |
| सी ए श्री सुदर्शन चापागाई | उपाध्यक्ष |
| श्री लिल बहादुर खत्री | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव |
| श्री मुक्तिनाथ श्रेष्ठ | निर्देशक - बित्त |
| श्री चूडामणी पराजुली | वरिष्ठ प्रबन्धक - प्रशासन तथा जनसम्पर्क |
| श्री सुमन ग्वाछा | प्रबन्धक - परियोजना |
| श्री विनम्र सिंह | प्रबन्धक - आन्तरिक लेखापरिक्षण तथा लागत नियन्त्रण |
| श्री लीलम कार्की | उप प्रबन्धक - परियोजना |

**होटेल सञ्चालन महाशाखा/दी सोल्टी काठमाण्डौं, अटोग्राफ कलेक्सन होटेल्स**

| | |
|---|---|
| **श्री अभिनाश देशमुख** | **महाप्रबन्धक** |
| श्री राजीव कुमार ठाकुर | ई ए एम |
| श्री खेम बहादुर पौडेल | निर्देशक - मानव संसाधन |
| श्री निराजन रत्न शाक्य | क्लस्टर निर्देशक सूचना प्रविधि |
| श्री रूपेश श्रेष्ठ | क्लस्टर निर्देशक शिक्षा तथा बिकास |
| श्री सुमती शाक्य | वरिष्ठ निर्देशक - मिटिंग तथा इभेन्ट |
| श्री संतोष कुमार निरौला | वित्त प्रबन्धक |
| श्री नन्द कुमार भण्डारी | चिफ इन्जिनीयर |
| श्री सुवेन्दु राय | कार्यकारी सेफ |
| श्री शेर बहादुर चन्द | सुरक्षा प्रबन्धक |
| श्री मनोज यादव | निर्देशक - बिक्री कर्पोरेट |
| श्री न्यायिका बास्तोला | वरिष्ठ बजार प्रबन्धक |

**फ्लाइट सर्भिसेज महाशाखा**

| | |
|---|---|
| **श्री विवेक टी नाम्वियार** | **महाप्रबन्धक - फ्लाइट सर्भिसेज** |
| श्री युवराज पोखरेल | क्लस्टर एक्जुक्यूटिभ सेफ - फ्लाइट सर्भिसेज |
| श्री विनिता श्रेष्ठ | निर्देशक गुणस्तर सुदृढीकरण - फ्लाइट सर्भिसेज |
| श्री राजिव बानिया | प्रबन्धक - फ्लाइट सर्भिसेज |

**आन्तरिक लेखापरीक्षक**

**जोशी एण्ड भण्डारी**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाण्डौं ।

**बैधानिक लेखापरीक्षक**

**जे. बि. राजभण्डारी एण्ड डिबिन्स**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाडौं ।

**शेयर रजिष्ट्रार**

**एन आई एम बि एस क्यापिटल लि.**
लाजिम्पाट, काठमाडौं ।

**रजिष्टर्ड कार्यालय**

काठमाडौं महानगरपालिका १३, ताहाचल, काठमाडौं ।

# विषय सूची


| विषय | पृष्ठ नम्बर |
|---|---|
| • सरलीकृत वित्तिय स्थितिको विवरण | १ |
| • सञ्चालक समितिको प्रतिवेदन | २ |
| • कार्यसम्पादनका मूख्य आर्थिक सूचकांकहरु | २५ |
| • लेखापरीक्षकको प्रतिवेदन | ४३ |
| • एकिकृत वित्तीय स्थितिको विवरण | ४७ |
| • एकिकृत नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण | ४८ |
| • एकिकृत नगद प्रवाह विवरण | ४९ |
| • एकिकृत ईक्वीटीमा भएको परिवर्तनको विवरण | ५० |
| • एकिकृत वासलात तथा आम्दानी विवरणसंग सम्बन्धी अनुसूचीहरु | ५२ |

**सोल्टी होटल लिमिटेड**

**३२ आषाढ २०८२ (१६ जुलाई २०२५) को सरलीकृत वित्तीय स्थितिको विवरण**

**रुपैयाँ**

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको |
|---|---|---|
| **कम्पनीको सम्पत्ति** | | |
| **गैर चालु सम्पत्ति** | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | २,७७०,७२९,११३ | २,११३,७५४,१७० |
| अमूर्त सम्पत्ति | १६,४५३,७९९ | ४९,६१२ |
| लगानी योग्य सम्पत्ति | ८७,२८५,१११ | ८९,३८३,८२५ |
| लगानी | २८६,९२७,२०१ | २८१,२७६,१८८ |
| व्यापार तथा अन्य प्राप्य | २७,०५५,७९७ | २२,८९९,४९० |
| | **३,१८८,४५१,०२१** | **२,५८७,३६३,२८५** |
| **चालु सम्पत्ति** | | |
| जिन्सी मौज्दात, लगानी, प्राप्य, अग्रिम भुक्तानी, नगद र नगद सरह | ५२८,२८६,२८४ | ५६४,०२१,९१२ |
| न्यून: चालु दायित्व | ६५०,५०१,५८६ | ५२५,६७३,१८८ |
| **चालु पूँजी** | **(१२२,२१५,३०२)** | **३८,३४८,७२४** |
| **कुल सम्पत्ति** | **३,०६६,२३५,७१९** | **२,६२५,७१२,००९** |
| **कम्पनीको दायित्व** | | |
| गैर चालु दायित्व | ३०६,२१६,३५० | २६०,७३१,२३५ |
| **कुल शेयरधनीहरुको कोष** | **२,७६०,०१९,३६९** | **२,३६४,९८०,७७४** |
| **प्रतिनिधित्व/अर्थात** | | |
| शेयर पूँजी | १,०२१,८६२,६९० | ९२८,९५३,७०० |
| संचित मुनाफा तथा जगेडा | १,७३८,१५६,६७९ | १,४३६,०२७,०७४ |
| | **२,७६०,०१९,३६९** | **२,३६४,९८०,७७४** |
| **ऋण र पूँजीको अनुपात** | **०.०२** | **०.०१** |

**३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको सरलीकृत आम्दानी विवरण**

**रुपैयाँ**

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको | बृद्धि/ (कमी) % मा |
|---|---|---|---|
| **आम्दानी** | | | |
| **कोठा, रेष्टुरेण्ट, बैंक्वेट, अन्य सेवा तथा विविध आय** | **२,७७३,९०६,५१५** | **२,४९८,४१८,४६७** | **११.०३%** |
| **खर्च** | | | |
| कर्मचारी सुविधा खर्चहरू | ६१३,९९४,७०७ | ५६३,३८३,७२८ | ८.९८% |
| खाद्य तथा पेय पदार्थको खपत | ४५७,८०१,२४३ | ४०५,१५३,४७६ | १२.९९% |
| संचालन खर्च | ३०९,४६४,७०१ | ३०३,४६०,३६७ | १.९८% |
| ह्रास तथा परिशोधन खर्च | १५३,८२०,०२५ | १३७,५०३,२५५ | ११.८७% |
| अन्य खर्च | ४०६,१४४,०६५ | ३३७,९६७,८८० | २०.१७% |
| वित्त लागत | ३,९५५,३५७ | ३,६०२,८८० | ९.७८% |
| **कुल खर्च** | **१,९४५,१८०,०९८** | **१,७५१,०७१,५८६** | **११.०९%** |
| यस वर्षको आयकर अघिको **मुनाफा/(नोक्सान)** | ८२८,७२६,४१७ | ७४७,३४६,८८१ | १०.८९% |
| यस वर्षको कर खर्च | (१६३,६०६,७५७) | (१३७,४६२,९९९) | १९.०२% |
| स्थगन कर आम्दानी/(खर्च) | (११,८४२,१८९) | (९,८४१,४१९) | २०.३३% |
| **वर्षको खुद मुनाफा/(नोक्सान)** | **६५३,२७७,४७१** | **६००,०४२,४६३** | **८.८७%** |
| बाँकी नाफा अगाडि ल्याएको | १,३७०,७३८,८८८ | १,१६०,३६२,९२६ | |
| अघिल्लो वर्षको कर भुक्तानी | (१३,३५१,९३९) | (११०,२८२,७९८) | |
| बोनस शेयर जारी | (९२,९०८,९९०) | (४४,२३८,६४०) | |
| बोनस शेयरको खण्डित मूल्य नगदमा (भुक्तानी)/प्राप्ती | १३,६२० | २,८८७ | |
| लाभांश भुक्तानी | (२४९,३५०,७३०) | (२३५,१४७,९५०) | |
| **बाँकी वासलातमा सारेको** | **१,६६८,४१८,३२०** | **१,३७०,७३८,८८८** | |

## सोल्टी होटल लिमिटेड
## सञ्चालक समितिको प्रतिवेदन

### आदरणीय शेयरधनी महानुभावहरु,

कम्पनीको ५१ औं वार्षिक साधारण सभामा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरूलाई स्वागत गर्न पाउँदा सञ्चालक समिति अत्यन्तै हर्षित भएको छ । यहाँहरू समक्ष कम्पनीको ५१औं वार्षिक प्रतिवेदन तथा ३२ आषाढ २०८२ तद्नुसार १६ जुलाई २०२५ मा अन्त्य भएको आर्थिक वर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरू प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले वैधानिक प्रावधानको परिपालना गर्दै **नेपाल वित्तीय प्रतिवेदन मान** (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा कम्पनीका आर्थिक विवरणहरू तयार पारी प्रस्तुत गरेका छौं ।

### कार्य सञ्चालन सम्बन्धी गतिविधिहरुको समिक्षाः

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ११.०३ प्रतिशतले बढेको छ (अघिल्लो आर्थिक वर्ष १०.८१ प्रतिशतले बढेको थियो) । समीक्षा आर्थिक वर्षको कूल आम्दानी रु. २७७.३९ करोड (गत बर्ष रू. २४९.८४ करोड) रहेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग रू. २७.५५ करोडले (अघिल्लो आर्थिक वर्ष २४.३८ करोडले बढेको थियो) वृद्धि भएको छ । कम्पनीको अघिल्लो आर्थिक बर्षको ८८.४९ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक बर्षमा कम्पनीले रु. ९८.२६ करोड नगद मुनाफा आर्जन गर्न सफल भएको छ । साथै, कम्पनीले अघिल्लो आर्थिक वर्षको रू. ६०.०० करोड खुद मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ६५.३३ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

### कम्पनीको कार्यप्रगतिको मुख्य झलक
### वित्तीय नतिजाहरु

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरू देहाय बमोजिम रहेका छन्:–

रूपैयाँ करोडमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८०/८१ | | |
| **कुल आम्दानी** | **२७७.३९** | **२४९.८४** | **२७.५५** | **११.०३%** |
| कुल खर्चहरू | १९४.१२ | १७४.७५ | १९.३७ | ११.०९% |
| **संचालनबाट मुनाफा/(नोक्सानी)** | **८३.२७** | **७५.०९** | **८.१८** | **१०.८८%** |
| वित्त लागत | ०.४० | ०.३६ | ०.०४ | १०.००% |
| **आयकर अघिको मुनाफा /(नोक्सानी)** | **८२.८७** | **७४.७३** | **८.१४** | **१०.८९%** |
| न्यून: आयकर व्यवस्था | १६.३६ | १३.७५ | २.६१ | १९.०२% |
| न्यून: स्थगन कर खर्च/(आम्दानी) | १.१८ | ०.९८ | ०.२० | २०.३३% |
| **आयकर पछिको खुद मुनाफा /(नोक्सानी)** | **६५.३३** | **६०.००** | **५.३३** | **८.८७%** |
| **यस वर्ष खुद मुनाफा जगेडामा सारेको (बाँडफाँड गर्नु अघि)** | **६५.३३** | **६०.००** | **५.३३** | **८.८७%** |

### पुरस्कार र सम्मान

कम्पनीको होटेल, द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटेल्सले देहायका प्रतिष्ठित पुरस्कारहरु प्राप्त गरेको कुरा यहाँहरू समक्ष सगौरव उल्लेख गर्न पाउँदा अत्यन्त हर्षित तथा गौरवान्वित महसुस गरेका छौं ।

**नेपालको सभा तथा सम्मेलन गर्ने अग्रणी होटल/रिसोर्टः**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटेल्सलाई दक्षिण एशियाली ट्राभल अवार्डस् (South Asian Travel Awards) २०२४ द्वारा आयोजित आठौं दक्षिण एशियाली ट्राभल अवार्डस् कार्यक्रममा दक्षिण एशियाको प्रतिष्ठित पर्यटन उद्योग सम्मान *Leading Meeting and Conference Hotel/Resort* "लिडिङ्ग मिटिङ एण्ड कन्फरेन्स होटल/रिसोर्ट" पुरस्कारबाट सम्मानित गरिएको छ । सन् २०१६ देखि दक्षिण एशियाली ट्राभल

अवार्ड्सले दक्षिण एशियाको आतिथ्य तथा पर्यटन क्षेत्रमा उत्कृष्टता प्रदर्शन गर्ने संस्थालाई भव्य कार्यक्रमका विच सम्मानीत गर्दै आएको छ। सन् २०२४ को यो समारोह २० सेप्टेम्बर २०२४ मा एलोफ्ट होटेल काठमाडौंमा सम्पन्न भएको थियो।

**होटे ग्रान्ड्योर ग्लोबल होटल अवार्ड**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटेल्सले अन्तर्राष्ट्रिय मन्चमा पुनः एक पटक आफ्नो उत्कृष्टता स्थापित गर्न सफल भएको छ। गत वर्ष अगस्ट २०२४ मा सम्पन्न प्रतिष्ठित होटे ग्रान्ड्योर ग्लोबल होटल पुरस्कार (Haute Grandeur Global Hotel Awards) कार्यक्रममा द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटेल्स एसियाको उत्कृष्ट लक्जरी होटल (Best Luxury Hotel in Asia), नेपालको उत्कृष्ट सिटी होटल (Best City Hotel in Nepal), नेपालको उत्कृष्ट सम्मेलन स्थल होटल (Best Conference Venue Hotel in Nepal), नेपालको उत्कृष्ट पारिवारिक होटल (Best Family Hotel in Nepal), तथा एसियाको उत्कृष्ट डेस्टिनेसन वेडिङ होटल (Best Destination Wedding Hotel in Asia) लगायतका धेरै सम्मानहरुबाट पुरस्कृत हुन सफल भएको छ। सन् २०१४ मा संस्थापित, होटे ग्रान्ड्योर ग्लोबल होटल पुरस्कार (Haute Grandeur Global Hotel Awards) ले स्वतन्त्र रुपमा विश्वभरका होटल क्षेत्रका असाधारण उपलब्धिहरु र आतिथ्यता सम्बन्धी उद्योगमा पुऱ्याएका उत्कृष्ट योगदानहरुको सम्मान र कदर गर्न भव्य कार्यक्रम गरि पुरस्कार प्रदान गर्ने गर्दछ। उल्लेखित प्रतिष्ठित सम्मान, कदरपत्र सहितका पुरस्कारहरु प्राप्त गरेर, द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सले विश्वव्यापी आतिथ्य सेवा प्रवाहको क्षेत्रमा दीर्घकालीन उत्कृष्टताको विरासतको निरन्तरतालाइ दृढताका साथ पुनः पुष्टि गरेको छ।

**बिजनेस, लेजर, ट्राभल एण्ड माइस (BLTM) उत्कृष्टता अवार्ड**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई बिजनेस, लेजर, ट्राभल एण्ड माइस (BLTM) उत्कृष्टता पुरस्कार (Business, Leisure, Travel & Mice (BLTM) Excellence Award) एक समारोहका बीच मोस्ट एक्सक्लुसिभ लेजर प्रोडक्ट फर माइस (Most Exclusive Leisure Product for MICE) शीर्षकको प्रतिष्ठित पुरस्कार प्रदान गरिएको छ। उल्लेखित पुरस्कारको समारोह ३१ अगस्ट २०२४ मा यशोभूमि इन्डिया इन्टरनेशनल कन्भेन्सन एण्ड एक्स्पो सेन्टर, द्वारका, नयाँ दिल्ली, भारतमा आयोजना भएको थियो। उत्कृष्टता पुरस्कार सम्मान प्राप्त गरी, द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सले दक्षिण एशियामा बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी (MICE) को लागि प्रमुख गन्तव्यको रुपमा होटलको बढ्दो प्रतिष्ठालाई अझ सुदृढ बनाएको छ। उत्कृष्टता पुरस्कार सम्मानले होटेलको सेवाको उत्कृष्टता, आतिथ्य क्षेत्रमा नवप्रवर्तन, तथा विश्वस्तरीय आतिथ्यताको अनुभवको आधारमा सेवा प्रदान गर्ने निरन्तर प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ।

**होटल टुरिजम एक्सेलेन्स अवार्ड**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई १५ जनवरी २०२५ मा सम्पन्न एभरेष्ट टुरिजम अवार्ड २०२५ को समारोहमाका विच प्रतिष्ठित होटल टुरिजम एक्सेलेन्स अवार्ड सम्मान (Hotel Tourism Excellence Award) प्रदान गरिएको छ। यो प्रतिष्ठीत सम्मान पुरस्कारले होटेलको सेवाको उत्कृष्टता, उच्चस्तरीय आतिथ्यताको अनुभव, तथा नेपालको आतिथ्यता सम्बन्धी उद्योगको उन्नतिमा कम्पनीको निरन्तर योगदानप्रतिको अटल प्रतिबद्धतालाई प्रतिविम्बित गरेको छ।

*एभरेष्ट टुरिजम अवार्ड २०२५ को होटल टुरिजम एक्सेलेन्स अवार्ड सम्मानले नेपालको पर्यटन क्षेत्रका उत्कृष्ट उपलब्धिहरूको सम्मान गर्दछ, जस अन्तर्गत उत्कृष्ट उपलब्धिहरुको प्राप्ती, असाधारण प्रदर्शन, नवप्रवर्तन, र राष्ट्रको पर्यटन बिकासमा उल्लेखनीय योगदान पुऱ्याएका अग्रणीय होटल, रिसोर्ट तथा पर्यटन संस्थाहरुलाई सम्मानित गर्ने गर्दछ। द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सले प्राप्त गरेको यो सम्मान पुरस्कारले आतिथ्य परिदृश्यमा गुणस्तर र उत्कृष्टताको बिशिष्टीकरणलाई सम्पुष्टि गरेको छ।*

**कर्पोरेट एक्सेलेन्स अवार्ड**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सले २५ फेब्रुअरी २०२५ मा मानव संसाधन व्यावस्थापन नेपाल Human Resource Management Nepal (HRM Nepal) द्वारा प्रदान गरिने होटेल श्रेणीको "Corporate Excellence Award 2024, Hotel Category" (कर्पोरेट एक्सेलेन्स अवार्ड २०२४), प्राप्त गर्न सफल भएको छ। यो प्रतिष्ठित विशिष्ट सम्मानले आतिथ्य उद्योगभित्र संगठनात्मक उत्कृष्टता, रणनीतिक नेतृत्व, र दिगो व्यवसायिक अभ्यासहरू प्रति होटेलको प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ।

*HRM Nepal Award संस्थागत सुशासन, मानव संसाधन बिकास, व्यवस्थापन कार्यदक्षता र सेवाको गुणस्तरमा उत्कृष्टता प्रदर्शन गर्ने संस्थाहरुलाई सम्मान स्वरुप प्रदान गर्ने गरिन्छ। यो सम्मानले द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्स नेपालको संस्थागत तथा आतिथ्यताको क्षेत्रमा अग्रणी संस्थामा रही व्यावसायिकता, नवप्रवर्तन र निरन्तर सुधारको संस्कृतिलाई सुदृढ गर्दै अग्रणी संस्था रहेको सम्पुष्टि गर्दछ।*

**बेष्ट होटेल - कर्पोरेट इभेन्ट्स (पाँचतारा)**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटेल्सलाई २४ मे २०२५ मा ईभेन्ट एण्ड इन्टरटेन्मेन्ट म्यानेजमेन्ट एशोसिएसन Event and Entertainment Management Association (EEMA) द्वारा आयोजित **स्पटलाइट अवार्डस् २०२५** समारोहमा पाँच तारे होटेलहरूमा "Best Hotel – Corporate Events (Five Star Hotel)" बेष्ट होटल - कर्पोरेट ईभेन्ट्स पाँच तारे होटेल विधामा कांस्य पदक प्रदान गरिएको छ । यो सम्मानले उच्चस्तरीय संस्थागत समारोह लगायतका कार्यक्रमहरू आयोजना गर्ने दक्षता र विश्वस्तरीय आतिथ्यता सम्बन्धी मापदण्ड अनुसार असाधारण सेवा प्रदान गर्ने होटेलको उत्कृष्ट क्षमतालाई प्रतिबिम्बित गर्दछ ।

*स्पटलाइट अवार्ड्सले आतिथ्य तथा पर्यटन उद्योगमा नवप्रवर्तन, नेतृत्वदायी, र उत्कृष्ट सेवा सुविधा प्रदान गर्ने संस्थाहरुको सम्मानार्थ विशेष कार्यक्रमको आयोजना गर्ने गर्दछ । यस पुरस्कारले विशेष रूपमा समारोह तथा कार्यक्रम व्यवस्थापन, संस्थागत अनुभवहरु प्रदान गर्ने क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने संस्थाहरूलाई सम्मान तथा कदरपत्र प्रदान गर्ने गर्दछ । यो सम्मानले द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्स विशिष्ट व्यवसायिक कार्यक्रमहरूको लागि दक्षिण एशियाली आतिथ्य क्षेत्रमा पहिलो प्राथमिकतामा पर्ने गन्तव्य होटेलको रूपमा मान्यता प्राप्त गर्दै, यसको थप प्रशिद्धी, विशिष्टता र प्रतिष्ठा स्थापित भएको छ ।*

**जलवायु परिवर्तनको अनुकूलन**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई अगस्ट २०२५ मा इन्टरनेशनल सेन्टर फर रेस्पोन्सिबल टुरिजम (ICRT) द्वारा आयोजित बिजनेस एण्ड लिजर ट्राभल मार्केट Business & Leisure Travel Market (BLTM) 2025 मा **जलवायु परिवर्तन अनुकुलन** (Adapting to Climate Change) श्रेणी अन्तर्गत यस उपमहाद्वीप क्षेत्रका लागि "One to Watch" का रुपमा सम्मानित गरिएको छ। यस सम्मानले दिगोपन, जलवायु लचिलोपन, र वातावरणप्रति जिम्मेवार सञ्चालन अभ्यासहरु अंगीकार गर्ने होटलको सक्रीय प्रतिबद्धतालाई उजागर गरेको छ ।

*ICRT अवार्डले विशेष गरी जलवायु अनुकूलन, वातावरणीय संरक्षण, र दीर्घकालीन समुदायीक प्रभावमा जोड दिँदै दिगो र जिम्मेवार पर्यटनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका होटल र पर्यटन सम्बन्धी संस्थाहरुलाई सम्मान गर्ने गर्दछ । यस सम्मानले व्यवसायिक रणनीतिमा दिगोपनलाई समावेश गर्ने र विश्वव्यापी रुपमा जलवायु प्रतिको जिम्मेवारीपूर्ण पहलमा अर्थपूर्ण योगदान पुर्‍याउने होटेलको रुपमा द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई स्थापित गरेको छ ।*

**अग्रणी सम्मेलन केन्द्र**

द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई १९ सेप्टेम्बर २०२५ मा श्रीलंकाको कोलम्बोमा सम्पन्न साउथ एशियन ट्राभल अवार्ड्स-SATA मा लिडिङ्ग कन्भेन्सन सेन्टर (Leading Convention Center), श्रेणीमा रजत पुरस्कार प्रदान गरिएको छ। यस सम्मानले ठूला स्तरका सम्मेलनहरू र संस्थागतरूपमा गरिने कार्यक्रमहरु आयोजना गर्ने होटलको विशिष्ट क्षमता र सेवा, आतिथ्य, तथा सञ्चालन उत्कृष्टताको उच्च मापदण्ड कायम राख्न सक्ने दक्षतालाई प्रतिबिम्बित गर्दछ।

*साउथ एशियन ट्राभल अवार्डस् (SATA) ले दक्षिण एशियामा आतिथ्य र पर्यटन उद्योगका उत्कृष्ट उपलब्धिहरूको सम्मानका लागि यो समारोह आयोजना गर्ने गर्दछ । जसमा नेतृत्व, सेवाको गुणस्तर, नवप्रवर्तन, र अतिथिको अनुभवमा जोड दिइन्छ । यस सम्मानले द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्शन होटल्सलाई क्षेत्रीय स्तरमा प्रमुख सम्मेलन र कार्यक्रम गन्तव्यका रूपमा रहेको प्रतिष्ठालाई थप प्रमाणित गरेको छ ।*

**अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय परिदृश्य र तिनले व्यवसायमा पार्ने प्रभाव**

नेपालको आतिथ्यता सम्बन्धी उद्योग अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय अवयवहरुले निर्माण गरेको गतिशील र द्रुत रुपान्तरणको परिवेश भित्र विकसित भइरहेको छ । आर्थिक वर्ष २०८१/८२ मा पर्यटन सम्बन्धी प्रवृत्तिहरुमा परिवर्तन, क्षेत्रीय सहकार्यको विकास, विश्वव्यापी आर्थिक पुनर्संरचना, र उपभोक्ताहरूको अपेक्षाहरुमा भइरहेका तिव्र परिवर्तनको विशेषताहरुलाई आत्मसाथ गरेकोछ। पर्यटनको विश्वव्यापी पुनरूत्थान, दक्षिण एशियामा सम्पर्क सञ्जालहरूको अभिवृद्धि, र निरन्तर आन्तरिक पर्यटन नीतिहरूको पहल तथा पर्यटन पूर्वाधारहरूमा सुधार जस्ता प्रमुख विकासका क्रमहरुले संयुक्त रुपमा नेपालको आतिथ्य क्षेत्रको सञ्चालनमा महत्वपूर्ण प्रभाव पारेका छन् ।

**अन्तर्राष्ट्रिय परिदृष्य**

विश्व पर्यटन उद्योगले आर्थिक वर्ष २०८१/८२ मा पुनरूत्थानको क्रम जारी राख्यो, जहाँ बृहत आर्थिक अस्थिरता र भूराजनीतिक अनिश्चितता बीच पनि पर्यटन विकासमा लचिलोपन देखियो । सन् २०२५ को पहिलो अर्धवार्षिक अवधिमा अन्तर्राष्ट्रिय पर्यटक आगमन (ओभरनाईट पर्यटकहरु) सन् २०२४ को सोही अवधिको तुलनामा ५% ले बढेको थियो र कोभिड १९ को माहामारीपूर्वको स्तर भन्दा ४% ले वृद्धि भएको छ ।

सन् २०२४ मा प्राप्त क्षेत्रीय उपलब्धीहरूका कारण १.५ अर्ब पुगेको विश्वव्यापी पर्यटक आवागमनले पर्यटन उद्योगमा विश्वास पुनर्स्थापित गरेको महत्वपूर्ण संकेत गरेको छ ।

सन् २०२५ को जनवरी देखि जून सम्मको अवधिमा लगभग उनान्सत्तरी करोड अन्तर्राष्ट्रिय पर्यटकहरुले विश्व भ्रमण गरेका छन्, जुन अघिल्लो वर्षको तुलनामा तीन करोड तीस लाखले बढी हो । यस वृद्धिले निरन्तर दिगो बजार माग र विश्वव्यापी पर्यटन गतिशीलताको क्रमिक सामान्यीकरणलाई प्रतिबिम्बित गर्दछ । संयुक्त राष्ट्र संघ पर्यटन संगठनका अनुसार, सन् २०२५ को पहिलो अर्धवार्षिक अवधिमा अधिकांश क्षेत्रहरुमा पर्यटक आगमन र पर्यटन आम्दानी दुवैमा निरन्तररूपमा वृद्धि भएको देखिएको कारणले गर्दा विश्वव्यापी आर्थिक गतिविधि, रोजगारी सिर्जना, वैदेशिक मुद्राको आम्दानी, र विश्वव्यापी रूपमा जीविकोपार्जनमा पर्यटन क्षेत्रले उल्लेखनीय योगदान पुऱ्याएको छ ।

सन् २०२५ को पहिलो अर्ध-वार्षिक अवधिमा अन्तर्राष्ट्रिय हवाई यात्रु विमानको सिट क्षमतामा सन् २०२४ को तुलनामा ७% ले वृद्धि भएको अन्तर्राष्ट्रिय हवाई यातायात संघ (IATA) ले जनाएको छ । त्यस्तै, सन् २०२५ जुलाई महिनामा विश्वव्यापी रूपमा होटल ओक्युपेन्सी दर ७१% पुगेको छ, जसले प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटक आवास सेवा विस्तारको लागि स्थिर माग सृजित भएको संकेत गरेको छ ।

आतिथ्य उद्योगको सञ्चालनको अवस्थाले अहिलेसम्म पनि आर्थिक दबाव र भूराजनीतिक तनावबाट उत्पन्न हुने महत्वपूर्ण चुनौतीहरुको सामना गरिरहेको छ । यातायात र आवास खर्चमा भएको मुद्रास्फीति वृद्धिका कारण भएको उच्च पर्यटन लागतले सन् २०२५ को अन्तर्राष्ट्रिय पर्यटन प्रवृत्तिलाई प्रभावित गर्ने प्रमुख चुनौतीको रूपमा रहेकोछ । सन् २०२४ मा पर्यटन मुद्रास्फीति दर ८.०% बाट घट्दै सन् २०२५ मा ६.८% पुग्ने अनुमान गरिएको भएतापनि, यो दर महामारीपूर्वको औसत ३.१% भन्दा अझै धेरै माथि रहेको हुनाले पर्यटकहरु मूल्य प्रति संवेदनशील बन्दै गएका छन्, जसको परिणामस्वरूप छोटा पर्यटनको गन्तव्यहरू, न्यून लागतमा आधारित पर्यटन गन्तव्यहरु, र अन्तर क्षेत्रीय पर्यटन प्राथमिकतामा रहि त्यस्ता गन्तव्यहरू प्रति पर्यटकहरूको अभिरूचि बढीरहेको देखिन्छ ।

यसका साथै, जारी भूराजनीतिक अस्थिरता, व्यापारिक तनाव, र पर्यटनमा लगाइएका विविध प्रतिबन्धहरुले यात्रुहरुको विश्वास र मागको गतिशीलतालाई निरन्तर प्रभावित गरिरहेका छन् । उल्लेखित चुनौतीहरुका बाबजुद पनि आर्थिक वर्ष २०८२/८३ का लागि अन्तर्राष्ट्रिय पर्यटन प्रतिको दृष्टिकोण समग्र रुपमा आशावादी देखिएको छ । जसलाई विस्तार हुँदै गरेका पर्यटन श्रोत बजारहरु, बजारमा आएका विविधीकरणका विविध आयामहरू तथा रणनीतिहरु र दिगो तथा समावेशी पर्यटन विकास प्रति बढ्दो विश्वव्यापी प्रतिबद्धताले थप बल पुऱ्याएको छ । विविध पर्यटन श्रोत बजारहरुको विस्तार, क्षेत्रीय सम्पर्क सञ्जालको विस्तार तथा सरकार तथा उद्योगका सरोकारवालाहरुद्वारा अपनाइरहेका दिगो र समावेशी पर्यटन मोडेलहरुले गर्दा पद-पर्यटनको अभिवृद्धि र विकास थप सुदृढ हुने अपेक्षा गरिएको छ ।

**क्षेत्रीय परिदृष्यहरु**

आर्थिक वर्ष २०८१/०८२ मा दक्षिण एशियाका साहसिक, सांस्कृतिक सम्पदा, र वेलनेस सम्बन्धी पर्यटनप्रति यात्रुहरुको रूचि निरन्तर उच्चरूपमा कायम रह्यो । साहसिक पर्यटन, सांस्कृतिक र वेलनेस सम्बन्धी पर्यटनमा नेपाल प्रमुख गन्तव्यका रूपमा अग्रणी स्थानमा रहनुका साथै रणनीतिक रुपमा सुदृढ गन्तव्यका रुपमा स्थापित रह्यो । भारत, चीन र दक्षिणपूर्वी एशियाली देशहरुबाट बढ्दो क्षेत्रीय पर्यटनले नेपालको पर्यटन वृद्धिलाई बल पुऱ्याएको छ । हवाई यातायात सञ्जालको विस्तार, भ्रमण भिसा प्रक्रियाको सरलीकरण तथा सहजता, र लक्षित रूपमा नेपालको पर्यटन गन्तव्यहरूको प्रचार-प्रसार तथा बजार-व्यवस्थापनका पहलहरु र संयोजनले क्षेत्रीय पहुँचमा उल्लेखनीय सुधार ल्याएको छ । नेपाललाई प्रतिस्पर्धात्मक रुपमा अझ बढी सुदृढ बनाएको छ । दक्षिण एशियाली छिमेकी देशहरुका पर्यटन बजारमा छोटो अवधिको मनोरञ्जनात्मक पर्यटन प्रति अभिरूची बढेकोले नेपालको प्राकृतिक, भौगोलिक र सामाजिक विविधीकरणले क्षेत्रीय पर्यटनको आकर्षणलाई आकर्षित गर्ने थप अवसरहरु सिर्जना भएका छन् । नेपालले पद-पर्यटन, पर्वतारोहण, सांस्कृतिक सम्पदा तथा वेलनेस पर्यटनमा रूचि राख्ने पर्यटकहरुका लागि विशिष्ट लाभ कायम राखेको छ ।

सन् २०२५ को मे महिनामा नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेण्ट्स (NATTA) र इन्डियन एसोसिएशन अफ टुर अपरेटर्स (IATO) बीच द्विपक्षीय पर्यटन प्रवर्द्धनका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त साझेदारीले दुइ देशलाई जोड्ने धार्मिक, सांस्कृतिक पर्यटन र तिर्थयात्रा पर्यटन क्षेत्रलाई सुदृढ पार्न र सिमापार पर्यटक आदान-प्रदानलाई थप प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

दक्षिण एशिया उप-क्षेत्रीय आर्थिक सहयोग (SASEC) कार्यक्रम अन्तर्गतका क्षेत्रीय पूर्वाधारका विकासका पहलहरुले यस वर्ष पनि पर्यटन विस्तारमा निरन्तर सहयोग पुऱ्याएको छ । सिमापार यातायात सञ्जालको विस्तार, वैदेशिक व्यापार सहजता, र आर्थिक कोरिडोरमा भइरहेको लगानीको वृद्धिले क्षेत्रीय पहुँच र पर्यटन दक्षतामा सुधार ल्याउँदै पर्यटन र व्यापार दुवैलाई लाभान्वित तुल्याएका छन् । त्यसैगरी, बहुक्षेत्रीय

प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (BIMSTEC) अन्तर्गतका परियोजनाहरुले नेपालको सांस्कृतिक सम्पदा, साहसिक पर्यटनका अवसरहरु, तथा प्राकृतिक विविधतालाई उजागर गर्ने खालका पद-मार्गहरुलाई प्रवर्द्धन गरेर क्षेत्रीय पर्यटनमा नेपालको स्थानलाई अझ सुदृढ बनाएको छ ।

भारत र चीन जस्ता विश्वका ठूला र तीव्र गतिमा विकसित भइरहेका दुई अर्थतन्त्रहरुका बीचमा रणनीतिक रुपमा अवस्थित नेपाल उदीयमान क्षेत्रीय भ्रमण र पर्यटन प्रवृत्तिहरुको लाभ लिन अनुकूल स्थितिमा रहेको छ। बढ्दो समन्वयात्मक सहकार्य र लक्षित बजार रणनीतिद्वारा नेपाल साहसिक, तीर्थयात्रा, वेलनेस, विवाह समारोह पर्यटन, एकल पर्यटन र व्यवसायिक सभा तथा बैठकका कार्यक्रम सहितका विविध पर्यटन आयामहरूमा नेपालले क्षेत्रीय केन्द्रका रुपमा विकसित हुने क्षमता राख्दछ। नेपालले ठूला अन्तर्राष्ट्रिय कार्यक्रमहरु आयोजना गर्ने क्षमता बढाउँदै क्षेत्रीय सहकार्य प्रवर्द्धनमा समेत उल्लेखनीय प्रगति हासिल गरेको छ। अब नेपालले उच्च मूल्य सम्भावना बोकेको बैठक, प्रोत्साहन, सभा, सम्मेलन र समारोह, तथा प्रदर्शनी (MICE) खण्डको पर्यटन विकासका लागि लक्षित रणनीति अपनाउनु आवश्यक भएको छ। प्यासिफिक एशिया ट्राभल एशोसिएशन (PATA) ले नेपालका पर्यटन उद्योगका सरोकारवालाहरु र सरकारी निकायहरुसँग सहकार्य गरी नेपालको पर्यटन उद्योगको उन्नतिका लागि रणनीतिक मार्गचित्र तयार गर्नको लागि तत्परता व्यक्त गरिसकेको छ।

क्षेत्रीय पर्यटन वृद्धिमा परियोजना ढिलाइ, वित्तीय सीमितता, प्रवेशाज्ञा तथा सिमाना सम्बन्धी कार्यविधिमा रहेका असंगतता, पूर्वाधारका कारण आउने अवरोधहरु, र यात्रुहरूको विश्वासमा असरपार्ने राजनीतिक अस्थिरता जस्ता चुनौतीहरुको निरन्तररूपमा सामना गरिरहेको छ। तथापि, पर्यटन विकासका सम्बन्धमा हवाई, जल र स्थल यातायातको कनेक्टीभिटीमा भएको क्षेत्रीय सुधार र नीतिगत रूपमा भएको समन्वय लगायतका सकारात्मक प्रवृत्तिहरूले गर्दा यात्रुहरूको बदलिंदो प्राथमिकताका बीच आर्थिक वर्ष २०८२/८३ मा पर्यटन क्षेत्रमा अझै सुधार हुने, पर्यटन क्षेत्रको आम्दानीमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ जसको कारण विलाशितायुक्त होटेलहरुले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अतिथिहरुलाई आकर्षित गर्ने नयाँ अवसरहरु सिर्जना गरेका छन् ।

**राष्ट्रिय परिदृष्य**

सन् २०२५ मा नेपालको आतिथ्य उद्योग आन्तरिक नीतिहरु, पूर्वाधार विकास र परिवर्तनशील पर्यटन प्रवृत्तिहरुबाट गहिरो रुपमा प्रभावित भएको छ, जसले व्यवसायिक प्रदर्शन र भविष्यमा यसको विकासका अवसरहरु निर्धारण गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

नेपालको पर्यटन क्षेत्र आर्थिक वर्ष २०८१/८२ मा माहामारीपछिको पुनरूत्थानको लागि क्रमिक रूपमा निरन्तर सुधार तर्फ अभिमुख भयो । सो अवधिमा करिब ११ लाख २८ हजार अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमन भएको छ साथै सन् २०२५ को जनवरी देखि सेप्टेम्बर सम्ममा मात्र हवाई मार्गबाट कुल ८ लाख १५ हजार २७३ अन्तर्राष्ट्रिय पर्यटकहरू नेपाल भित्रीएका छन् । क्षेत्रीय सम्पर्क सुदृढीकरण, रणनीतिक प्रवर्द्धनात्मक अभियानहरु र यात्रुहरुको विश्वासमा भएको सुधारले यस क्षेत्रमा भएको निरन्तर विकासलाई प्रतिबिम्बित गरेकोछ । नेपालले साहसिक, सांस्कृतिक, आध्यात्मिक, र वेलनेस पर्यटनका लागि दक्षिण एशियाको अग्रणी गन्तव्यको रुपमा आफ्नो स्थान अझ सुदृढ गराउन निरन्तर प्रयासरत छ ।

सरकारी क्षेत्रबाट पर्यटन प्रवर्द्धनका लागि भएका नीतिगत सुधारहरुले पर्यटन उद्योगलाई थप गति प्रदान गरेका छन् । पर्यटन नीति २०२५ ले दिगो पर्यटन विकास, पर्यटक सुरक्षा, पर्यटकीय क्षेत्रको व्यवस्थापन, पर्यटकलाई प्रदान गरिने सेवाको गुणस्तरीय सुधार गर्दै समग्र पर्यटनलाई मूल्य श्रृंखला भित्र पनि प्राथमिकतामा नै राखिएको छ । यसलाई परिपूरक बनाउँदै, नेपाल सरकारद्वारा घोषीत **"नेपाल भ्रमण दशक (२०२३-२०३२)"** अभियानले नयाँ गन्तव्यहरुको प्रवर्द्धन, पर्यावरणमैत्री पर्यटन, र सामुदायमा आधारित पर्यटनलाई प्रोत्साहन दिँदै दीर्घकालीन रूपमा क्षेत्रीय सुदृढता स्थापित गर्दै अगाडि बढाउने लक्ष्य राखेको छ । यी रणनीतिक पहलहरुले अन्तर्राष्ट्रिय हवाई मार्गहरुको विस्तार, प्राथमिक श्रोत बजारहरुमा लक्षित बजार प्रवर्द्धनका प्रयासहरु र पर्यटनद्वारा सञ्चालित आर्थिक बृद्धिमा समुदायको सशक्त सहभागिताले थप सुदृढ पारेका छन्।

महत्वपूर्ण पूर्वाधार लगानीहरुले पहुँच र सम्पर्क सञ्जालमा उल्लेखनीय सुधार ल्याएका छन् । पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा सञ्चालनमा आएसँगै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंमा भइरहेको आधुनिकीकरण प्रक्रियाले नेपालको हवाई क्षमतालाई अभिवृद्धि गर्नुको साथै सुदृढ गरेको छ । यसले अन्तर्राष्ट्रिय यात्रुहरुका लागि प्रवेश बिन्दुहरु विस्तार गरेको छ र प्रमुख पर्यटन क्षेत्रहरुमा पुग्ने पहुँचमा उल्लेखनीय सुधार ल्याएको छ ।

नेपाली सांस्कृति तथा विभिन्न जातजातीहरूले मनाउने विविध चाडपर्व लक्षित पर्यटन नेपालको पर्यटन क्षेत्रको आकर्षणको मूल आधारका रुपमा रहेको छ । सम्पदा पुनःस्थापना र परम्परागत चाडपर्वहरुको पुनरूत्थानले मौसमी पर्यटकहरूको आगमनलाई आकर्षित गर्न मद्दत पुऱ्याएका

छन् । त्यसैगरी, आतिथ्य उद्योगमा दिगोपनाका विश्वव्यापी मापदण्डहरु समानान्तर रूपमा अघि बढ्दैछन् । होटल तथा रिसोर्टहरुले वातावरणीय सन्तुलनमा योगदान दिन सक्ने प्रविधिहरू अपनाउने, प्लास्टिकको प्रयोग न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने र स्थानीय उत्पादन तथा सेवाको खरिद गर्ने अभ्यासलाई अवलम्बन प्रति सचेत पर्यटकहरुको अपेक्षाहरुलाई पुरा गर्ने प्रयास गरिरहेका छन् । समावेशी आर्थिक बृद्धिलाई प्रवर्द्धन गर्दै परम्परागत मार्ग भन्दा परका गहिरा र महसुस गर्न सक्ने अनुभवहरू प्रदान गर्न ग्रामिण तथा सामुदायिक पर्यटनका पहलहरु पनि तीव्र गतिमा अघि बढिरहेका छन् ।

डिजिटल रुपान्तरणले आतिथ्य र पर्यटन क्षेत्र अझ सशक्त बन्दै गएको छ । व्यवसायहरुले प्रतिस्पर्धात्मकता र ग्राहक अनुभवमा सुधार गर्नका लागि अनलाईन बुकिङ प्रणालीहरु, सम्पर्करहित भुक्तानी प्लेटफर्महरु, भर्चुअल उपकरणहरूको प्रयोगलाई सुदृढ गरि पाहुनाहरूको सेवामा स्वचालित सहायता र तथ्याङ्कमा आधारित बजार रणनीतिहरु अवलम्बन गर्न सहजीकरण गर्दै लगेका छन् ।

तथापी, बाह्य र आन्तरिक चुनौतीहरुले पर्यटन क्षेत्रको भावना तथा मनोबलमा प्रभाव पारेका छन् । सन् २०२५ को सेप्टेम्बरमा भएको "जेन-जेड प्रदर्शन" सहितका हालैका राजनीतिक तथा नागरिक क्षेत्रमा भएका अशान्तिहरु र त्यसबाट उत्पन्न भएका हिंसात्मक प्रदर्शन, जनधनको क्षतिका साथै सार्वजनिक पूर्वाधारमा भएका क्षतिले राजनीतिक अस्थिरतालाई अझ बढाएको छ । वर्तमान परिप्रेक्षमा पर्यटकहरुले अल्पकालीन जोखिम सिर्जना भएको महशुस गरेका छन् । यस्ता घटनाहरुले पर्यटकहरुको विश्वासमा प्रतिकूल असर पार्ने मात्र होइन, आतिथ्य क्षेत्रमा यात्रा पर्यटन सञ्चालन, आपूर्ति श्रृंखलामा अवरोध र आतिथ्य क्षेत्रका सेवा प्रवाहमा समेत अवरोध उत्पन्न गर्न सक्दछन् । त्यसैगरी, पूर्वाधारको अभाव, नियामक निकायहरूद्वारा प्रदान गरिने सेवामा ढिलाइ र मौसमी जोखिमले पनि यस क्षेत्रको कार्यसम्पादनमा असर पारिरहेका छन् । राजनीतिक अस्थिरताले विशेषत: यातायात र पर्यटन पूर्वाधार विकाससँग सम्बन्धित दीर्घकालीन परियोजनाहरूमा असर पुऱ्याउनुका साथै पर्यटन नीतिहरुको आवश्यक परिमार्जन र कार्यान्वयनमा बाधा पुऱ्याउने सम्भावना पनि रहेको छ ।

उल्लेखित चुनौतीहरुका बाबजुद पनि नेपालको पर्यटन उद्योगको समग्र दृष्टिकोण सकारात्मक नै रहेको छ । रणनीतिक पूर्वाधारमा लगानी, दिगोपन केन्द्रित पहलहरु, तथा क्षेत्रीय र विश्वव्यापी पर्यटन मागमा देखिएको निरन्तर वृद्धिले यस क्षेत्रको विस्तारलाई लगातार सहयोग प्रदान गरिरहेको छ । होटेल तथा आतिथ्यता सम्बन्धी व्यवसायीक स्थायित्व, पाहुनाको सुरक्षा सुनिश्चितता गर्नु, सेवा गुणस्तरमा सुधार ल्याउनु, दिगोपनालाई सुदृढ पार्दै डिजिटल नवप्रवर्तनको प्रभावकारी प्रयोग गर्नु र सरकारी निकायहरुसँग सक्रिय समन्वय कायम गर्नु अत्यावश्यक रहेकोछ । यी उपायहरु मार्फत परिवर्तनशील जोखिमहरु लाई सामना गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बजारमा देखिएका नयाँ अवसरहरु को अधिकतम उपयोग गर्न सक्नेछन् ।

### प्रतिवेदनको मितिमा चालू आर्थिक बर्षको कार्यसम्पादन र भविष्यको दृष्टिकोण

चालु आर्थिक वर्ष २०८२/८३ को २०८२ आश्विन १४ सम्म को अवधिमा (सन् २०२५ सेप्टेम्बर ३० सम्म) यस होटेलले कूल रू. ५२.१५६ करोड आम्दानी गर्न सफल भएको छ । जुन अघिल्लो वर्ष सोही अवधिमा ५१.७९९ करोड थियो । यस अवधिमा रूम अकुपेन्सी दर ५२% रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ६४% थियो । औसत रूम रेट (ARR) रू. ९,०८० र कोठा उपलब्धता प्रति कोठा आम्दानी (RevPAR) रू. ४,७६८ रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा क्रमश: रू. ९,४९६ र रू. ६,०३२ थियो ।

### उत्पादन तथा सेवाको स्तरोन्नति

होटेलमा पाल्नुहुने अतिथि पाहुनाहरूलाई अतुलनिय अनुभव प्रदान गर्ने होटेलको रणनीतिक लक्ष्य अनुरूप, होटेलले लक्जरी आतिथ्य क्षेत्रमा अग्रणी बिशिष्टतापुर्ण प्राप्त स्थानलाई अझ सुदृढ बनाउने उद्देश्य तर्फ होटेललाई परिलक्षित गर्दै विस्तृत पुनःनिर्माण तथा स्तरोन्नती सम्बन्धी परियोजनाहरूको श्रृंखलालाई निरन्तर कार्यान्वयन गरिरहेको छ । कम्पनीका स्तरोन्नती सम्बन्धी परियोजनाहरूले आरामदायी सुविधा र उत्कृष्ट सेवाको उच्चतम स्तर कायम राख्ने कम्पनीको अटुट प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछन । स्तरोन्नती सम्बन्धी परियोजनाहरू तल प्रस्तुत गरिएको छ ।

१. **बिस्तारित सवारी पार्किङ सुविधा**

होटेलको विद्यमान सवारी पार्किङ सुविधाका अतिरिक्त, अत्याधुनिक **"अटोमेटेड पजल कार पार्किङ सिस्टम"** निर्माण तथा जडान गर्ने कार्य हाल भइरहेको छ । यो अत्याधुनिक स्वचालित कार लिफ्ट प्रणालीले भर्टिकल स्ट्याकिङ र होरिजेन्टल गतिशीलता प्रयोग गरी उपलब्ध जग्गाको अधिकतम उपयोग सुनिश्चित गर्नेछ । यस अटोमेटेड पजल कार पार्किङ सिस्टमको क्षमता ११२ वटा सवारी साधन पार्क गर्न सकिने रहेको छ । यस परियोजनामा उल्लेखनीय प्रगति भइसकेको छ र यसले होटलको सवारी पार्किङ क्षमतामा ठूलो सुधार ल्याउने छ ।

साथै, पुरानो कर्पोरेट अफिस भवन भत्काई उपलब्ध स्थानलाई पनि अतिरिक्त सवारी पार्किङ क्षेत्रको रूपमा निर्माण गरिनेछ, जसले थप ६८ वटा सवारी साधनहरुका लागि विस्तारित पार्किङ स्थान उपलब्ध गराउने छ। विस्तारित सवारी पार्किङ सुविधा पश्चात् होटेलको सवारी पार्किङ सुविधाको कुल क्षमतामा बृद्धि गर्ने मात्र नभई यसबाट सवारी आवागमन र अतिथि पाहुनाहरूको प्रवेश व्यवस्थापनलाई समेत सुव्यवस्थित बनाउने छ। यो व्यवस्थाले, लक्जरी आतिथ्यका मापदण्ड अनुसार अतिथि पाहुनाहरूलाई अझ संगठित, सहज, र विशिष्ट आगमन अनुभूति प्रदान गर्नेछ। अटोमेटेड पजल कार पार्किङ सिस्टम होटेलको पूर्वाधारमा गरिएको एक रणनीतिक स्तरवृद्धि हो, जसको उद्देश्य अतिथि पाहुनाहरुको बदलिंदो आवश्यकताहरु पूरा गर्नुका साथै ठूला समारोह, कार्यक्रम तथा सम्मेलनहरुलाई प्रभावकारी रुपमा सहयोग पुऱ्याउनु रहेको छ।

२. **विशेष परियोजनाको भण्डार सुविधाहरु**

होटेलले हाल निर्माणाधिन रहेको तथा नयाँ परियोजनाहरूको सहज कार्यान्वयिन सुनिश्चित गर्न विस्तारित पार्किङ क्षेत्र र परियोजना स्टोर निर्माण गरेका छौं। यो नयाँ सुविधाले परियोजना सामग्री तथा उपकरणहरुको एकै स्थानमा भण्डारण गर्न सहज भएको छ। साथै, यस अघि विभिन्न स्थानमा रहेका सामाग्री तथा उपकरणहरूले अत्याधिक ठाउँ ओगटेमा यो परियोजना पछि थोरै ठाउँमा व्यवस्थित रूपमा समेटेर भण्डारण गरिएको छ। एकल स्टोर भवन निर्माणले सञ्चालन क्षमता र साईट व्यवस्थापनमा उल्लेखनीय सुधार भएको छ।

उक्त स्टोरका टहराहरू भत्काएर बाँकी रहेको स्थानलाई पार्किङ क्षेत्र विस्तार गर्न पुनःविकसित गरिएको छ जसले सवारीसाधन पार्किङ क्षमतामा बृद्धि गर्दै पाहुना तथा आगन्तुकहरुको सवारी साधन पार्किङ्ग सुविधा अभिबृद्धि गरिएको छ। यस किसिमको स्तरोन्नतीले होटेलमा भएको ठाउँलाई अधिकतम उपयोग गर्ने र होटलको पूर्वाधारको समग्र कार्यक्षमतालाई सुदृढ गर्ने यस होटेलको निरन्तर प्रतिबद्धतालाई कार्यान्वयिनको रूपमा प्रस्तुत गरेको छ।

३. **सम्मेलन सुविधाहरूको विस्तार र स्तरवृद्धिः**

होटेलका सभासम्मेलन कक्ष सुविधाहरु विस्तार तथा स्तरवृद्धि गर्ने योजनाको एउटा हिस्साको रुपमा, विद्यमान मेघा मल्हार सम्मेलन कक्ष नजिकै जोडेर एउटा नयाँ सम्मेलन कक्ष निर्माण भइरहेको छ। उक्त परियोजनाको सम्मेलन कक्षको जमिन तहभन्दा माथिल्लो भागको संरचनात्मक कामहरू नियमित रूपमा भइरहेको छ। यो परियोजना विस्तार पछि वर्तमान सुविधामा करिब ४,००० वर्गफुटको सभा सम्मेलन क्षेत्र थपिने छ। जुन हाल भएको मेघा मल्हार सम्मेलन कक्ष देखी प्रिन्सेप विङ्ग ब्लक भवन सम्म फैलिने छ। साथै, विद्यमान मञ्जरी हललाई समेत एकिकृत र विस्तृत लेआउटका रूपमा एकीकृत गर्नेछ। साथै, पछाडिको भागतर्फ मञ्जरी हलको विस्तारबाट मञ्जरी हलमा थप १,१०० वर्गफुट क्षेत्र थपिने छ। यसले गर्दा स्थलगत क्षमतामा बृद्धि गर्ने र बास्तुकलाको सुसंगततालाई समेत सुधार गर्नेछ। परियोजनामा नयाँ अत्याधुनिक प्री-फंक्शन क्षेत्र समेत भएको छुट्टै ब्लक पनि निर्माण भइरहेको छ। जसले विस्तारित हलमा सुन्दर र सहज प्रवेशलाई सुनिश्चित गर्नेछ। समग्र स्तरवृद्धिको एउटा भागको रुपमा, मेघा मल्हार हलको सौन्दर्य बढाउने र आधुनिक भव्यता प्रदान गर्ने उद्देश्यले व्यापक पुर्नसज्जा र स्तरोन्नती गरिनेछ। सम्मेलन हलका दुबै छेउका लाउन्जहरु पनि कलात्मक रूपमा डिजाइन गरि अतिथि पाहुनाहरूलाई एकीकृत सेवा सुविधाको अनुभव सुनिश्चित गर्न पुर्ननिर्माण गरिनेछ। उक्त पुर्ननिर्माणको काम पूरा भएपछि प्रितिभोज, सभा सम्मेलनकक्षको वातावरणलाई पुर्नपरिभाषित गर्नेछ। जसबाट उक्त हलको क्षमता विस्तार, आधुनिक तथा लक्जरी आतिथ्य स्थलको अनुभव प्रदान गर्नका साथै उक्त स्थान उच्चस्तरीय कार्यक्रम, समारोह, सम्मेलन, सेमिनार तथा भव्य उत्सवहरुको लागि उपयुक्त हुनेछ।

४. **प्रिन्सेप विङ भवनको स्तरोन्नती सहितको पुनर्निर्माण :**

होटेलको प्रिन्सेप विङ भवनको स्तरोन्नती सहितको पुर्ननिर्माण गर्ने कार्य होटलको विलासिता र आरामका मापदण्डहरुलाई पुर्नपरिभाषित गर्ने उद्देश्यले अघि बढाइएको एउटा महत्वपूर्ण परियोजना रहेको छ। यस परियोजना अन्तर्गत, प्रिन्सेप विङ भवनको पहिलो तला बाहेक सबै अतिथि कक्ष पुर्ननिर्माण गरिनेछ, जस अन्तर्गत कोठाहरुको आन्तरिक क्षेत्रफल बृद्धि गर्दै अन्तर्राष्ट्रिय लक्जरी डिलक्स स्तरको कोठाको पुर्ननिर्माण गरिनेछ। अत्याधुनिक डिजाइन र प्रविधि समावेश गरी खुलापन, आराम सहितको परिष्कृत सौन्दर्यपूर्ण कोठाहरू सहितको अतिथि सेवा सुविधा प्रदान गर्ने उद्देश्य राखि रूपान्तरण गरिनेछ।

विलासीता अभिरूची लक्षित अतिथी पाहुनाहरुको चाहना अनुरूप हरेक दृष्टिकोणले शाश्वत् सुन्दरतालाई सोल्टी होटेलको विशिष्टता र पहिचान अनुरूप रहने गरी सुमधुर रुपमा संयोजन गर्न यो पुर्ननिर्माणको कार्यको लागि अन्तर्राष्ट्रिय ख्यातिप्राप्त इन्टीरियर डिजाइनरबाट

होटेलको आन्तरिक कोठाहरूको डिजाइन गरिएको छ। पुर्नडिजाइन गरिएका अतिथि कोठाहरुले अत्याधुनिक सुविधा, परिष्कृत फिनिशिङ र एउटा समुन्नत स्थानीय अनुभव प्रस्तुत गर्नेछन्, जसले आधुनिक बिलासितालाई शालीन र सौम्यता सहितको उच्चस्तरीय र प्रभावशालीरूपमा प्रदान गरिने आरामलाई सुसंगत रुपमा एकीकृत गर्नेछ। यो परियोजनाले व्यापक रूपमा गरिने पुर्ननिर्माणले प्रिन्सेप विङका कोठाहरुको सौन्दर्य र अनुभवात्मक गुणस्तरमा उल्लेखनीय रूपमा अन्तर्राष्ट्रिय स्तरको सुधार ल्याई विश्वको अग्रणी आतिथ्य मापदण्डसँग आवद्ध गर्ने छ र पाहुनाको समग्र बसाई अनुभवलाई अझ समृद्ध बनाउनमा सहायक हुनेछ।

होटेलका उत्पादन तथा सेवा सम्बन्धी स्तरोन्नति, पुर्ननिर्माण तथा स्तरवृद्धिको परियोजनाहरूले होटेलको निरन्तर सेवा सुविधा सुधार र पाहुनाहरूका अनुभवको सुदृढीकरण गर्ने योजना प्रति रहेको अटल प्रतिबद्धतालाई स्पष्ट रुपमा दर्शाउँछन्। पूर्वाधार र सेवा दुबै को स्तरोन्नतीबाट होटेलले बिलासिता, आराम, र अविस्मरणीय अनुभवको उत्कृष्ट संयोजन खोज्ने यात्रुहरुका लागि मनपर्ने रोजाइको लक्जरी गन्तव्यको रुपमा आफ्नो स्थानलाई पुर्नस्थापित गर्ने छ। प्रिन्सेप विङ परियोजना सम्पन्न भएपछि यसले विश्वस्तरीय सुविधाहरू र असाधारण बसाइ प्रदान गर्दै एक प्रमुख बिलासिता आतिथ्य गन्तव्यको रूपमा होटलको पहिचानलाई अझ सुदृढ बनाउनेछ।

## पूँजि निवेश विविधीकरण

## सोल्टी हस्पिटालिटी लिमिटेड

कम्पनीले काठमाण्डौं उपत्यका बाहिर कम्पनीको ट्रेडमार्क तथा ब्राण्ड अन्तर्गत स्तरीय होटेलहरू सञ्चालन गर्ने व्यावसायीक रणनीतिक निर्णय गरे अनुसार कम्पनीको पूर्णतः स्वामित्व रहेको कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित सोल्टी हस्पिटालिटी लिमिटेड नामको सहायक कम्पनी संस्थापना गरी उक्त कम्पनीको शेयर पूँजिमा रूपैयाँ २५ करोड लगानी गरेको छ। यसका अतिरिक्त, कम्पनीले सहायक कम्पनी, सोल्टी हस्पिटालिटी लिमिटेडलाई कुल १ करोड २६ लाख ४० हजार रूपैयाँ थप शेयर पूँजिमा लगानी स्वरूप अग्रीम पूँजिनिवेशको लागि भुक्तानी गरिसकेको छ।

### हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि

कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि. (HIPC) मार्फत भोटेकोशी पावर कम्पनी प्रा.लि. (BKPC) मा लगानी गरेको छ। कम्पनीको हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि. (HIPC) को सेयर पूँजीमा ५.९७ प्रतिशत इक्विटी स्वामित्व रहेको छ। सो हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि. ले भोटेकोशी पावर कम्पनी प्रा.लि. (BKPC) मा लगानी गरेको छ, जसले अपर भोटेकोशी जलविद्युत् आयोजना (UBKHEP) को स्वामित्व र सञ्चालन गर्दै आएको छ। हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि. द्वारा जानकारी गराइए अनुसार अपर भोटेकोशी जलविद्युत् आयोजना निरन्तर रुपमा सञ्चालनमा रही राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् आपूर्ति गरिरहेको छ। समिक्षा आर्थिक वर्षको अन्त्य मिति २०८२ असार ३२ (सन् २०२५ जुलाई १६) का लागि HIPC ले प्रतिशेयर रु. ८६ को दरले लाभांश वितरण गरेको थियो र सोही अनुसार सो अवधिमा यस कम्पनीले नगद लाभांश रु. ८५,८१,९७४/- प्राप्त गरेको छ।

### सोल्टी होटेल्स एण्ड रिसोर्ट्स, रणनीतिक आतिथ्य साझेदारी र स्वदेश तथा विदेशमा ब्रान्ड विस्तार

कम्पनीको पूर्णस्वामित्वको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेड मार्फत स्थानीय प्रबर्द्धकहरुसँगको साझेदारीमा संस्थापित संयुक्त निवेशको कम्पनी स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडमा लगानी गरेको छ। उक्त कम्पनीले स्वदेश तथा विदेशमा तारे होटेलहरु व्यवस्थापन र सञ्चालन गरिरहेको छ। स्ट्रीम पीक इन्टरनेशनलले सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडको स्वामित्वमा रहेका ट्रेडमार्क तथा ब्राण्डहरू ट्रेडमार्क लाइसेन्स सम्झौता बमोजिम ब्रान्ड, ट्रेडमार्क, तथा व्यापारिक नाम प्रयोग गरी बिभिन्न लक्जरी तथा तारे होटेलहरुको व्याबस्थापन तथा सञ्चालन गरीरहेको छ।

स्ट्रीम पीक इन्टरनेशनलले नेपालको बिभिन्न प्रमुख शहरहरुमा अवस्थित होटेलहरुको विविध ब्रान्ड, ट्रेडमार्क, तथा व्यापारिक नाममा व्यवस्थापन तथा सञ्चालन गरिरहेको छ। जस अनुसार लुम्बिनी प्रदेशको नेपालगञ्जमा पाँचतार लेड (LEED) प्रमाणित हरित होटल **सोल्टी वेस्टेण्ड प्रिमियर नेपालगञ्ज,** र **टाईगर प्यालेस बाई सोल्टी,** कोशी प्रदेशको इटहरीमा **सोल्टी वेस्टेण्ड इटहरी,** बागमती प्रदेशको भरतपुर चितवनमा **सोल्टी वेस्टेण्ड रिसोर्ट्स चितवन** र भक्तपुरमा **सोल्टी वेस्टेण्ड रिसोर्ट्स नगरकोट,** गण्डकी प्रदेश, पोखरामा **सोल्टी वेस्टेण्ड लेकसाइड पोखरा** र गोरखाको मनकामनामा **सोल्टी वेस्टेण्ड रिसोर्ट्स मनकामना**, तथा मधेश प्रदेशको वीरगञ्जमा **सोल्टी वेस्टेण्ड रिसोर्ट्स वीरगञ्ज** र जनकपुरमा **मिथिला यात्री निवास** व्यवस्थापन तथा सञ्चालन भईरहेका छन।

कम्पनीको दीर्घकालीन व्यावसायीक विस्तार रणनीतिक विकासको लक्ष्य अनुरूप सोल्टी होटल्स एण्ड रिसोर्ट्सले स्ट्रीम पीक इन्टरनेशनल मार्फत

दक्षिण एशिया देखि युरोप सम्म होटल व्यावस्थापन तथा सञ्चालन विस्तार गर्दै अन्तर्राष्ट्रिय उपस्थिति जनाईसकेको छ । यसबाट कम्पनीको अन्तर्राष्ट्रिय स्तरमा होटेल व्यावस्थापन विस्तार गर्ने पर्यटनमा यो एउटा महत्वपूर्ण उपलब्धि तथा कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ ।

होटेल व्यावस्थापनमा अन्तर्राष्ट्रिय उपस्थिति विस्तार गर्ने क्रममा, स्ट्रीम पीक इन्टरनेशनलले जर्मनीको फ्राङ्कफर्ट शहरमा सोल्टी होटल्स एण्ड रिसोर्ट्स ब्रान्ड तथा ट्रेडमार्क अन्तर्गत दुई वटा व्यवसायिक होटलहरु, **सोल्टी वेस्टेण्ड मेसी फ्राङ्कफर्ट र सोल्टी होटल फ्राङ्कफर्ट मेसी** को पनि व्यवस्थापन गरिरहेको छ ।

अन्तर्राष्ट्रिय स्तरमा प्रदान गरिरहेको आफ्नो सेवाको उत्कृष्टता प्रतिको प्रतिवद्धताबाट उत्प्रेरित हुँदै, स्ट्रीम पीक इन्टरनेशनलले रणनीतिक होटल व्यवस्थापन सम्झौताहरु मार्फत नेपाल तथा अन्तर्राष्ट्रिय पर्यटन बजारहरुमा लक्जरी होटेलहरुको व्याबस्थापन विस्तार गर्दै होटेलहरू व्यावस्थापन तथा सञ्चालन गरिरहेको छ ।

**कम्पनीको व्यवसायलाई असर गर्ने प्रमुख कारकहरू**

चालु आर्थिक वर्षमा विश्वव्यापी, क्षेत्रीय र घरेलु क्षेत्रमा रहेका विविध कारकहरुको जटिल पारस्परिक प्रभावबीच नेपालको पर्यटन तथा आतिथ्य क्षेत्रको परिदृश्य निरन्तर विकसित हुँदै गएको छ । विश्वव्यापी रूपमा भएको पर्यटन क्षेत्रको पुनर्स्थापनाको निरन्तरताले अन्तर्राष्ट्रिय अतिथि पाहुनाहरूको आगमनमा सन्तोषजनक अभिवृद्धि भएको छ । यसमा बिशेषगरी भारत, चीन र युरोपबाट आउने पर्यटक यात्रुहरुका लागि सुधारिएको हवाई तथा भौतिक पहुँच र सकारात्मक पर्यटन धारणाले थप सशक्त बनाएको छ । यस प्रवृत्तिले होटल उद्योगको बिकासको दृष्टिकोणलाई थप मजबुत बनाएको छ । तथापी, बुटिक होटलहरु, इको-रिसोर्टहरु र अन्तर्राष्ट्रिय आतिथ्य ब्रान्डहरुको नेपाली पर्यटन बजारमा प्रवेशसँगै आन्तरिक प्रतिस्पर्धा तीव्र बनेको छ । जसको कारण उद्योगमा थप नयाँ चुनौतीहरु परिलक्षित भएका छन् ।

नेपालको समष्टिगत आर्थिक स्थिरताले व्यवसायिक सञ्चालनका लागि सहयोगी बातावरण प्रदान गरेको छ । विश्वव्यापी रूपमा भएको मुद्रास्फीतिको दबाब र विनिमय दरको अस्थिरताले पर्यटकहरुको खर्च गर्ने क्रियाकलाप र बुकिङ प्रवृत्तिहरुमा निरन्तर प्रभाव परिरहेको छ । पूर्वाधार विकासका क्षेत्रमा भएका प्रगतिहरु, विशेषगरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन प्रारम्भ, साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सुधारात्मक कार्यहरुले प्रमुख पर्यटन गन्तव्यहरु सम्मको पहुँचलाई उल्लेखनीय रुपमा सहज बनाएका छन् । यी सुधारहरुले होटलहरुको ओक्युपेन्सी दर बढाउन र पर्यटकरहरूको मागको क्षेत्रीय वितरणलाई सन्तुलित बनाउन महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

बातावरणीय दिगोपन आथित्य उद्योगको प्रतिस्पर्धात्मक परिदृश्यको केन्द्रीय तत्व बनेको छ । जलवायु परिबर्तनको बढ्दो प्रभाव र पर्यटक यात्रुहरुबीच बढ्दो सचेतनाले होटलहरुलाई बातावरणमैत्री सञ्चालन प्रणाली अपनाउन, नवीकरणीय ऊर्जाको प्रयोग गर्न, र फोहर व्यवस्थापन तथा न्यूनिकरणका उपायहरु लागू गर्न अझै तिव्र दवाव सहित अत्यावश्यक बनाएको छ । दिगो बातावरण मैत्री पर्यटक यात्रुहरुको विश्वव्यापी समूहलाई आकर्षित गर्न व्यावसायिक अभ्यास प्रतिको प्रतिवद्धता मुख्य आधार बनेको छ ।

तिव्रगतिमा अघि बढिरहेको प्राविधिक प्रगतिहरुले सम्पूर्ण पर्यटन क्षेत्रका अतिथिहरुको अनुभवलाई रुपान्तरण गरिरहेका छन् । सञ्चालन तथा व्यावस्थापन दक्षता बढाउन र ग्राहकसँगको सम्बन्ध सुदृढ गर्नको लागि डिजिटल बुकिङ प्लेटफर्महरुको व्यापक प्रयोग र डेटा विश्लेषणको प्रयोग अत्यावश्यक बनेको छ । यस्ता डिजिटल नवप्रवर्तन र स्मार्ट प्रविधिहरुको उपयोग गर्ने होटलहरु सेवा-केन्द्रित बजारमा प्रतिस्पर्धात्मक अग्रता कायम गर्न थप सक्षम अवस्थामा रहेका छन् ।

नेपालको राजनीतिक स्थायित्व अझै पनि नाजुक अवस्थामै रहेको छ । सन् २०२५ को सेप्टेम्बर महिनामा देशले व्यापक प्रदर्शन, तोडफोड र राजनीतिक अशान्तिबाट उल्लेखनीय रूपमा अस्थिरताको अनुभव गरेको थियो । जसको कारण व्यवसायिक बातावरणमा, विशेषगरी आतिथ्य क्षेत्रमा थप अनिश्चितता बढाएको छ । भविष्यमा पुन: अशान्ति वा अवरोध उत्पन्न हुने सम्भावनाले लगानीकर्ताको मनोबल, पर्यटन प्रतिको विश्वास र आतिथ्य उद्योगभित्रको सञ्चालन निरन्तरतामा महत्वपूर्ण जोखिम उत्पन्न गर्ने सम्भावना देखिन्छ ।

समग्रमा, आर्थिक वर्ष २०८२/८३ कम्पनीका लागि अवसर र चुनौती दुवै लिएर आएको छ । होटेलको अनुकूलन क्षमता, प्राविधिक प्रगतिशीलता र बातावरण प्रतिको उत्तरदायित्वमा होटेलको दीर्घकालीन प्रगति निर्भर रहनेछ । साथै, विश्वव्यापी पर्यटन रूचि र अपेक्षा अनुसार अतिथिहरुलाई विशिष्ट र स्मरणीय अनुभव प्रदान गर्न निरन्तर सक्षम रहनु पनि होटेलको निरन्तर विकाशको प्रमुख आधार हुनेछ ।

**संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरू**

कम्पनी संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरुमा अग्रपंक्तिमा रहँदै आएको छ । कम्पनीका संस्थागत सामाजिक उत्तरदायित्व

गतिविधिहरुको मुख्य उद्देश्य कम्पनीको सञ्चालन क्षेत्र वरिपरिका समुदायहरुको दिगो विकास सुनिश्चित गर्नु र नेपाली समाजको समग्र हितमा सहयोग पुऱ्याउनु हो । व्यवसायिक क्षमताको सदुपयोग गरी त्यस भेगका नागरिकहरुको जीवनस्तर सुधार गर्ने र स्थानीय समुदाय तथा समग्र समाजमा योगदान पुऱ्याउने माध्यमबाट दिगो जीवनशैली प्रवर्द्धन गर्नको लागि कम्पनीका सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु केन्द्रित रहेका छन् ।

आफ्ना संस्थागत सामाजिक उत्तरदायित्व पहलहरुको हिस्सा स्वरुप, कम्पनीले सरकारी सार्वजनिक विद्यालयका विद्यार्थीहरुको नेपाली भाषा शिक्षालाई सुधार गर्न अडियो-भिजुअल सिकाइ सामग्रीहरुको उत्पादन र वितरणमा योगदान पुऱ्याएको छ । यी सामग्रीहरु निम्न माध्यमिक विद्यालयहरुको राष्ट्रिय पाठ्यक्रमसँग सुसंगत रुपमा विकास गरिएका थिए र उक्त सामाग्रीहरू नेपालका लुम्बिनी, बागमती र मधेश प्रदेशका ८६ वटा सरकारी सार्वजनिक माध्यमिक विद्यालयहरुमा वितरण गरिएका छन् ।

त्यसका साथै, कम्पनीले स्थानीय निकायहरुसँगको समन्वयन र सहकार्यमा सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ, जसमा ललितपुर जिल्लाका सरकारी सार्वजनिक माध्यमिक विद्यालयहरु र बागमती प्रदेश, काठमाडौं जिल्लामा अवस्थित एक सार्वजनिक कलेज समावेश छन् ।

कम्पनीले होटल वरिपरिको समुदायलाई निरन्तर सहयोग गर्दै आएको छ र स्थानीय सरकारका निकाय तथा नजिकका प्रहरी चौकीहरुसँग मिलेर समुदायको सुरक्षा, सेवा र विकास सम्बन्धी पहलहरुको कार्यान्वयन गर्दै आएको छ । यसअन्तर्गत विभिन्न क्षेत्रहरूमा सि सि टिभी क्यामेरा जडान तथा स्थापना, वृक्षरोपण कार्यक्रम, सामाजिक सचेतना अभियानहरु, सडक बत्ती व्यवस्थापन, आदि समावेश छन् । संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी सबै कार्यहरुलाई सामाजिक उत्तरदायित्वसंग सम्बन्धित नियमावलीको पूर्ण पालना गर्दै सञ्चालन गरिन्छ ।

## दिगोपनको लागि होटेलको प्रयास

दी सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटल्स दिगोपन प्रतिको प्रतिबद्धता केवल नियमहरुको पालनामा मात्र सीमित छैन । स्थानीय समुदाय र पर्यावरणीय प्रणाली दुवैमा सकारात्मक प्रभाव सिर्जना गरी होटेलले उत्तरदायी श्रोत व्यवस्थापन र वातावरणीय संरक्षण प्रति अडिग प्रतिवद्ध भई कार्य गरिरहेको छ । लक्जरी आतिथ्य सेवा प्रकृतिसँगको मेलमिलापमा नै अवस्थित हुन्छ भन्ने होटेलको विश्वास रहेको छ । त्यसै अनुसार, होटेलले आफ्नो पारिस्थितिक प्रभाव (एकोलोजीकल पदचिन्ह) न्यूनीकरण गर्दै अतिथिहरुको बसाई अनुभवलाई समग्र रुपमा सुधार गर्ने लक्षित व्यापक पहलहरु कार्यान्वयन गरेको छ ।

जसले वातावरण संरक्षण र सेवा  प्रदान गरिने समुदायहरुको भलाइका लागि अर्थपूर्ण योगदानको सुनिश्चित गर्ने गरी होटेलको सञ्चालनका सबै पक्षमा दिगोपनका अभ्यासहरु समाहित गरिएका छन् । दिगोपनका लागि गरिने प्रमुख पहलहरुमा नवीकरणीय ऊर्जामा महत्वपूर्ण लगानीहरु समावेश रहेका छन्, जस्तै ५०६ किलोवाट क्षमताको सौर्य ऊर्जा प्रणालीको स्थापना, जसले जीवाश्म इन्धनमा निर्भरता घटाउने र कार्बन उत्सर्जन कम गर्न उल्लेखनीय योगदान पुऱ्याउँछ । अन्य उपायहरुमा पानीको कुशल व्यवस्थापन, फोहर घटाउने प्रयासहरु, र वातावरणीय सचेतना प्रवर्द्धन गर्न लक्षित समुदायको संलग्नता कार्यक्रमहरु समावेश छन् ।

यी पहलहरुले दिगो आतिथ्य प्रवर्द्धनमा कम्पनीको नेतृत्व र हरित भविष्य निर्माणप्रति यसको निरन्तर प्रतिबद्धतालाई स्पष्ट रुपमा प्रस्तुत गर्छन् । दिगोपनका लागि गरिने प्रमुख पहलहरु तल विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

### १. दिगो सौर्य प्यानल उर्जा:

होटेलले दिगो लक्जरी आतिथ्यप्रतिको प्रतिबद्धता देखाउदै, प्रमुख सौर्य ऊर्जा कम्पनी घाम पावरसँगको सहकार्यमा ५०६ किलोवाट क्षमताको सौर्य ऊर्जा प्रणाली स्थापना गरेको छ । यस सौर्य ऊर्जा पहलले उपलब्ध छाना र पार्किङ क्षेत्रको प्रयोग गरी नवीकरणीय ऊर्जा संकलन गर्दछ, जसले आगामी १४ वर्ष सम्ममा बिजुलीको उपभोगलाई घटाउने अपेक्षा गरिएको छ । यस बाहेक, यस पहलले करिब ९९५ टन कार्बन उत्सर्जन कम गर्ने अनुमान रहेको छ, जसले कम्पनीको सफा र दिगो भविष्य प्रवर्द्धन गर्ने लक्ष्यमा उल्लेखनीय प्रगति सुनिश्चित गर्नेछ ।

वातावरणीय लाभ बाहेक, कम्पनीले बिजुली लागतमा करिब २५% कटौती गर्ने अपेक्षा राखेको छ । यस दिगोपन पहलहरुले आर्थिक दृष्टिले पनि महत्वपूर्ण लाभ दिन सक्ने देखाउँछ । सौर्य ऊर्जा अपनाएर दी सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटल्सले आतिथ्यता सम्बन्धी उद्योगमा उदहारण स्थापित गर्ने र अन्य संस्थाहरुलाई वातावरणीय रूपमा जिम्मेवार पुर्ण अभ्यास अपनाउन प्रेरित गर्ने छ भनी विश्वास लिइएको छ ।

## २. पानी बोटलिङ्ग प्लाण्ट

होटेलको अत्याधुनिक खानेपानी बोटलिङ्ग प्लान्टले दिगोपन र अतिथि सन्तुष्टिमा गरिएको महत्वपूर्ण लगानीको प्रतिनिधित्व गर्दछ । सम्बन्धित स्थानमा नै पानी शुद्ध पारेर बोटलिङ्ग गर्ने प्रक्रियाले वातावरणीय प्रदूषण रोक्नमा महत्वपूर्ण योगदान पुऱ्याउन प्लास्टिक बोटलमा होटेलको निर्भरता हटाएको छ । यस पहलले पाँच तारे-स्तरको होटलहरुबाट पानीको प्लास्टिक बोटल हटाउने सरकारी नीति सँग पनि पूर्णरुपमा अनुरुपता कायम राख्नेछ ।

यस पहलले बोटलमा पानी ढुवानी गर्दा हुने कार्बन पदचिन्ह कम गर्नुका साथै अतिथिहरुलाई होटल परिसर भित्रै सजिलै उपलब्ध ताजा र शुद्ध पानीको पहुँच सुनिश्चित गर्दछ । प्रयोग गरिने ग्लास बोटलहरु प्राकृतिक सामग्रीबाट निर्माण गरिएका छन् र बिपीए वा फ्थालेट जस्ता हानिकारक रासायनिक पदार्थहरुबाट मुक्त छन्, जसले मानव स्वास्थ्य र वातावरण दुवैमा जोखिम घटाउँछ । होटेलको आफ्नै पानी बोटलिङ्ग प्लाण्टबाट बोटलमा पानी उत्पादन गरेबाट होटेलले प्लास्टिक फोहोर न्यूनीकरणमा महत्वपूर्ण प्रगति गरेको छ र समग्र अतिथि अनुभवलाई समेत सुधार गर्न सहायक भएको छ ।

## ३. हाउसकिपिङमा दिगो अभ्यास

होटेलको हाउसकीपिङ्ग विभागले फोहोर घटाउने र महत्वपूर्ण श्रोत संरक्षणमा केन्द्रित विविध नवप्रवर्तनशील दिगोपन अभ्यासहरु लागू गरेको छ । बल्क डिस्पेन्सर बोटलहरुको व्यवस्थाले प्लास्टिक फोहोरलाई उल्लेखनीय रुपमा घटाएको छ । साथै व्यक्तिगत साबुनको सट्टा डिस्पेन्सरको प्रयोगले स्रोतहरुको अधिक कुशल उपयोग सुनिश्चित गरेको छ ।

होटलका लिनेन (linen) पुनः प्रयोग कार्यक्रमले अतिथिहरुलाई आफ्नो लिनेन र टाँवलहरु एक दिन भन्दा बढी प्रयोग गर्न उत्प्रेरित गर्दछ, जसले दैनिक लाखौं ग्यालन पानी बचत गर्न र ग्रेवाटर उत्पादन घटाउन मद्दत गर्छ । मिटिङ र कार्यक्रमहरुमा जग र काराफ (Jugs and Carafes) मा पानी उपलब्ध गराउनका लागि पानी रिफिल स्टेशनहरुको व्यवस्था गरिएको छ, जसले एकपटक प्रयोग हुने बोटलको निर्भरतालाई कम गरेको छ । यसले होटेलको वातावरणीय दिगोपन प्रतिको प्रतिबद्धतालाई सुदृढ बनाएको छ ।

यी दिगोपन अभ्यासका पहलहरुले वातावरणीय क्षेत्रमा सकारात्मक योगदान पुऱ्याउने मात्र नभएर सञ्चालन दक्षता र अतिथिहरूको सन्तुष्टिलाई पनि सुधार गरेको छ । जिम्मेदारीपूर्ण आतिथ्य अभ्यास प्रतिको कम्पनीको प्रतिवद्धतालाई समेत प्रतिबिम्बित गर्दछन् ।

## ४. फोहोर व्यवस्थापन

होटेलले श्रोतमा फोहोर छुट्याउने प्रणालीमा आधारित व्यापक फोहोर व्यवस्थापन कार्यक्रम सुरू गरेको छ । यो व्यवस्थाले फोहोरको प्रकार र मात्रा सही तरिकाले छुट्याउन सहज बनाई फोहोर उत्पादनलाई कम गर्ने लक्षित प्रयासहरुलाई सहयोग पुऱ्याएको छ । खानाको फोहोर घटाउनु र एकपटक प्रयोग हुने प्लास्टिक माथिको निर्भरतालाई कम गर्नु यसका मुख्य प्राथमिकताहरु रहेका छन् ।

यी लक्ष्यहरु प्राप्त गर्न, स्थलमै कम्पोस्टिङ्ग सुविधा स्थापना गर्ने योजना अघि बढाइएको छ । यस प्लान्टले खाना फोहोर, बगैंचाको फोहोर, र कागज जस्ता कम्पोस्ट योग्य सामग्रीलाई सुधार गरी होटलको बगैंचा र ग्रीनहाउसमा प्रयोगका लागि जैविक, रासायन रहित मल उत्पादन गर्ने लक्ष्य लिएका छौं । यो पहल फोहोरलाई मूल्यवान स्रोतमा परिणत गरेर दिगोपनलाई बढाउने क्लोज्ड लूप दृष्टिकोणको एक उदाहरण हो ।

यी उपायहरुका माध्यमबाट होटेले आफ्नो वातावरणीय पदचिन्हलाई घटाउने, सञ्चालन दक्षता सुधार्ने र दिगो अभ्यासप्रति निरन्तर प्रतिवद्धता सुदृढ गर्ने लक्ष्य राखेको छ ।

## ५. विद्युतीय सवारी साधन र चार्जिङ स्टेशन

होटेलले वातावरण मैत्री प्रदुषण रहित यातायातको प्रवर्द्धन गर्ने सामाजिक उत्तरदायित्वबाट अभिप्रेरित भई अतिथी पाहुनाहरूलाई विद्युतीय सवारी साधन प्रयोग गर्न प्रोत्साहन गर्ने उद्देश्यले होटेल परिसरमा विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेशनहरु स्थापना गरेको छ । यो पहलले परम्परागत पेट्रोलियम पदार्थबाट सञ्चालित सवारी साधनबाट विद्युतीय विकल्पमा रुपान्तरणलाई सहयोग गर्ने तथा हरितगृह ग्यास उत्सर्जनमा उल्लेखनीय रूपमा कमी ल्याउनको लागि पनि योगदान पुऱ्याउँनेछ ।

विद्युतीय सवारी साधनको प्रयोग र विद्युतीय सवारी साधन चार्जिङ्ग सुविधा उपलब्ध गराएर, होटेलले अतिथि पाहुनाहरुलाई आफ्नो बसाई अवधिमा वातावरण सचेत यातायात विकल्प अपनाउन सशक्त बनाएर सुविधा र दिगोपन दुवैमा वृद्धि गर्नेछ । यस प्रतिवद्धताले विश्वव्यापी दिगोपन लक्ष्य सँग मेल मात्र नभएर बढ्दो संख्यामा वातावरण सचेत यात्रुहरुको आवश्यकता पुरा गर्दै अतिथि पाहुनाहरूको अनुभवलाई समृद्ध बनाउँने लक्ष्य लिएका छौं ।

### ६. स्थानीय उत्पादन विक्रेतालाई सहयोग

होटलका सेवा तथा उत्पादनहरुमा नेपालमा उत्पादित तथा निर्मित उत्पादनहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले सक्रीय रुपमा स्थानीय विक्रेताबाट होटेलमा खपत हुने सामग्रीहरूको खरिदलाई प्राथमिकता दिएको छ। उच्च गुणस्तरका मापदण्डहरुको पालनालाई सुनिश्चित गरी समुदाय भित्रको सिल्पकला र व्यवसायहरुलाई सहयोग गरेर स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने तर्फ उन्मुख रहेको छ। स्थानीय निर्मित बस्तुको खरिदलाई जोड दिँदै होटेलले लामो दूरीको ढुवानीसँग सम्बन्धित वातावरणीय प्रभावलाई घटाई सामुदायिक विकासमा व्यापक योगदान पुऱ्याउँदै आएको छ।

दिगोपनका लागि माथि उल्लेखित व्यापक पहलहरुको माध्यमबाट दी सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटल्सले लक्जरी आतिथ्यका लागि वातावरणीय संरक्षणसँग सुसंगत रुपमा सहअस्तित्व कायम राख्न सक्ने सम्बन्धमा आत्मसात गरेको छ। यस क्षेत्रमा भएको होटेलको निरन्तर प्रतिबद्धताको उद्देश्य आतिथ्य उद्योगलाई व्यापकरूपमा प्रेरित गर्नु मात्र नभई समुदाय र वातावरण दुवैका लागि हरित र दिगो स्वच्छ भविष्यका लागि सक्रीय योगदान पुऱ्याउनु पनि रहेको छ।

### दिगो लक्जरी र समुदायिक संलग्नता प्रति प्रतिबद्धता

भविष्यतर्फ हेर्दा, होटेलको सञ्चालनका हरेक पक्षमा दिगोपनलाई समाहित गर्ने दृढ प्रतिबद्धता जनाएको छ। यसले वातावरणीय रूपमा जिम्मेवारी तथा नवप्रवर्तनशील अभ्यासमा केन्द्रित हुँदै लक्जरी आतिथ्यलाई पुनर्परिभाषित गर्दैछ। होटेलले यी पहलहरु निरन्तर पर्यटनको सुरूवातको रुपमा मूल्याङ्न गर्दै आएको छ र नविन दिगोपनका उपायहरुको अवलम्वन र निरन्तर प्रगति प्रति प्रतिवद्ध छ। वातावरणीय संरक्षण र समुदायको संलग्नतालाई आफ्नो रणनीतिक प्राथमिकतालाई प्राथमिकतामा राखेर, होटेलले अतिथिहरु र होटेल साभ्ा गर्ने दुवै पक्षका लागि दीर्घकालीन सकारात्मक प्रभाव सिर्जना गर्ने लक्ष्य राखेको छ। होटेलले भविष्यमा लक्जरी तथा र दिगोपनलाई पूर्ण सन्तुलनमा सहअस्तित्वमा रहने, र जिम्मेवार आतिथ्यको नयाँ उद्योग मानक स्थापित गर्ने दृष्टिकोण राखेको छ।

### कम्पनीको औद्योगिक तथा व्यापारिक वा व्यवसायिक सम्बन्ध

समीक्षा आर्थिक वर्षको अवधीमा कम्पनीको कर्मचारीहरूसंगको सम्बन्ध ज्यादै सुमधुर, सौहार्दपूर्ण र उत्कृष्ट रहेको सहर्ष जानकारी गराउंदछौं। यस वर्ष पनि होटेल व्यवस्थापन र कर्मचारीहरू दुवै तर्फबाट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सामुहिक रूपमा होटेलका अतिथि पाहुनाहरूलाई उपलब्ध साधन-श्रोतको प्रयोग गर्दै कार्यदक्षताका साथ उत्कृष्ट र गुणस्तरीय सेवा प्रदान गर्ने तथा होटेललाई भेटघाट गर्नको लागि सर्वोत्तम ठाउँ बनाउने साभ्ा लक्ष्य प्राप्त गर्ने कार्यका लागि एकजुट भई परस्पर सहकार्य गरी लक्ष्य अनुरूप कार्य सम्पादन भयो।

सञ्चालक समिति सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरूको उच्चस्तरको व्यावसायीक कार्यकुशलता प्रतिको प्रतिवद्धता, समभ्रदारी र व्यवस्थापन टोलीसंगको गहकिलो सहकार्य एवं समर्थनको सराहना, सम्मान, प्रशंसा र कदर गर्दछ। उहाँहरूले होटेलको प्रगति र उन्नतीमा निरन्तर थप दृढता, कार्यदक्षता, सक्रीय सहयोग, समर्थन र अभूतपूर्व सदभावको अवस्थितिले यस होटलेको व्यावसायिक कार्यसम्पादन, विकास र सेवाको उत्कृष्टता प्राप्तिको मार्गमा आइपर्ने भविष्यका अप्रत्याशित चुनौतीहरुको दृढताका साथ सामना गर्न थप बल पुऱ्याएको छ, जसबाट सफलता सुनिश्चित गर्नमा मद्दत पुग्नेछ तथा होटेल व्यवस्थापनमा थप सहयोग पुग्ने सम्बन्धमा ढुक्क र विश्वस्त हुन सकिन्छ।

सोल्टी होटेलको आफ्ना अतिथि पाहुनाहरू, सामान आपूर्तिकर्ताहरू, सेवाप्रदायकहरू, बैंकहरू तथा अन्य संस्थाहरू, यात्रा एजेन्सीहरू, निर्माण ठेकेदारहरू र परामर्शदाताहरू, ट्राभल एजेन्सीहरू र एयरलाईन्सहरू, सरकारी निकायका अधिकारीहरू र नियामक निकायहरूसंग अत्यन्त राम्रो, सुमधुर र सौहार्दपूर्ण व्यवसायिक सम्बन्ध रहेको छ।

कम्पनी अन्तर्राष्ट्रिय मान्यताप्राप्त संस्था 'प्यासिफिक एसिया ट्राभल एशोसियसन (पाटा)' को हस्पिटालिटी सदस्य हो। कम्पनी नेपाल उद्योग वाणिज्य महासंघको एसोसिएट सदस्य हो भने होटल एशोसियसन अफ नेपाल (हान), नेपाल चेम्बर अफ कमर्स, नेपाल भारत उद्योग वाणिज्य संघ, नेपाल चीन उद्योग वाणिज्य संघ, नेपाल ब्रिटेन उद्योग वाणिज्य संघ, नेपाल उद्योग परिसंघ र नेपाल इन्स्टिच्यूट अफ कम्पनी सेक्रेटरीज् को सदस्य पनि रहेको छ।

### कर्मचारी सम्बन्ध तथा व्यवस्थापन समूह

कम्पनीले कार्यसम्पादनमा सार्वोत्तम परिणाम प्राप्त गर्ने उद्देश्यबाट अभिप्रेरित हुँदै कार्यक्षेत्रमा व्यापक अन्तक्रिया र राम्रो कार्यगर्नका लागि प्रोत्साहित गर्न कर्मचारी र व्यवस्थपन विच नियमित रूपमा अन्तक्रिया बैठकहरू (टाउनहल मिटिंगहरु) सञ्चालन गर्दै आएको छ। कम्पनीले कर्मचारीहरूलाई कार्यदक्षताका लागि निरन्तर प्रशिक्षण प्रदान गर्दै आएको छ। होटेलले कर्मचारीहरूलाई स्वास्थ्य सर्तकता अपनाई कार्यसम्पादन

गर्ने सम्बन्धी सुरक्षात्मक उपाय अपनाउने तथा सुरक्षा र स्वास्थ्य प्रोटोकल अभ्यास सम्बन्धी मार्गनिर्देशन सम्बन्धी तालिम तथा सम्बन्धित क्षेत्रबाट प्राप्त सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्डहरू पालना गर्ने सम्बन्धी विषयमा निरन्तर प्रशिक्षण प्रदान गर्ने गर्दछ।

कम्पनीका कर्मचारीहरूको कार्यदक्षता, कार्यसम्पादनको वातावरण तथा कम्पनी प्रतिको योगदान तथा सहयोग समर्थन सदैव उच्च कोटीको रहेको आदरणीय शेयरधनी महानुभावहरूलाई जानकारी गराउन पाउँदा सञ्चालक समितिलाई अत्याधिक गौरवको अनुभूति भएको छ। विषम र प्रतिकुल परिस्थितिमा कम्पनीले प्रत्येक कर्मचारीबाट प्राप्त गरेको पूर्ण समर्थन र सहयोगको लागि उच्च सराहना तथा प्रशंसा गर्दछौं।

## सञ्चालक समिति र सञ्चालक समितिमा परिवर्तनः

### सञ्चालक समितिको संरचना

कम्पनीको सञ्चालक समितिको संरचना नौ सदस्यीय रहेको छ। हाल कम्पनी ऐन २०६३ को अनुपालना अनुसार कम्पनीमा आठ जना सञ्चालक सदस्यहरू कायम रहनुभएको छ। कार्यकारी अध्यक्ष बाहेक सञ्चालक समतिका अन्य सदस्यहरू गैर कार्यकारी भएकोले कम्पनीबाट सञ्चालित होटेलको दैनिक सञ्चालन गरिने व्यावसायीक गतिविधिहरूमा भाग लिनुहुदैन। सञ्चालक समितिमा पर्यटन, व्यापार तथा वाणिज्य, बिमा, बैंकिङ तथा वित्तीय क्षेत्र तथा उद्योग लगायतका बिभिन्न पृष्ठभूमिबाट आउनुभएका विभिन्न क्षेत्रहरूमा विषेशज्ञता र विज्ञता हासिल गर्नुभएका विज्ञ सदस्यहरू रहनुभएको छ।

सञ्चालक समितिले कम्पनीको रणनीतिक दिशानिर्देश गर्ने, मुख्य व्यवसायिक योजनाहरूको छनोट तथा पहिचान गर्ने, होटेलको समग्र कार्यसम्पादनको सिंहावलोकन गरी होटेल संचालन सम्बन्धी रणनीतिक कार्ययोजना स्वीकृत गर्ने, होटेलको त्रैमासिक तथा वार्षिक कार्यसम्पादन लक्ष्य निर्धारण गर्ने, त्रैमासिक कार्यसञ्चालन बजेट, वार्षिक आर्थिक विवरणहरूको सिंहावलोकन गर्ने, तथा होटेल व्यवस्थापन समूहलाई निरन्तर रचनात्मक मार्गदर्शन गरी कम्पनीको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न दिशानिर्देश गर्ने जस्ता महत्पूर्ण निर्णयहरू गर्ने गर्दछ।

सञ्चालक समतिले नेपालको कम्पनी ऐन, प्रचलित कानून, निर्देशिकाहरू, नियामक निकायबाट जारी निर्देशन, धितोपत्र सम्बन्धी ऐन तथा नियम, सो सँग सम्बन्धीत कानून, कम्पनीको प्रबन्धपत्र र नियमावली, तथा नेपालको अन्य सम्बन्धित प्रचलित कानून तथा नियम निर्देशिकाहरूको परिधी भित्र रही आफ्नो अधिकारको प्रयोग गर्ने गर्दछ।

### सञ्चालक समितिमा भएको परिवर्तन

आषाढ मसान्त २०८२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को अवधिमा कम्पनीको सञ्चालक समिति को संरचनामा महत्वपूर्ण परिवर्तनहरु भएका छन्। कम्पनीका स्वतन्त्र सञ्चालक श्री दीपक राज जोशीले व्यक्तिगत कारण देखाई २०८१ भाद्र २३ गते देखि लागु हुने गरी सञ्चालक समितिको सदस्यबाट राजीनामा दिनुभएको छ। वहाँको कार्यकालमा श्री जोशीले पुऱ्याउनु भएको अमूल्य योगदान र सेवाप्रति सञ्चालक समितिले कदर तथा प्रशंसा गर्दै कृतज्ञता ज्ञापन गरेको छ।

साथै, चालु आर्थिक बर्षमा कम्पनीका संस्थागत शेयरधनी नेपाल वायुसेवा निगमबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक, सो निगमका कायकारी अध्यक्ष श्री युवराज अधिकारीको ठाउँमा नेपाल वायुसेवा निगमले सो संस्थाको प्रतिनिधि सञ्चालकको रुपमा मिति २०८२ कार्तिक ७ गते देखी लागु हुने गरी सो संस्थाका बजार व्यवस्थापन विभागका निर्देशक, श्री टंक निधि दाहाललाई कम्पनीको सञ्चालक समितिमा मनोनयन र नियुक्त गरेको छ।

आफ्नो कार्यकालमा श्री अधिकारीले कम्पनी प्रति पुऱ्याउनु भएको मूल्यवान योगदान र समर्पित सेवा प्रति सञ्चालक समित हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

### सञ्चालक समितिको बैठक

कम्पनीको सञ्चालक समितिका बैठकहरू कम्पनी ऐन, २०६३ (संशोधन सहित) तथा कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम सञ्चालन गरिन्छ। कम्पनीको सञ्चालक समितिमा होटेलको कार्यसम्पादन सम्बन्धी बैठकहरूमा कम्पनीका उपाध्यक्ष तथा द सोल्टी काठमाण्डौ, अटोग्राफ कलेक्सन होटेल्सका महाप्रबन्धक स्थायी आमन्त्रितका रूपमा रहेका छन्।

आर्थिक वर्ष २०८१/०८२ (२०२४/०२५) मा कुल ६ पटक सञ्चालक समितिको बैठक बसेको थियो। समीक्षा आर्थिक बर्षमा बैठक भत्ता नलिनुहुने कार्यकारी अध्यक्ष बाहेक कम्पनीका सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता वापत कुल रूपैयाँ १२ लाख ५ हजार ८ सय ९२ भुक्तानी गरिएको छ।

### लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षकको प्रतिवेदनले समिक्षा आर्थिक बर्षमा कम्पनीका कार्यसञ्चालन, लाभदायिकता, र वित्तीय आर्थिक स्थिति उत्कृष्ट रहेको

दर्शाएको छ । कम्पनीको सञ्चालक समितिले कम्पनीको कार्यसंचालन गतिविधिहरूको कार्यकुशलताका साथ कार्यसम्पादन गर्नका लागि वैधानिक लेखापरीक्षकबाट प्राप्त सुझाव, सल्लाह र सिफारिसहरूको पूर्ण रूपमा पालना गर्न व्यवस्थापनलाई निर्देशन दिइएकोछ ।

**लाभांश वितरण गर्नको लागि सिफारिस गरिएको रकम**

कम्पनीको सञ्चालक समितिले शेयरधनी महानुभावहरूलाई कम्पनीले आर्थिक वर्ष २०२४/२५ (२०८१/८२) मा खुद मुनाफा आर्जन गरेको परिप्रेक्ष्यमा कम्पनीको लिन मन्जुर तथा पूर्ण चुक्ता शेयर पूंजीको १६.५७८९४७३७% का दरले नगद लाभांश वितरण गर्न सिफारिश गरेको छ जस अनुसार समग्रमा कुल रू. १६,९४,१४,०७८ वितरण हुनेछ तथा सञ्चालक समितिले कम्पनीका शेयरधनी महानुभावहरूलाई कम्पनीको लिन मन्जुर तथा पूर्ण चुक्ता शेयर पूंजीको १५% प्रतिशत बोनश शेयर वितरण गर्न आसन्न साधारण सभा समक्ष सिफारिश गरेको छ ।

## सहायक कम्पनी

## सोल्टी हस्पिटालिटी लिमिटेड

यस कम्पनीको पूर्ण स्वामित्व रहेको अर्को सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडले आफ्नो व्यावसायिक गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन निरन्तर गरिरहेको जानकारी गराएको छ ।

सहायक कम्पनीको लेखापरीक्षण गरिएको २०८२ आषाढ ३२ गते तद्नुसार १६ जुलाई २०२५ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रिहेन्सिव आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण समेतलाई एकिकृत रूपमा समावेश गरी कम्पनीको आर्थिक वर्ष २०८१/८२ को एकिकृत आर्थिक विवरण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा १४३ (र अन्य लागु हुने व्यवस्था समेतलाई समेट्दै र नेपाल वित्तीय प्रतिवेदन मानक अनुसारको अनुपालना गर्दै कम्पनीको **वार्षिक प्रतिवेदन २०८१/८२** मा समावेश गरिएकोछ ।

## वैधानिक लेखापरीक्षकको नियुक्ति

कम्पनीका वैधानिक लेखापरीक्षक **श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स,** चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौको कम्पनीको ५१औं बार्षिक साधारण सभा सम्पन्न भए पश्चात् एक बर्षको कार्यकाल पूरा हुँदैछ ।

कम्पनी ऐन, २०६३ मा भएको प्रावधान अनुसार कम्पनीको लेखापरिक्षण गर्न एउटै वैधानिक लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी लेखापरीक्षक नियुक्त गर्न नसकिने व्यावस्था रहेको छ । साविक वैधानिक लेखापरीक्षक, श्री जे.वि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्ट्सको दोश्रो कार्यकाल समाप्त भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम पुनःनियुक्त हुन योग्य हुनुहुन्छ ।

५१औं बार्षिक साधारण सभाबाट, कम्पनीको सञ्चालक समितिको लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८२/८३ (२०२५/२६) का लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ती र निजहरूको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावलाई स्वीकृत गर्नुपर्नेछ ।

सञ्चालक समिति, कम्पनीका साविक वैधानिक लेखापरीक्षक श्री जे.वि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौले आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को कार्यकालमा यस कम्पनीलाई प्रदान गर्नुभएको उल्लेख्य सेवाहरू प्रति आभार तथा धन्यवाद प्रकट गर्दछ ।

## सञ्चालक समिति स्तरीय समितिहरु

कम्पनीको सञ्चालक समितिबाट सञ्चालक समिति स्तरीय समितिलाई कम्पनी ऐन, २०६३, प्रचलित कानून तथा नियमहरू तथा अन्य संस्थागत सुशासन सम्बन्धी अभ्यासहरूको परिधिभित्र रही अधिकार प्रत्यायोजन गर्ने गर्दछ । कम्पनीमा निम्नानुसारका सञ्चालक समितिबाट गठित प्रमुख उप समितिहरू रहेका छन्:

## लेखापरीक्षण समिति

कम्पनी ऐन, २०६३ (सन् २००६) को दफा १६४ को व्यवस्था बमोजिम लेखापरीक्षण समिति स्थापना गरिएको छ । यस लेखापरीक्षण समितिको प्राथमिक उद्देश्य भनेको कम्पनीको लेखा तथा वित्तीय विवरणहरुको पूनरावलोकन गरी यस्ता विवरणमा उल्लेख गरिएका तथ्यहरुको सुनिश्चित गर्ने, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन पद्धति पुनरावलोकन गर्ने, अनुगमन गर्ने र आन्तरिक लेखापरीक्षण क्रियाकलापको प्रभावकारी रुपमा सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने, लेखापरीक्षकको नाम, पारिश्रमिक, ऐन बमोजिमको लेखापरीक्षकको नियुक्तिको शर्त तथा

अवस्थाहरुको सिफारिस गर्ने, सोही बमोजिम साधारण सभाबाट अनुमोदनका लागि पेश गर्ने तथा कम्पनीको लेखा, वित्तीय व्यवस्थापन तथा लेखापरीक्षणको सन्दर्भमा सञ्चालक समितिबाट निर्देशित यस्तै अन्य कार्यहरु गर्ने गर्दछ।

कम्पनीको लेखापरीक्षण समितिमा श्री रवि भक्त श्रेष्ठ (अध्यक्ष), श्री शशीराज पाण्डे (सदस्य), र श्री निरञ्जन कुमार टिबरेवाला (सदस्य) रहनुभएको छ। आन्तरिक लेखापरीक्षकले कार्यगत रुपमा कम्पनीको लेखापरीक्षण समिति समक्ष प्रतिवेदन पेश गर्दछ। समिक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा लेखापरीक्षण समितिको बैठक पाँच (५) पटक बस्यो। समिक्षा आर्थिक वर्षमा कम्पनीको लेखापरीक्षण समितिका सदस्यहरूलाई बैठक भत्ता बापत कुल रकम रू ४ लाख ४१ हजार १ सय ८० भुक्तानी गरिएको छ। कम्पनी सचिवले लेखापरीक्षण समितिको सचिवको रूपमा कार्य गर्दछन्।

### क्यासिनो प्रोपर्टी लिज समिति

क्यासिनो प्रोपर्टी लिज समितिमा सञ्चालक समितिका चार जना सदस्यहरू, श्री दिनेश बहादुर बिष्ट, श्री निरञ्जन कुमार टिबरेवाला, श्री राजेश काजी श्रेष्ठ र श्री प्रकाश बिक्रम खत्री रहनुभएको छ। श्री दिनेश बहादुर बिष्ट क्यासिनो प्रोपर्टी लिज समितिका संयोजक हुनुहुन्छ। क्यासिनो प्रोपर्टी लिज उप समितिले कम्पनीको सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ।

क्यासिनो प्रोपर्टी लिज समितिको मुख्य कार्य कम्पनीको क्यासिनो भवन तथा अन्य तत्सम्बन्धी सम्पत्तिहरूको लिजको सम्बन्धमा आवश्यक पुनरावलोकन गरी आवश्यकता अनुसार सञ्चालक समितिको निर्णयार्थ परामर्श दिने रहेको छ। क्यासिनो प्रोपर्टी लिज उप समितिले सञ्चालक समिति समक्ष सो सम्बन्धमा सुझावहरू पेश गर्ने गर्दछ। कम्पनी सचिवले क्यासिनो प्रोपर्टी लिज समितिको सचिवको रूपमा कार्य गर्दछन्।

### पारिश्रमिक पुनरावलोकन समिति

पारिश्रमिक पुनरावलोकन समितिमा कार्यसञ्चालन व्यवस्थापनमा संलग्न नरहनु भएका चार जना सञ्चालक समितिका सदस्यहरू, श्री रवि भक्त श्रेष्ठ, संयोजक, समितिको सदस्यहरूमा श्री शशीराज पाण्डे, श्री निरञ्जन कुमार टिबरेवाला र श्री प्रकाश बिक्रम खत्री रहनुभएको छ। पारिश्रमिक पुनरावलोकन समितिले सञ्चालक समिति समक्ष आफ्नो सुझाव सहित प्रतिवेदन पेश गर्दछ।

कम्पनीका कार्यकारी अध्यक्षको पारिश्रमिक र सुविधाहरूको पुनरावलोकन तथा निर्धारण गरी सञ्चालक समिति समक्ष सिफारिश पेश गर्ने उद्देश्यको परिपूर्ति गर्नका लागि पारिश्रमिक पुनरावलोकन समिति गठन भएको हो। पारिश्रमिक पुनरावलोकन समितिले सो सम्बन्धमा सञ्चालक समिति समक्ष आवश्यक सुझाव सहित प्रतिवेदन पेश गर्ने गर्दछ। पारिश्रमिक पुनरावलोकन समितिले सञ्चालक समिति समक्ष पेश गरेको सुझाव सहितको प्रस्ताव सञ्चालक समितिबाट कम्पनीको बार्षिक साधारण सभामा प्रस्ताव पेश गर्न सो सिफारिस स्वीकृत गराउने, र सो सिफारिस प्रस्ताव सञ्चालक समितिबाट पारित भए पश्चात् कम्पनीको बार्षिक साधारण सभा समक्ष सञ्चालक समितिको तर्फबाट पेश गर्ने समेतका सम्बन्धीत सबै आवश्यक कार्य पारिश्रमिक पुनरावलोकन समितिले गर्दछ। कम्पनी सचिवले पारिश्रमिक पुनरावलोकन समितिको सचिवको रूपमा कार्य गर्दछन्।

### पूँजीनिवेश समिति

कम्पनीको पूँजीनिवेश समितिमा पाँच जना सञ्चालक समितिका सदस्यहरू, श्री दिनेश बहादुर बिष्ट, श्री शशीराज पाण्डे, श्री राजेश काजी श्रेष्ठ, श्री निरञ्जन कुमार टिबरेवाला र श्री प्रकाश बिक्रम खत्री समावेश हुनुहुन्छ। श्री दिनेश बहादुर बिष्ट पूँजीनिवेश समितिका संयोजक हुनुहुन्छ। पूँजीनिवेश समितिले कम्पनीको सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ।

पूँजीनिवेश समिति, काठमाण्डौं उपत्यका बाहिर विभिन्न स्तरका होटेलहरूमा सम्भाव्य पूँजीनिवेश गरी निर्माण गर्ने तथा तिनलाई संचालन र व्याबस्थापन गर्ने कम्पनीको रणनितिक परिकल्पना गरी त्यसको कार्यान्वयन गर्ने उद्देश्यले अभिप्रेरित भई गठन गरिएको हो। कम्पनी सचिवले समितिको सचिवको रूपमा कार्य गर्दछन्।

### औद्योगिक सम्बन्ध समिति

कम्पनीको सञ्चालक समितिको औद्योगिक सम्बन्ध समितिमा चार जना सञ्चालक समितिका सदस्यहरू, श्री दिनेश बहादुर बिष्ट, श्री राजेश काजी श्रेष्ठ, श्री निरञ्जन कुमार टिबरेवाला र श्री प्रकाश बिक्रम खत्री सदस्य रहनुभएको छ। श्री दिनेश बहादुर बिष्ट समितिका संयोजक हुनुहुन्छ। समितिले कम्पनीको सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ।

औद्योगिक सम्बन्ध समितिको मुख्य कार्य कम्पनीको औद्योगिक सम्बन्धलाई पुनरावलोकन गर्ने, कम्पनीको मानव संशाधन तथा सो संग सम्बन्धीत क्षेत्र बीचको सम्बन्धलाई पुनरावलोकन गरी सुदृढ तथा प्रगाढ बनाउन सञ्चालक समिति समक्ष आवश्यक सुझाव पेश गर्ने रहेकोछ।

कम्पनी सचिवले समितिको सचिवको रूपमा कार्य गर्दछन् ।

**व्यवस्थापन स्तरका समितिहरु**

**संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन समिति**

सञ्चालक समितिले औद्योगिक व्यवसाय ऐन २०७६ र औद्योगिक व्यवसाय नियमावली २०७८ बमोजिम व्यवस्था गरिने संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यका लागि व्यवस्थापन स्तरीय समिति गठन गर्नका लागि कम्पनीका कार्यकारी अध्यक्षलाई अधिकार प्रत्यायोजन गरेकोछ ।

कम्पनीले कार्यकारी अध्यक्षको संयोजकत्वमा संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन समिति गठीत छ । समितिको संरचनामा कार्यकारी अध्यक्ष, उपाध्यक्ष, महाप्रबन्धक – द सोल्टी काठमाण्डौं, अटोग्राफ कलेक्शन होटल्स वित्त निर्देशक, मानव संसाधन निर्देशक, कर्पोट मामिला प्रमुख तथा कम्पनी सचिव, प्रबन्धक - परियोजनाहरु, र वरिष्ठ प्रबन्धक - प्रशासन तथा जन सम्पर्क रहेका छन् । कम्पनी सचिवले संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन समितिको सदस्य सचिवको रूपमा कार्य गर्दछन् ।

संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन समितिको मुख्य कार्य कम्पनीको तर्फबाट औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम कम्पनीले व्यवस्था गरेको संस्थागत सामाजिक उत्तरदायित्व कोषको परिधि र प्रावधान भित्र रही विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलाप र गतिविधिहरु सञ्चालन गर्ने र त्यस्तो रकमलाई औद्योगिक व्यवसाय नियमावली, २०७८ र नेपालको प्रचलित कानूनहरूको पालना गर्दै उपयोग गर्ने रहेकोछ । कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्थापन समितिले सञ्चालक समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ ।

**संस्थागत सामाजिक उत्तरदायित्व विनियोजन**

कम्पनीले औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८ र सम्बन्धीत नियामक निकाय नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभागबाट जारी निर्देशिका निर्देशनहरु बमोजिम उपयोग हुने गरी खुद नाफाको एक प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व वैधानिक कोषका लागि प्रत्येक आर्थिक वर्ष छुट्टयाएको रकमलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका समाजिक गतिविधिहरूमा उपयोग गरिने व्यावस्था अनुरूप खर्च गरिनेछ ।

**कम्पनी ऐन, २०६३ (२००६) को दफा १०९ (४) बमोजिम उल्लेख गर्नुपर्ने थप जानकारीहरु**

**कम्पनीको शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

समिक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधीमा कम्पनीबाट कुनै पनि शेयर जफत भएको छैन ।

**विगत आर्थिक वर्षमा कम्पनी र सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन**

कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडले व्यवसाय सञ्चालन गतिविधिहरु गरी रहेको जानकारी गराएको छ । उक्त सहायक कम्पनीको वित्तीय विवरणहरू कम्पनीको एकिकृत आर्थिक प्रतिवेदन (वित्तीय विवरण) अन्तर्गत समावेश गरिएको छ ।

**कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधीमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

कम्पनीको प्रबन्धपत्रमा परिकल्पित मुख्य व्यवसाय आतिथ्यसत्कार (पर्यटन) व्यवसाय नै कम्पनीको प्रमुख कारोबार रहेको छ । समिक्षा आर्थिक वर्षमा कम्पनीको व्यवसायिक कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन भएको छैन । त्यस्तै सहायक कम्पनीको प्रमुख कारोबार गर्ने उद्देश्यहरूमा कुनै परिवंतन भएको छैन ।

**विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले उपलब्ध गराएको जानकारी**

समिक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनीका आधारभूत शेयरधनीहरूबाट कम्पनीलाई कुनै पनि जानकारी प्राप्त भएको वा प्रकटीकरण गरिएको छैन ।

**विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

कम्पनीसंग उपलब्ध जानकारी अनुसार कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले समीक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनीको कुनै पनि शेयरको स्वामित्व प्राप्त गरेको वा अधिग्रहण गरेको वा बिक्रि गरेको जानकारी प्राप्त भएको छैन । समिक्षा आर्थिक बर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनीसंग उपलब्ध जानकारी अनुसार कम्पनीका कुनै सञ्चालक तथा कार्यालयका पदाधिकारीहरू कम्पनीको शेयर कारोबारमा कुनै संलग्नता रहेको वा निजहरू कम्पनीको शेयर कारोबार सम्वन्धि प्रचलित नेपाल कानून विपरित कुनै कार्य गरेको जानकारी प्राप्त भएको छैन ।

### विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा

आर्थिक बर्ष (२०८१/८२ (२०२४/२५) मा कम्पनी सँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

### कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम

कम्पनीको आफ्नो शेयर आफैले खरिद गर्ने नीति नरहेको र समिक्षा आर्थिक बर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीले आफ्नो शेयर आफै ले खरिद गरेको छैन ।

### आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण

कम्पनीले होटेल सञ्चालनको सम्बन्धमा होटेल व्यावस्थापन संग सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणाली अर्न्तगतका निर्धारित तथा निर्देशन गरेका निर्देशिकाहरूको अभ्यास तथा परिपालना गर्दछ। यसका अतिरिक्त, आन्तरिक नियन्त्रण प्रणालीका लागि कम्पनीको आफ्नै विस्तृत वित्तीय कार्यविधि र बिनियमावलीहरू समेतबाट होटेल व्यावस्थापन निर्देशित छ । कम्पनीमा निम्न लिखित आन्तरिक नियन्त्रण प्रणालीहरू क्रियाशिल रही अभ्यस्त छन् :–

(क) होटेल संचालनको लागि प्रक्रियागत सञ्चालन निर्देशिकाहरू, कार्यविधिहरू र मार्ग निर्देशिकाहरू ।

(ख) आर्थिक नीति एवं लेखा सम्वन्धी निर्देशिकाहरू ।

(ग) महिनावारी प्रतिवेदनको रूपमा सम्प्रेषण गरिने आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतका विवरणहरू ।

(घ) आर्थिक कारोवारहरूलाई समुचित एवं यथोचित नियन्त्रण गर्नका लागि होटेलको आन्तरिक लेखापरीक्षण युनिट कार्यरत रहेको छ ।

(ङ) कम्पनीको आन्तरिक लेखापरीक्षणले स्वतन्त्र रूपमा बाह्य प्रमाणिक लेखापरीक्षक, चार्टड एकाउण्टेण्टबाट नियमित रूपमा लेखापरिक्षण गरी प्रतिवेदन पेश गर्ने गर्दछ ।

(च) व्यवस्थापन तथा लेखापरीक्षण समितिद्वारा आन्तरिक नियन्त्रण प्रणालीको आवधिक पुनरावलोकन ।

(छ) होटेलको प्रवेश कार्यालय (फ्रन्ट अफिस), आरक्षण (रिजर्भेसन), लेखा सम्वन्धी हिसाब किताब तथा माल सामानको (इन्भेन्ट्रीज) व्यावस्थापनको लागि कम्प्यूटरीकृत प्रविधिको अवलम्बन गरिएकोछ ।

(ज) होटेल व्यवस्थापकबाट प्रत्येक छ महिनाको अन्तरालमा गरिने कन्ट्रोल सेल्फएसेस्मेन्टका प्रक्रियाहरू ।

### समिक्षा आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

| क्रम संख्या | विवरण | रकम रुपैयां | | वृद्धि/(कमी) प्रतिशतमा |
|---|---|---|---|---|
| | | समिक्षा वर्ष २०८१/८२(२०२४/२५) | अघिल्लो वर्ष २०८०/८१ (२०२३/२४) | |
| १. | कर्मचारी खर्च | ६१३,९९४,७०७ | ५६३,३८३,७२८ | ८.९८% |
| २. | संचालन (व्यवस्थापन) खर्च | ४०६,१४४,०६५ | ३३७,९६७,८८० | २०.१७% |
| | **जम्मा** | **१,०२०,१३८,७७२** | **९०१,३५१,६०८** | **१३.१८%** |

आर्थिक बर्ष २०८१/८२ (२०२४/२५) को कुल व्यवस्थापन खर्च गत आर्थिक बर्षको तुलनामा १३.१८% प्रतिशतले बढेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण**

कम्पनीमा सञ्चालक समितिका निम्न सदस्यहरू रहेको एउटा लेखापरिक्षण समिति रहेको छ :

| क्रम संख्या | विवरण | हैसियत वा पद |
|---|---|---|
| १. | श्री रवि भक्त श्रेष्ठ, | अध्यक्ष |
| २. | श्री शशि राज पाण्डे, | सदस्य |
| ३. | श्री निरञ्जन कुमार टिबरेवाला, | सदस्य |

लेखापरीक्षण समितिको बैठक त्रैमासिक रूपमा बस्ने गर्दछ। लेखापरीक्षण समितिले कम्पनीको आन्तिरिक तथा बैधानिक लेखापरिक्षण सम्बन्धी प्रतिवेदनहरूको समिक्षा, आन्तरिक नियन्त्रण प्रणालीको अनुपालनाको पुनरावलोकन, लिन बांकी प्राप्य असामीहरूबाट असुली आदि तथा होटेलको वित्तीय कार्यसम्पादनको लेखाजोखा गर्ने गर्दछ। लेखापरीक्षण समितिले सो समितिको बैठक पश्चात् लगतै बस्ने सञ्चालक समितिको बैठकमा समितिको बैठकको काम कार्यवाहीको विवरण पेश गर्दै समीक्षात्मक निर्देशनका लागि प्रतिवेदन पेश गर्दछ।

समीक्षा आर्थिक बर्षमा लेखापरीक्षण समितिले कम्पनीका बैधानिक लेखापरीक्षक, स्वतन्त्र आन्तरिक लेखापरीक्षकहरू, कार्यकारी अध्यक्ष, उपाध्यक्ष, महा-प्रवन्धक, वित्त नियन्त्रक, वित्त निर्देशक, क्रेडिट मैनेजरलाई लेखापरीक्षण समितिको बैठकहरूमा आमन्त्रित गरी छलफल गर्दछ। आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को बैधानिक लेखापरीक्षण प्रतिवेदनको व्यवस्थापन पत्र (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन) स्वतन्त्र बैधानिक लेखा परीक्षकहरुद्वारा लेखा समितिमा प्रारम्भिक रूपमा पेश गरिएको थियो।

समिक्षा आर्थिक वर्ष (२०८१/८२ (२०२४/२५) मा लेखापरीक्षण समितिले तपसिल बमोजिमको कार्यसम्पादन गऱ्यो :

(क) लेखापरीक्षण समितिले होटेलको लिनुपर्ने बाँकी प्राप्य असामीहरूको असुलीकालागि त्रैमासिक रूपमा विस्तृत पुनरावलोकन गरी सबै पुराना प्राप्त हुन बाँकी असामीहरूको असूलीका लागि आवश्यक उपायहरू अवलम्बन गरी कार्यवाही गर्न निर्देशन सहित असामीहरूको असुली प्रक्रियालाई सुदृढ पारी नियन्त्रित रूपमा असामीहरूको असुली गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गऱ्यो।

(ख) लेखापरीक्षण समितिले आर्थिक वर्ष (२०८१/८२ (२०२४/२५) को कम्पनीका वार्षिक आर्थिक बिवरणहरू सहितको बैधानिक लेखापरीक्षकबाट प्राप्त भएको प्रारम्भिक बैधानिक लेखापरीक्षण प्रतिवेदनहरूको समीक्षा गरी लेखापरीक्षिण भएका बित्तीय बिवरणहरु, कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक बिवरणहरू, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन, संस्थागत सुशासन अनुपालना सम्बन्धी वार्षिक प्रतिवेदन, र मिति २०८२ आषाढ ३२ मा अन्त्य भएको आर्थिक वर्षको वित्तीय झलकहरुलाई समीक्षात्मक अध्ययन, विश्लेषण तथा बिस्तृत छलफल पश्चात् कम्पनीको सञ्चालक समिति समक्ष तिनको अभिग्रहण तथा स्वीकृतिको लागि प्रतिवेदन सहित सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने कार्य गऱ्यो।

(ग) लेखापरीक्षण समितिले त्रैमासिक रूपमा प्राप्त कम्पनीका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूको समीक्षात्मक छलफल गरी त्यसमा औंल्याईएका कैफियतहरूमा सुधारात्मक उपायहरू अवलम्बन गर्न तथा सो सम्वन्धी सिफारिशहरूको कार्यान्वयन गर्न गराउनका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन जारीगर्ने कार्य सम्पादन गऱ्यो।

(घ) लेखापरीक्षण समितिले कम्पनीका आन्तरिक लेखापरीक्षकको वार्षिक कार्य क्षमताको पुनरावलोकन गरी आर्थिक वर्ष (२०८१/८२ (२०२४/२५) का लागि कम्पनीको स्वतन्त्र आन्तरिक लेखापरीक्षकमा नियुक्ति र नीजको पारिश्रमिक समेत निर्धारण गरी निजहरूको नियुक्तिको लागि सिफारिश गर्ने कार्य गऱ्यो।

(ङ) लेखापरीक्षण समितिले सञ्चालक समितिलाइं जानकारी गराए बमोजिम कम्पनीका पुराना असामीहरूवाट असूल उपर हुन वांकी प्राप्तिहरू उठाउनका लागि कम्पनीको व्यवस्थापनले हर-सम्भव कार्यवाहीहरू अवलम्वन गरेको तथा पुराना प्राप्तहुन बाँकी असामीहरूको असुली प्रकिया सन्तोषजनक रहेकोछ।

(च) लेखापरीक्षण समितिले आफ्ना बैठकहरूमा कम्पनीको व्यवस्थापनलाई त्रैमासिक रूपमा कार्यान्वयन गर्न दिएका बिभिन्न सिफारिसहरू तथा निर्देशनहरूको सम्बन्धमा सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गऱ्यो।

(छ) लेखापरीक्षण समितिले कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजहरूको पारिश्रमिक निर्धारण गर्न कम्पनीका शेयरधनीहरूको ५१औं वार्षिक साधारण सभा समक्ष सिफारिस गरेको छ।

सञ्चालक समिति, लेखापरीक्षण समितिका अधिकांश सिफारिसहरूलाई कम्पनीको व्यवस्थापनले पालना गरेको वा केही सिफारिश तथा निर्देशनहरू कार्यान्वयन हुने क्रममा रहेको तथा सो को पालनाको स्थिति सन्तोषजनक रहेको सहर्ष जानकारी गराउँदछ।

कम्पनीको लेखापरीक्षण समितिका सदस्यहरू, समीक्षा आर्थिक वर्ष (२०८१/८२) (२०२४/२५) को आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूमा कुनै पनि गम्भीर विषय नऔंल्याइएको सहर्ष जानकारी गराउदछ। कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक रहेको छ। कम्पनी सचिवले लेखापरीक्षण समितिको सचिवको रूपमा कार्य गर्ने गर्दछन्।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

कम्पनीको संस्थागत शेयर स्वामित्व रहेको सञ्चालकसंग सम्बद्ध निकाय नेपाल वायुसेवा निगम बाट प्राप्त गर्नुपर्ने बक्यौता रूपैयाँ ३ करोड ३३ लाख १० हजार (गत आर्थिक वर्ष रूपैयाँ ४ करोड ४१ लाख ९० हजार) असुल उपर हुन बाँकी छ। उक्त रकम कम्पनीको फ्लाइट केटरिंग डिभिजन सोल्टी गेट गुरमेटद्वारा नेपाल वायुसेवा निगमका अन्तर्राष्ट्रिय हवाई उडानहरूमा इन्फलाईट केटरिंग खानपानको सेवा प्रदान गरे बापतको नियमित व्यावसायिक कारोबार अन्तंगतको असुल उपर हुन बाँकी रकम संग सम्बन्धीत छ। कम्पनीको नेपाल वायुसेवा निगमसंग विगत धेरै वर्ष देखि नियमित रूपमा व्यावसायिक सम्बन्ध रहँदै आएको छ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

कम्पनीको सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता प्रति बैठक रूपैयां २५ हजार (कर पश्चात्) बाहेक अन्य कुनै पनि तलब, भत्ता र सुविधाहरू भुक्तानी गरिएको छैन।

कम्पनीको सञ्चालक समितिका गैर कार्यकारी सञ्चालक सदस्यहरूलाई आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीले कुल बैठक भत्ता बापत रूपैयां १६ लाख ४७ हजार ७२ भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा कम्पनीका कार्यकारी अध्यक्ष, उपाध्यक्ष, महाप्रबन्धक र प्रबन्धकहरूलाई पारिश्रमिक, भत्ता र अन्य सुविधाहरू बापत रूपैयां १५ करोड १८ लाख ९१ हजार ६ सय ९८ (अघिल्लो आर्थिक वर्ष रू. १६ करोड २० लाख १८ हजार ७ सय ३८) भुक्तानी गरिएको छ।

कम्पनीले कार्यकारी अध्यक्ष, उपाध्यक्ष र महाप्रवन्धकहरुलाई अन्य सुविधाहरुको रुपमा ड्राइभर, सवारी साधनको इन्धन तथा मर्मतसम्भार सहित कार्यालय सवारी साधन (कार) पनि उपलब्ध गराउने व्यवस्था गरेको छ।

**शेयरधनीहरूद्वारा दावी नगरी बाँकी रहेको लाभांशको रकम**

कम्पनीका केही शेयरधनी महानुभावहरूले ३२ आषाढ २०८२ (१६ जुलाई २०२५) गते सम्म विगत आर्थिक वर्षहरू २०४९/५० देखि २०८०/८१ (१९९२/९३ देखि २०२३/२४) को बुझिलिन बाँकी लाभांश रकम अझै पनि बुझिनलिएको कुल रकम रूपैया ४ करोड २९ लाख ४३ हजार ६ सय ४५ मात्र (गत आर्थिक वर्ष रूपैयां १ करोड ७९ लाख ३६ हजार २ सय ५१ मात्र) रहेको छ।

उल्लिखित बुझिनलिएको लाभांश मध्ये, आर्थिक वर्ष २०४९/५० देखि २०७५/७६ (१९९२/९३ देखि २०१८/१९) सम्मको बुझिनलिएको लाभांश रकम रू. ६,४२२,७४५ (गत वर्ष रू.४,७५१,६६५) समेत समावेश छ र यो बुझिनलिएको लाभांश रकम लाभांश घोषणा गरेको मितिले पाँच वर्ष नाघेको अवधिको रहेको छ।

कम्पनी कानून बमोजिम, कुनै पनि शेयरधनी महानुभावले दाबि नगरेको / भुक्तानी नलिएको बाँकी लाभांश कम्पनीले आफ्नो वार्षिक साधारण सभाबाट लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको मितिले पांच वर्ष नाघेको लाभांश नेपाल सरकारद्वारा स्थापित लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोछ।

तसर्थ, माथि उल्लेखित आर्थिक वर्षहरूको भुक्तानी नलिएको बाँकी लाभांश रकम सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई उक्त भुक्तानी लिन बाँकी लाभांश रकम यथाशिघ्र कम्पनीका शेयर रजिष्ट्रार एन आई एम बी एस क्यापिटल मार्केट लिमिटेड, लाजिम्पाट काठमाण्डौंबाट वा कम्पनीको रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौंमा सम्पर्क राखी बुझी लिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण**

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति प्राप्ति वा बिक्री भएको छैन।

**कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण**

आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीहरू बीच कुनै कारोबार भएको छैन ।

**कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा**

समीक्षा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य कुराहरू छैनन् ।

**अन्य आवश्यक कुराहरु**

सञ्चालक समितिले खुलाउनुपर्ने अन्य सम्बद्ध आवश्यक विषयहरू केही नभएको ।

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ (२०१६) को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूचि १५ अनुसार वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारीहरु सँग सम्बन्धित विवरणहरुः**

**सञ्चालक समितिको प्रतिवेदन**

सञ्चालक समितिको प्रतिवेदन, वार्षिक प्रतिवेदन २०८१/८२ (२०२४/२५) मा सञ्चालकको प्रतिवेदन खण्डमा समावेश गरिएको छ ।

**लेखापरिक्षकको प्रतिवेदन**

लेखापरीक्षकको प्रतिवेदन, वार्षिक प्रतिवेदन २०८१/८२ (२०२४/२५) को आर्थिक विवरणहरूसंग सम्बन्धित शीर्षकमा समावेश गरिएको छ ।

**लेखापरिक्षण गरिएको वित्तिय प्रतिवेदन**

कम्पनीको आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को लेखापरीक्षण गरिएको वित्तीय प्रतिवेदन, २०८२ आषाढ ३२ गते सम्मको वित्तीय स्थितिको विवरण (वासलात) को विवरण, नाफा नोक्सान हिसाब विवरण तथा अन्य विस्तृत आय विवरण (नाफा नोक्सान हिसाब) र नगद प्रवाह विवरण, तथा मिति २०८२ आषाढ ३२ गते अन्त्य भएको आर्थिक वर्षको ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा आर्थिक विवरणहरू सम्बन्धी टिप्पणीहरू र अनुसुचिहरू सहितका आर्थिक विवरणहरू कम्पनीको वार्षिक प्रतिवेदन २०८१/८२ (२०२४/२५) को सम्बन्धीत शीर्षक अन्तर्गत संलग्न कम्पनीको वित्तीय विवरणमा उल्लेख गरिएको छ ।

**कानुनी कारवाही सम्बन्धी विवरण**

**(क) समीक्षा अवधिमा कम्पनी विरुद्ध दायर भएका वा कम्पनीले दायर गरेको मुद्दा मामिलाहरुको विवरण**

- कम्पनीले समीक्षा अवधिमा कम्पनीका पूर्व-कर्मचारीसँग भएको विवादको विषयमा श्रम अदालत, काठमाडौं र श्रम कार्यालय, काठमाडौं विरूद्ध श्री सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो । उक्त निवेदन सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको छ ।
- कम्पनीको पूर्व-कर्मचारीले समीक्षा अवधिमा कम्पनी, श्रम अदालत, काठमाडौं र श्रम कार्यालय, काठमाडौं विरूद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको छ । उक्त निवेदन पनि सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको छ ।
- कम्पनीका पूर्व-कर्मचारीले सम्मानित श्रम अदालतमा कम्पनीको निर्णयलाई चुनौती दिँदै पुनरावेदनपत्र दायर गरेका थिए र श्रम अदालतले पुनरावेदकको पक्षमा अन्तिम निर्णय दिएको थियो ।
- कम्पनीले समिक्षा अवधिमा नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँग भएको सम्झौताको अवधि नविकरण गरी अझै तिन वर्ष थप गर्नुपर्ने माग राखी उक्त प्राधिकरणका विरूद्धमा दायर गरेको मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको निर्णयलाई चुनौती दिँदै उच्च अदालत, पाटनमा पुनरावेदन दायर गरेको छ ।

**(ख) कानुनी नियमहरुको उल्लङ्घन गरेको वा आपराधिक कार्य गरेको भन्ने सम्बन्धमा कम्पनीका संस्थापक वा सञ्चालकद्वारा वा निजहरुका विरुद्धमा दायर मुद्दाः**

- कम्पनीले आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा यस प्रकारको कुनै सूचना प्राप्त गरेको छैन ।

**(ग) आर्थिक अपराध गरेको भन्ने आरोपमा कम्पनीका संस्थापक वा सञ्चालकद्वारा वा निजहरुका विरुद्धमा दायर मुद्दाः**

- कम्पनीले आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा यस प्रकारको कुनै सूचना प्राप्त गरेको छैन ।

**कम्पनीको शेयर कारोवारको कार्यसम्पादन विश्लेषण**

**(क) धितोपत्र बजारमा कम्पनीको शेयरको कारोवारका सम्बन्धमा व्यवस्थापनको दृष्टिकोण :–**

कम्पनीको शेयरको मूल्य र कारोवार नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मार्फत खुला शेयर बजार सञ्चालनबाट निर्धारण हुने भएकाले कम्पनीको शेयरको कारोवारमा व्यवस्थापनको दृष्टिकोण तटस्थ रहेको छ ।

**(ख) अघिल्लो आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिमा कम्पनीको शेयरको कारोवारको कुल कारोवार शेयर संख्या र कारोबार दिनको साथै कम्पनीको शेयर कारेवारको अधिकतम, न्यूनतम र अन्तिम मूल्यः–**

समिक्षा आर्थिक वर्ष (२०८१/८२ (२०२४/२५) को अवधिमा कम्पनीको प्रत्येक त्रैमासिक अवधिको शेयर कारोवारको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कुल कारोवार संख्या निम्न बमोजिम रहेको छ :

| आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) त्रैमासिक अवधी | आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) शेयरको मूल्य (रुपैयाँमा) (परल मुल्य प्रति शेयर रु.१० का दरको) | | | आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) शेयर कारोवार | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | अन्तिम | कूल दिन | कुल संख्या | कुल शेयर संख्या |
| पहिलो त्रैमासिक (आश्विन मसान्त) | ६३६.५० | ४४०.०० | ५४१.०० | ५७ | ३७,२२४ | ११,५२०,२९० |
| खुद मुनाफा/(नोक्सान) वर्ष २०८१–८२ | - | - | - | - | ६५६,८९०,३५८ | - | ६५६,८९०,३५८ | - | ६५६,८९०,३५८ |
| लाभांश भुक्तानी २०८०–८१ | - | - | - | - | (२४९,३५०,७३०) | - | (२४९,३५०,७३०) | - | (२४९,३५०,७३०) |
| बोनश शेयर जारी | ९२,९०८,९९० | - | - | - | (९२,९०८,९९०) | - | - | - | - |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | - | - | - | - | १३,६२० | - | १३,६२० | - | १३,६२० |
| अघिल्लो वर्षको कर भुक्तानी | - | - | - | - | (१३,३५१,९३९) | - | (१३,३५१,९३९) | - | (१३,३५१,९३९) |
| **३२.०३.२०८२ सम्मको बाँकी** | **१,०२१,८६२,६९०** | **१६,०००,०००** | **३५,१९८,४२७** | **७,२८८,७६१** | **१,६७६,७८१,९९५** | **११,२५१,१७१** | **२,७६८,३८३,०४४** | - | **२,७६८,३८३,०४४** |

**सोल्टी होटल लि. को तर्फबाट**

हाम्रो सोही मितिको संलग्न प्रतिवेदनको आधारमा

**मुक्तिनाथ श्रेष्ठ**
**निर्देशक-वित्त**

**सुदर्शन चापागाई**
**उपाध्यक्ष**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष**

**सिए. जितेन्द्र ब. राजभण्डारी**
**वरिष्ठ साझेदार**
**जे. बि. राजभण्डारी एण्ड डिविन्स्**
**चार्टर्ड एकाउण्टेण्टस्**

**लिल बहादुर खत्री**
**प्रमुख कर्पोरेट मामिला**
**तथा कम्पनी सचिव**

**टंक निधि दाहाल**
**प्रकाश बिक्रम खत्री**
**शशि राज पाण्डे**
**जया राज्य लक्ष्मी शाह**
**रबि भक्त श्रेष्ठ**
**राजेश काजी श्रेष्ठ**
**निरञ्जन कुमार टिबरेवाला**
**सञ्चालकहरु**

**मिति : ११ कार्तिक २०८२**
**(२८ अक्टोबर २०२५)**
**स्थान : काठमाडौं, नेपाल**

**सोल्टी होटल लिमिटेड**

**३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको**

**एकिकृत** (Consolidated) **वित्तीय विवरणका टिप्पणीहरु**

**१. सामान्य जानकारी**

सोल्टी होटल लिमिटेड (यसपछि "कम्पनी" भनिएको) तत्कालिन कम्पनी ऐन अनुसार कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको सीमित दायित्व कम्पनी हो । यसको शेयर नेपाल धितोपत्र बोर्डमा सूचीबद्ध र नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा सूचीबद्ध र कारोबारमा रहेको छ । कम्पनीको रजिष्टर्ड कार्यालय र संचालनको प्रमुख स्थान ताहाचल, काठमाडौं, नेपालमा अवस्थित छ । स्थापनाको ५८ वर्षभन्दा बढी समयदेखि कम्पनीले पाँच तारे स्तरको डिलक्स होटल सुविधा र व्यावसायिक संचालनको प्रारम्भदेखि फ्लाईट क्याटरिङ्गको (Flight Catering) मार्फत पर्यटन क्षेत्रमा सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो होटल व्यवसाय बिस्तार गर्न पूर्ण स्वामीत्वमा रहेको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडमा लगानी गरेको छ । सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेड मार्फत स्ट्रीम पीक ईन्टरनेशनल प्रा. लि. (साविक सोल्टी शिवकिस होटल्स एण्ड रिसोर्ट्स प्रा.लि.) मा पनि लगानी रहेको छ। कम्पनीले "द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन" को व्यवसायिक नाम र ब्रान्डमा नेपाल सरकारद्वारा पाँचतारा डिलक्स श्रेणीमा वर्गीकृत ताहाचल, काठमाडौं महानगरपालिका वडा नम्बर १३, काठमाडौं, नेपालमा रहेको लक्जरी होटेलको स्वामित्व र सञ्चालन गर्दछ । द सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सनमा डिलक्स, क्लबदेखि सुइटसम्म २८५ बिक्रीयोग्य कोठाहरु छन् । यसबाहेक, कम्पनीले गेट गोरमेट सिंगापुर पीटीई लिमिटेडसँग प्राविधिक सहायता सम्झौता अन्तर्गत इनफ्लाइट क्याटरिङ डिभिजन "द सोल्टी गेट गुरमेट" को स्वामित्व लिई सञ्चालन गर्दछ।

प्रस्तुत एकिकृत वित्तीय विवरणहरुमा सोल्टी होटल लिमिटेड र सोल्टी हस्पिटालिटी लिमिटेड (१००% सहायक कम्पनी) को वित्तीय विवरणहरु समावेश गरी तयार गरिएको छ, जसलाई यसपछि सामूहिक रुपमा "समूह" भनिन्छ । समूहको प्रमुख गतिविधि होटल उद्योगमा लगानी गर्नु हो । समूहले काठमाडौं र नेपालगन्जका होटलमा लगानी गरेको छ ।

एकिकृत संलग्न वित्तीय विवरणहरू कम्पनीको सञ्चालक समितिको २८ अक्टोबर २०२५ (११ कार्तिक २०८२) बैठकले कम्पनीको वार्षिक साधारण सभाबाट स्वीकृतीको लागि पेश गर्न सिफारिश गरेको छ ।

**२. प्रमुख लेखा नीतिहरु**

**२.१ वित्तीय विवरणहरु तयार गर्ने आधार**

**२.१.१ नेपाल वित्तीय प्रतिवेदनमानको अनुपालना**

लेखामान बोर्ड नेपालले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी गरिएको नेपाल बित्तीय प्रतिबेदन मान (Nepal Financial Reporting Standards – NFRS) अनुरूप एकिकृत वित्तीय विवरणहरू तयार गरिएका छन् ।

**२.१.२ मापनको आधार** (Basis of Measurement)

निम्न उल्लेखित अवस्थामा बाहेक वित्तीय विवरणहरू सारभुत रूपमा ऐतिहासिक लागत अवधारणा अनुरूप तयार गरिएका छन् ।

| | |
|---|---|
| सहायक कम्पनी बाहेक अन्य संस्थाहरुमा गरिएको शेयर लगानी | उचित मूल्य (Fair Value) |
| सहुलियत ब्याज दरमा प्रदान गरिएको कर्मचारी ऋण | परिशोधित लागत (Amortized Cost) |
| अन्य दीर्घकालीन कर्मचारी दायित्वहरु (बिदा दायित्व | परिभाषित सुविधा दायित्वको वर्तमान मूल्यमा (Present Value of Defined Benefit Obligation) |

**२.१.३ महत्वपूर्ण लेखा अनुमानहरू**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप वित्तीय विवरणहरु तयार गर्न निश्चित महत्वपूर्ण लेखा अनुमान र निर्णयहरु प्रयोग गर्न आवश्यक हुन्छ । यस अन्तर्गत समूहका लेखा नीतिहरु लागु गर्ने प्रक्रियामा व्यवस्थापनले बिवेक प्रयोग गर्ने आवश्यकता पनि रहन्छ । समूहले भविष्यका घटनाहरुको सन्दर्भमा निश्चित अनुमानहरु र धारणाहरु बनाउँछ । अनुमान र धारणाहरु ऐतिहासिक अनुभव र अन्य कारकहरु, जस्तै परिस्थितिहरुमा उचित मानिने भविष्यका घटनाहरुको अपेक्षाको आधारमा निरन्तर मूल्याङ्कन गरिन्छ । भविष्यमा, वास्तविक परिणाम यी अनुमानहरु र धारणाहरु भन्दा फरक हुन सक्छन् ।

आगामी आर्थिक वर्ष भित्रमा सम्पत्ति र दायित्वको मूल्यमा महत्वपूर्ण समायोजन गराउन सक्ने अनुमान र धारणाहरु निम्न अनुसार रहेका छन्:

**क) सम्पत्ति, मेशिनरी र उपकरणको उपयोगी आयु**

व्यवस्थापनले प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा सम्पत्ति, मेशिनरी र उपकरणको उपयोगी आयु र अवशिष्ट मूल्यहरुको समीक्षा गर्दछ । संचालन दक्षता र लागतहरु सहित विभिन्न आन्तरिक र बाह्य कारकहरुमा आधारित रहि सम्पत्तिको प्राविधिक आयु र तिनीहरुको सम्भावित आर्थिक आयु दुवैको मूल्याङ्कनको आधारमा सम्पत्तिहरूको उपयोगी आयु फरक पर्न सक्दछ ।

**ख) सम्पत्ति, मेशिनरी र उपकरणको क्षयीकरण नोक्सानी**

प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा, कम्पनीले आफ्नो सम्पत्ति, मेशिनरी र उपकरणको अघि सारिएको रकममा कुनै क्षयीकरण नोक्सानीको संकेत भए नभएको समीक्षा गर्दछ । यदि यस्तो कुनै संकेत रहेको देखिएमा सम्पत्तिको असुल हुन सक्ने रकमको अनुमान गरिन्छ । बिक्रीको लागत समायोजन गरिएको रकम र प्रयोगको रकम मध्येको बढी हुने रकम नै असुल हुन सक्ने रकम हो । भविष्यको अनुमानित नगद प्रवाहलाई डिस्काउन्टिङ्ग गरी आएको वर्तमान रकमलाई प्रयोगको रकम मानिन्छ । भविष्यको नगद प्रवाहको अनुमानमा व्यवस्थापनको विभिन्न अनुमानहरू जस्तै वस्तुको मूल्य, बजारको माग र आपूर्ति, आर्थिक र नियामक वातावरण, डिस्काउन्ट दर लगायतका अन्य सान्दर्भिक कारकहरु समावेश गरिन्छन् । अनुमानमा समावेश उल्लेखित कारकहरुमा परिवर्तन हुँदा नगद प्रवाहमा प्रभाव परी सम्पत्तिको अघि सारिएको रकममा प्रभाव पार्न सक्दछ ।

**ग) स्थगन कर (Deferred Tax) को पहिचान**

सम्भावित करयोग्य नाफाको समय र स्तर तथा भविष्यका कर योजनासंग सम्बन्धित रणनीतिहरुको आधारमा मात्रै स्थगन कर सम्पत्तिको निर्धारण गरिने हुँदा यसमा व्यवस्थापनको महत्वपूर्ण अनुमान वा निर्णय आवश्यक पर्दछ । कम्पनीले वित्तीय विवरण तयार गर्दा उपलब्ध प्यारामिटरहरुमा आधारित भएर आफ्नो अनुमान र धारणा बनाएको हुन्छ । तर, विद्यमान परिस्थितिहरु र भविष्यका अनुमानहरु बजारमा आएका विभिन्न परिवर्तन वा समूहको नियन्त्रण भन्दा बाहिरका घटनाहरुका कारण परिवर्तन हुन सक्दछन् ।

अस्थायी भिन्नताहरुमा आधारित भएर भविष्यको ज्ञात करको दर प्रयोग गरी स्थगन करको गणना गरिन्छ । व्यवस्थापनले यी सम्पत्तिहरु पुनःप्राप्त हुने सम्भावना रहेको विश्वास गर्ने अवस्थामा मात्र अस्थायी भिन्नताबाट उत्पन्न हुने सम्पत्तिहरुलाई स्थगन कर सम्पत्तिको रुपमा पहिचान गरिन्छ ।

**घ) अन्य दीर्घकालीन कर्मचारी सुविधाहरु**

कर्मचारीहरुले संचित गरेको बिदाको आधारमा भविष्यमा प्राप्त गर्ने रकमको दायित्व निर्धारण गर्न महत्वपूर्ण अनुमान आवश्यक पर्दछ । यस्तो रकम सामान्यतः कर्मचारीको अवकाश वा रोजगारी समाप्त हुँदा भुक्तानी गरिन्छ । दायित्वको मूल्याङ्कन ब्याज दर, वार्षिक पारिश्रमिक वृद्धिको दर, बाँकी सेवा अवधि आदि जस्ता आधारभूत कारकहरू प्रयोग गरी योग्य बीमांकी (Actuary) द्वारा गरिन्छ । उल्लेखित कारकहरु बजार परिवर्तन वा कानुनी परिवर्तनको कारण परिवर्तन हुन सक्छन्, जुन समूहको नियन्त्रण भन्दा बाहिरका कारकहरु हुन् ।

**२.१.४ कार्यात्मक र प्रस्तुति मुद्रा**

वित्तीय विवरणहरु नेपाली रूपैयाँमा तयार गरी प्रस्तुत गरिन्छ, जुन समूहको कार्यात्मक मुद्रा पनि हो ।

**२.२ लेखा नीतिहरू**

वित्तीय विवरणहरु तयार गर्दा अपनाइएका प्रमुख लेखा नीतिहरु यसपछि उल्लेख गरिएका छन् । नीतिहरु अन्यथा उल्लेख गरिए बाहेक प्रस्तुत सबै वर्षहरुमा निरन्तर रुपमा लागू गरिएको छ । वित्तीय विवरणहरु तयार गर्न निश्चित लेखा अनुमानहरु प्रयोग गर्न आवश्यक छ । वित्तीय विवरणहरु तयार गर्दा महत्वपूर्ण निर्णय र अनुमान गरिएका क्षेत्रहरु र तिनीहरुको प्रभावहरुको विषयमा सम्बन्धित क्षेत्रमा नै खुलासा गरिएको छ ।

**२.२.१ एकिकृत वित्तीय विवरण तयार गर्ने आधार**

समूहले अर्को निकायको वित्तीय र सञ्चालन नीतिहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नियन्त्रण गर्ने हैसियत राखेमा र यसको गतिविधिहरुबाट लाभ प्राप्त गर्न सक्ने अवस्था रहेमा त्यस्तो अर्को निकायलाई सहायक कम्पनीको रुपमा वर्गीकृत गरिन्छ । एकिकृत वित्तीय विवरणहरुले कम्पनी र सहायक कम्पनीहरु ("समूह") को परिणामहरुलाई एकल इकाईको रूपमा प्रस्तुत गर्दछ ।

सहायक कम्पनीको वित्तीय विवरणहरुको एकिकरण (Consolidation) नेपाल वित्तीय प्रतिवेदन मान १० को एकिकृत वित्तीय विवरण (NFRS 10: Consolidated Financial Statements) अनुसार गरिएको छ । एकिकृत वित्तीय विवरण तयार गर्दा सहायक कम्पनीको

वित्तीय विवरणहरुका सम्पत्ति, दायित्व, इक्विटी, आय, खर्च र नगद प्रवाहका समान शिर्षकहरूलाई मुख्य कम्पनी (Parent Company) मा जोडिन्छ। मुख्य कम्पनीले सहायक कम्पनीमा गरेको लगानीको लेखा मूल्य र सहायक कम्पनीको इक्विटीमा मुख्य कम्पनीको हिस्सा हटाइन्छ। समूहभित्रका इकाईहरु बीच भएको लेनदेन सम्बन्धी सबै आन्तरिक समूह सम्पत्ति, दायित्व, इक्विटी, आय, खर्च र नगद प्रवाहलाई एकिकृत वित्तीय विवरण तयार गर्दा हटाइन्छ। एकिकृत वित्तीय विवरणमा कम्पनीको पूर्ण स्वामित्वको सहायक कम्पनीले एशोसियट्स कम्पनीमा गरेको लगानीलाई ईक्विटी विधिको सट्टामा लागतमा मुल्यांकन गरिएको छ।

**२.२.२ एशोसियट्स कम्पनीहरु (Associates)**

एशोसियट्स कम्पनीको नाफा नोक्सानमा रहेको समूहको अंशलाई समूहको एकीकृत नाफा नोक्सानमा आयको रूपमा समावेश गरी लगानी हिसाबमा समायोजन गरिन्छ। उक्त एशोसियट्स कम्पनीबाट प्राप्त भएको लाभांशलाई समूहको लगानी रकमबाट घटाइन्छ। एशोसियट्स कम्पनीको अन्य विस्तृत आम्दानीमा कुनै रकम भएमा सो मा आफ्नो स्वामित्वको अंश समेत समूहको अन्य बिस्तृत आय बिवरणमा समावेश गरिन्छ।

एशोसियट्स कम्पनीमा लगानी गर्दा पहिचान योग्य सम्पत्ति, दायित्व र आकस्मीक दायित्वहरु सहितको उक्त एशोसियट्स कम्पनीको शेयरको उचित मूल्यभन्दा बढी भुक्तान गरिएको कुनै पनि प्रिमियमलाई लगानीमा पूँजीकृत गरी एशोसियट्स कम्पनीको अघि सारिएको रकममा समावेश गरिन्छ। कुनै एशोसियट्स कम्पनीमा गरिएको लगानीमा क्षयीकरणका संकेतहरू देखिएमा अन्य गैर वित्तीय सम्पत्ति जस्तै क्षयीकरण नोक्सानीको परीक्षण गरिन्छ।

कम्पनीको पूर्ण स्वामित्वको सहायक कम्पनीले एशोसियट्स कम्पनीमा गरेको लगानीलाई लागतमा मुल्यांकन गरिएको छ।

**२.२.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**क) पहिचान**

कुनै वित्तीय उपकरणको करारजन्य व्यवस्थाको एक पक्षको रूपमा अनुबन्धन भएपछि मात्र सोसंग सम्बन्धित वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान गरिन्छ।

वित्तीय सम्पत्ति तथा दायित्वहरूको प्रारम्भिक मूल्याङ्कन उचित मूल्यमा गरिन्छ। नाफा वा नोक्सान मार्फत उचित मूल्य (Fair Value Through Profit or Loss) मा बर्गीकरण गरिने वित्तीय सम्पत्ति वा वित्तीय दायित्व बाहेक अन्य वित्तीय सम्पत्ति वा वित्तीय दायित्वहरूलाई कारोबारको उचित मूल्यमा त्यस्तो सम्पत्ति वा दायित्वको प्राप्तीसँग सम्बन्धित प्रत्यक्ष कारोबार लागतहरू समावेश गरी प्रारम्भिक मापन गरिन्छ।

**ख) वर्गीकरण र मापन**

**वित्तीय सम्पत्ति**

वित्तीय सम्पत्तिहरुको बर्गीकरण र मापन यस कुरामा निर्भर गर्दछ कि ती कसरी व्यवस्थापन गरिन्छन् (निकायको व्यापार ढाँचा) र तिनीहरुको अनुबंधात्मक नगद प्रवाह विशेषताहरुमा निर्भर रहन्छ। वित्तीय सम्पत्तिहरु परिशोधित लागतमा वा अन्य विस्तृत आय मार्फत उचित मूल्यमा वा नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिन्छ भन्ने यी कारकहरुले निर्धारण गर्दछन्।

**–परिशोधित लागतमा :** करारजन्य नगद प्रवाह प्राप्त गर्न धारण गर्ने उद्देश्य भएको व्यवसायीक ढाँचा अन्तर्गत धारण गरिने तथा करारमा उल्लेखित शर्तहरूले निश्चित मितिमा निश्चित वा निर्धारण योग्य भुक्तानीहरु प्रदान गर्ने वित्तीय सम्पत्तिहरूलाई परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिमा बर्गीकरण गरिन्छ। यिनीहरूको प्रारम्भिक मापन कारोबारको उचित मूल्यमा त्यस्तो सम्पत्ति प्राप्तीसँग प्रत्यक्ष सम्बन्धित कारोबार लागतहरू समावेश गरी गरिन्छ। प्रारम्भिक मापनको रकमलाई प्रभावकारी ब्याज विधि प्रयोग गरी परिशोधित लागत विधिबाट, क्षयीकरण नोक्सानीको रकम घटाई प्रारम्भिक मापन पछिको मापन गरिन्छ।

**–नाफा वा नोक्सान मार्फत उचित मूल्यमा:** समूहले वित्तीय सम्पत्तिहरुको उचित मूल्य घटबढको आधारमा खरीद र बिक्री निर्णय गर्ने व्यवसायीक ढाँचा रहेको अवस्थामा त्यस्ता सम्पत्तिहरूलाई नाफा वा नोक्सान मार्फत उचित मूल्यमा बर्गीकरण गरिन्छ। सम्पत्ति प्राप्तिसँग सम्बन्धित प्रत्यक्ष कारोवार लागतहरूलाई आय विवरणमा लेखांकन गरिन्छ।

**–अन्य विस्तृत आय मार्फत उचित मूल्यमा:** यस अन्तर्गत माथिको दुई बर्गीकरणमा समावेश नभएमा गैर-व्युत्पन्न वित्तीय सम्पत्तिहरु पर्दछन्। यिनीहरूको प्रारम्भिक मापन कारोबारको उचित मूल्यमा त्यस्तो सम्पत्ति प्राप्तीसँग प्रत्यक्ष सम्बन्धित कारोवार लागतहरू समावेश गरी गरिन्छ। प्रारम्भिक मापन पछि, वित्तीय सम्पत्तिहरु उचित मूल्यमा मापन गरिन्छ र उचित

मूल्यमा भएका परिवर्तनहरूलाई अन्य विस्तृत आयमा प्रस्तुत गरी उचित मूल्य रिजर्भमा प्रस्तुत गरिन्छ। सम्पत्ति डि-रेकग्नाइज गर्दा यस रिजर्भलाई संचित नाफामा सारिन्छ।

**वित्तीय दायित्वहरू**

सबै वित्तीय दायित्वहरु प्रारम्भिक रुपमा कारोबार मितिमा पहिचान गरिन्छ। कारोबार मिति भन्नाले समूह उक्त उपकरणको संविदात्मक प्रावधानहरुको पक्ष बन्ने मिति हो। प्रारम्भिक मापन पछि वित्तीय दायित्वहरुलाई प्रभावकारी ब्याज दर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ।

ग) **डि-रेकग्निसन**

**वित्तीय सम्पत्ति**

वित्तीय सम्पत्तिहरुबाट नगद प्रवाहको लागि अनुबंधित अधिकारहरु समाप्त हुंदा वा यसले वित्तीय सम्पत्तिहरुको स्वामित्वको सबै जोखिम र इनामहरु हस्तान्तरण हुने गरी अनुबंधात्मक नगद प्रवाहहरु प्राप्त गर्ने अधिकारहरु हस्तान्तरण गर्दा वा समूहले जोखिम र इनामहरु पनि बहन नगर्ने तथा सम्पत्तिमा नियन्त्रण कायम पनि नगर्ने अवस्थामा वित्तीय सम्पत्तिलाई डि-रेकग्नाइज गरिन्छ। वित्तीय सम्पत्ति डि-रेकग्नाइज गर्दा, सम्पत्तिको अघि सारिएको रकम (वा डि-रेकग्नाइज गरिएको सम्पत्तिको अंशमा रकम) र (क) प्राप्त भएको रकम (कुनै पनि नयाँ सम्पत्ति प्राप्त गरेको रकमबाट नयाँ दायित्व ग्रहण गरिएको रकम घटाई आउने रकम सहित) तथा (ख) अन्य विस्तृत आयमा लेखांकन गरिएको कुनै पनि संचित लाभ वा नोक्सान रकमको जोड बीचको फरक रकमलाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ।

**वित्तीय दायित्वहरू**

समूहले आफ्नो अनुबन्धात्मक दायित्वहरु भुक्तानी गर्दा वा रद्द गर्दा वा म्याद समाप्त हुंदा वित्तीय दायित्वलाई डि-रेकग्नाइज गरिन्छ।

घ) **अफसेटिङ**

वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरुलाई मिलान गरी राफसाफ गर्ने कानूनी अधिकार रहेमा र समूहले सम्पत्ति र दायित्वलाई खुद मूल्यमा मिलना गर्ने वा सम्पत्ति बापतको प्राप्ती तथा दायित्वको भुक्तानी एकै साथ गर्ने मनसाय राखेमा वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरुलाई अफसेट गरी खुद सम्पत्ति वा दायित्व वित्तीय विवरणमा पेश गरिन्छ।

ङ) **परिशोधित लागत मापन**

परिशोधित लागत भन्नाले वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको प्रारम्भिक मापनमा भुक्तानी गरेको साँवा रकम घटाई प्रारम्भिक मापनको रकम र परिपक्वता मितिमा प्राप्त हुने रकमबीचको फरकलाई प्रभावकारी ब्याज पद्धति प्रयोग गरेर क्रमिक रुपमा समायोजन गरी क्षयीकरण नोक्सानीलाई घटाई हुन आउने रकम हो।

च) **उचित मूल्य मापन**

वित्तीय साधनको उचित मूल्य भनेको मापन मितिमा बजारमा सहभागीहरूको बीचमा व्यवस्थित लेनदेन मार्फत सम्पत्ति बिक्री गर्दा प्राप्त हुने रकम वा दायित्व अन्त्य गर्दा भुक्तानी गर्नुपर्ने रकम हो। वित्तीय उपकरण संगठित र तरल बजारमा कारोबार गरेको अवस्थामा उल्लेखित बजार मूल्यहरुले उचित मूल्यलाई प्रतिनिधित्व गर्दछ। उद्धृत बजार मूल्यहरु उपलब्ध नभएको अवस्थामा उचित मूल्यहरु अन्य विधिहरुद्वारा अनुमान गरिन्छ।

छ) **क्षयीकरण (Impairment) नोक्सानीको पहिचान र मापन**

**वित्तीय सम्पत्ति**

प्रत्येक प्रतिवेदन मितिमा समूहले कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिहरुको समूहमा क्षयीकरण (Impairment) भएको छ कि छैन भन्ने विषयमा वस्तुगत प्रमाण (Objective Evidence) को मूल्यांकन गर्दछ। जब प्रारम्भिक पहिचान पछि एक वा बढी घटनाहरु घटेका हुन्छन् र ती घटनाहरूको प्रत्यक्ष प्रभाव ती सम्पत्तिहरुका अनुमानित भविष्यका नगद प्रवाहहरुमा पर्न सक्ने अवस्थामा तीनको प्रभाव विश्वसनीय रुपमा अनुमान गर्न सकिन्छ, तब कुनै वित्तीय सम्पत्ति वा सम्पत्तिहरुको समूहमा क्षयीकरण भएको मानिन्छ।

वित्तीय सम्पत्तिहरुमा क्षयीकरण भएको वस्तुगत प्रमाणमा निम्न कुराहरु समावेश हुन सक्दछन :

- आसामीको वित्तीय कठिनाइको स्पष्ट संकेतहरु देखिनु,

- आसामीबाट सम्झौताको उल्लङ्घन, जस्तै रकम तिर्न असफल हुनु वा भुक्तानीमा ढिलाइ गर्नु,
- आसामीको भुक्तानी स्थितिमा प्रतिकूल परिवर्तनजस्ता सम्पत्तिहरुको समूहसँग सम्बन्धित देखिने तथ्यांक

सम्पत्तिको किताबी मूल्य र व्यवस्थापनले सो पार्टीको वित्तीय अवस्थाको मूल्यांकन तथा आफ्नो उचित अनुमानका आधारमा असुल हुनसक्ने रकम बीचको अन्तरका रुपमा नोक्सानीको रकम मापन गरिन्छ । जुन रकमहरु असुल हुने सम्भावना कम देखिन्छ, तिनीहरुको लागि क्षयीकरण नोक्सानी लेखांकन गरी सो रकम नाफा नोक्सान विवरणमा खर्चको रुपमा प्रस्तुत गरिन्छ । यसका अतिरिक्त, सूचीबद्ध नभएको इक्विटीमा गरिएको लगानीको हकमा, त्यसको नेट वर्थ मा महत्वपूर्ण वा लामो अवधिसम्मको गिरावट आउनु नोक्सानी भएको वस्तुगत प्रमाण मानिन्छ ।

क्षयीकरण नोक्सानीलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ र आसामीहरूसँग प्राप्त गर्न बाँकी कुल रकमबाट कम गरी प्रस्तुत गरिन्छ । इक्विटी लगानीमा भएको क्षयीकरण नोक्सानीलाई अन्य विस्तृत आय विवरण मार्फत लेखांकन गरिन्छ । क्षयीकरण नोक्सानी भएका सम्पत्तिहरुमा ब्याज आम्दानी भने डिस्काउन्टको रिभर्सल विधिबाट लेखांकन गरिन्छ । क्षयीकरण नोक्सानी लेखांकन गरे पश्चात यदी कुनै घटना घटेको कारणले क्षयीकरण नोक्सानी रकममा कमी आएमा सो घटेको रकमलाई आम्दानी विवरण मार्फत उल्ट्याइन्छ (बिक्रीको लागि उपलब्ध लगानीको हकमा उक्त लेखांकन ओसिआई मार्फत गरिन्छ) ।

यदि पछिल्लो अवधिमा इक्विटीमा लगानीको उचित मूल्यमा बृद्धि हुन्छ र सो बृद्धि पहिलेको क्षयीकरण नोक्सानी पछिको कुनै वस्तुगत रुपमा प्रमाणित घटनासँग सम्बन्धित हुन्छ भने, सो क्षयीकरण नोक्सानीलाई रिभर्स गरी नाफा नोक्सान विवरणमा समायोजन गरिन्छ । तर, यदि बृद्धि त्यस्तो वस्तुगत घटनासँग सम्बन्धित छैन भने सो उचित मूल्यमा भएको बृद्धिलाई अन्य विस्तृत आय मार्फत लेखांकन गरिन्छ ।

### २.२.४ गैर-वित्तीय सम्पत्तिहरूको क्षयीकरण नोक्सानी

बिभिन्न घटनाहरु वा परिस्थितिहरुमा परिवर्तनले सम्पत्तिको अघि सारिएको रकम वा खुद किताबी मूल्य पुनः प्राप्ति हुन सक्दैन भन्ने संकेत गरेको अवस्थामा गैर-वित्तीय सम्पत्तिहरुमा क्षयीकरण नोक्सानी रहे नरहेको समीक्षा गरिन्छ । सम्पत्तिको खुद किताबी मूल्यभन्दा उक्त सम्पत्तिबाट प्राप्त गर्न सकिने लाभ कम भएमा क्षयीकरण नोक्सानीको पहिचान गरी लेखांकन गरिन्छ । सम्पत्तिबाट प्राप्त गर्न सकिने लाभ भन्नाले सम्पत्तिको प्रयोग गरेर प्राप्त गर्न सकिने रकम वा सम्पत्तिको उचित मुल्यबाट निसर्गको खर्च घटाई प्राप्त गर्न सकिने रकममध्ये जुन बढी हुन्छ, सोहि रकम हो । प्रत्येक प्रतिवेदन मितिमा तत्कालीन अवस्थाको अनुमानहरूको आधारमा क्षयीकरण नोक्सानीको समिक्षा गरिन्छ । क्षयीकरण नोक्सानीलाई, अन्य विस्तृत आयमा भएको नाफाको रिभर्स गर्ने अवस्थामा बाहेक, नाफा वा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

### २.२.५ विदेशी मुद्रा

समूहले प्राथमिक आर्थिक वातावरणको मुद्रा (कार्यात्मक मुद्रा) बाहेक अन्य मुद्रामा गरेका कारोबारहरू सोहि मितिको बिनिमय दर प्रयोग गरी लेखांकन गरिन्छ । बिदेशी मुद्रामा रहेका मौद्रिक सम्पत्ति तथा दायित्वहरु प्रतिबेदन मितिको बिनिमय दर प्रयोग गरि कार्यात्मक मुद्रामा परिवर्तन गरिन्छ र सो गर्दा हुन आउने नाफा वा नोक्सानलाई समूहको नाफा वा नोक्सान बिवरणमा प्रस्तुत गरिन्छ ।

### २.२.६ सम्पत्ति, मेशिनरी र उपकरण

सम्पत्ति, मेशिनरी र उपकरणहरूको प्रारम्भिक मापन उक्त सम्पत्तिको लागतमा गरिन्छ । लागतमा खरिद मूल्य र प्रत्यक्ष लागतहरूका साथै भविष्यमा उक्त सम्पत्ति उक्त स्थानबाट हटाउँदा लाग्न सक्ने अनुमानित अपरिहार्य लागतको वर्तमान रकम समेत समावेश हुन्छ । प्रारम्भिक मापन पछि गरिने अन्य खर्चहरूले भविष्यमा समूहलाई लाभ प्रदान गर्न सक्ने देखिएमा मात्र उक्त खर्चलाई सम्पत्तिमा पुंजीकरण गरिन्छ । अन्यथा, यस्ता खर्चहरूलाई सामान्य मर्मत खर्चको रुपमा लेखांकन गरिन्छ ।

सम्पत्तिको प्रत्येक मुख्य अंश वा कम्पोनेन्ट/भागको लागतले उक्त सम्पत्तिको कुल लागतमा महत्वपूर्ण हिस्सा ओगट्ने भएमा त्यस्तो प्रत्येक मुख्य अंश वा कम्पोनेन्ट/भागको लागत छुट्टाछुट्टै पहिचान गरी लेखांकन गरिन्छ । यस्ता कम्पोनेन्टहरु तिनीहरुको उपयोगी आयुभरमा ह्रासकट्टी गरिन्छ भने बाँकी कम्पोनेन्टहरूलाई मूल सम्पत्तिकै उपयोगी आयुको आधारमा ह्रासकट्टी गरिन्छ ।

प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा सम्पत्ति, मेशिनरी र उपकरणहरूको अवशिष्ट मूल्य, उपयोगी आयु तथा ह्रासकट्टी विधि पुनरावलोकन गरी आवश्यकता अनुसार समायोजन गरिन्छ ।

सम्पत्तिहरूको निसर्ग गरेपछि वा सो सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभ प्राप्त नहुने अपेक्षा गरिएमा समूहको लेखाबाट त्यस्तो सम्पत्तिलाई डि-रिकग्नाइज गरिन्छ । त्यस्तो सम्पत्तिको निसर्गबाट प्राप्त भएको खुद रकम र सोको किताबी रकमको फरकलाई नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

**निर्माणाधीन सम्पत्ति**

निर्माणको क्रममा रहेका सम्पत्तिहरुलाई निर्माणाधीन सम्पत्ति अन्तर्गत प्रस्तुत गरिन्छ । व्यवस्थापनको उद्धेश्य अनुसार उक्त सम्पत्तिहरू प्रयोगको लागि उपलब्ध भए पश्चात सम्बन्धित सम्पत्तिको शिर्षकमा पूँजीकरण गरी ह्रासकट्टी गरिन्छ ।

**अवशिष्ट मूल्य**

सोल्टी होटल लिमिटेडले आफ्नो सबै सम्पत्ति, मेशिनरी र उपकरणहरूको अवशिष्ट मूल्य उक्त सम्पत्तिको मूल लागतको ५% निर्धारण गरेको छ ।

**ह्रासकट्टी**

जग्गाको ह्रासकट्टी गरिदैन । निर्माणाधीन सम्पत्तिहरुको ह्रासकट्टी ती सम्पत्तिहरू पूर्ण प्रयोगको लागि उपलब्ध नभएसम्म सुरू हुँदैन । अन्य सबै सम्पत्ति, मेशिनरी र उपकरणहरूलाई तिनीहरूको ह्रासयोग्य मूल्यलाई सम्पत्तिको उपयोगी आयु भरिमा खर्च लेखांकन गर्नको निमित्त हरेक वर्ष ह्रासकट्टी गरिन्छ ।

सम्पत्ति, मेशिनरी र उपकरणहरूलाई उपयोगी आयुको आधारमा समदर विधिमा (Straight Line Method) ह्रासकट्टी गरिन्छ । सोल्टी होटल लिमिटेडको व्यवस्थापनले निर्धारण गरेको उपयोगी आयु निम्न अनुसार रहेका छन् :

| सम्पत्तिको वर्ग | अनुमानित उपयोगी आयु |
|---|---|
| भवन | ३५-७० वर्ष |
| अन्य सिभिल संरचना | २० ३५ वर्ष |
| प्लान्ट र मेसिनरी | १०-३० वर्ष |
| सवारी साधन | १०-२० वर्ष |
| कम्प्युटर र यस्तै उपकरण | ७ वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| फर्निचर, फिक्स्चर र फर्निसिङ | १० वर्ष |
| लिजहोड सम्पत्ति | ३ वर्ष |

**२.२.७ अमूर्त सम्पत्ति**

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएका कम्प्युटर सफ्टवेयर इजाजतपत्रहरु प्राप्त गर्न लाग्ने लागत तथा प्रयोगमा ल्याउँदासम्मको लागतको आधारमा पूँजीकृत गरिन्छ । सम्पूर्ण लागतहरूलाई अनुमानित उपयोगी आयुको आधारमा परिशोधन गरिन्छ ।

**२.२.८ लगानी सम्पत्ति**

समूहले आफ्नो मुख्य सञ्चालन कार्यको लागि बाहेक अन्य उद्देश्यको लागि समेत सम्पत्तिको स्वामित्व राखेको छ । भाडा आम्दानी गर्ने वा लगानीको मूल्यांकन वृद्धिको लागि धारण गरिएका यस्ता जग्गा वा भवनलाई लगानी सम्पत्तिको रुपमा वर्गीकृत गरिन्छ ।

लगानी सम्पत्तिहरू प्रारम्भिक रुपमा लागतमा पहिचान गरिन्छ । लागतमा खरिद मूल्य र प्रत्यक्ष लागतहरूका साथै भविष्यमा उक्त सम्पत्ति उक्त स्थानबाट हटाउँदा लाग्न सक्ने अनुमानित अपरिहार्य लागतको वर्तमान रकम समेत समावेश हुन्छ । प्रारम्भिक मापन पछि गरिने अन्य खर्चहरूले भविष्यमा समूहलाई लाभ प्रदान गर्न सक्ने देखिएमा मात्र उक्त खर्चलाई सम्पत्तिमा पुँजीकरण गरिन्छ । अन्यथा, यस्ता खर्चहरूलाई सामान्य मर्मत खर्चको रुपमा लेखांकन गरिन्छ ।

कुनै सम्पत्ति, मेशिनरी र उपकरणहरूको प्रयोगमा परिवर्तन आई उक्त सम्पत्ति लगानी सम्पत्तिको रूपमा कायम रहन गएमा, उक्त सम्पत्तिको किताबी रकम र उचित मुल्य बीचको फरक रकमलाई नाफा भएको अवस्थामा सिधै इक्विटीमा लेखांकन गरी सम्पत्तिको निसर्गमा उक्त रकमलाई संचित नाफामा समावेश गरिन्त भने नोक्सान भएको अवस्थामा नाफा नोक्सान विवरणमा समावेश गरिन्छ । तेस्रो पक्षले समूहको लगानी सम्पत्तिको प्रयोग गरे बापत प्राप्त हुने आम्दानीलाई सञ्चालन पट्टाबाट पट्टा आयको रुपमा लेखांकन गरिन्छ । पट्टा भाडा समय-समयमा मुद्रास्फीति दरको लागि समायोजन गरिन्छ र सोही रकम संचालन पट्टा आयको रुपमा लेखांकन गरिन्छ, जुन NFRS 16 Leases मा सिफारिस गरिएको समदर विधिभन्दा बढी प्रतिनिधिमूलक रहेको समूहको विश्वास छ ।

**अवशिष्ट मूल्य**

समूहले ह्रासयोग्य लगानी सम्पत्तिको अवशिष्ट मूल्य उक्त सम्पत्तिको मूल लागतको ५% रहने गरी मूल्याङ्न गरेको छ ।

**ह्रासकट्टी**

लगानी सम्पत्तिको अंशको रूपमा रहेको जग्गामा ह्रासकट्टी गरिँदैन भने अन्यको हकमा सम्पत्तिहरूको उपयोगी आयु भरमा सम्पत्तिको ह्रासयोग्य रकमलाई खर्च लेखांकन गर्ने गरी समदर विधिमा ह्रासकट्टी गरिन्छ । व्यवस्थापनले ह्रासयोग्य लगानी सम्पत्तिको उपयोगी आयु ५५ वर्ष रहने अनुमान गरेको छ ।

**२.२.९ लगानी**

विभिन्न कम्पनीहरुको सेयरमा गरिएको लगानीलाई परिशोधित लागत वा उचित मूल्यमा मापन गर्ने गरी वर्गीकृत गरिन्छ । लगानीको वर्गीकरण र प्रारम्भिक मापन पछिको मापन त्यस्ता लगानीहरु अनुबन्धात्मक नगद प्रवाह विशेषताहरु प्रबन्ध गर्ने व्यवसायीक ढाँचामा निर्भर हुन्छ ।

परिशोधित लागतमा मापन गरिएको अवस्थामा बाहेक लगानीलाई उचित मूल्यमा मापन गरिन्छ । करारजन्य नगद प्रवाह प्राप्त गर्न धारण गर्ने उद्देश्य भएको व्यवसायीक ढाँचा अन्तर्गत धारण गरिने तथा करारमा उल्लेखित शर्तहरूले निश्चित मितिमा निश्चित वा निर्धारण साँवा वा ब्याज वा दुवै भुक्तानीहरु प्रदान गर्ने लगानीलाई परिशोधित लागतमा मापन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका लगानीहरुको पछिल्लो मापनमा भएका परिवर्तनहरुलाई नाफा वा नोक्सान विवरणमा समावेश गरिन्छ । अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिएका लगानीको पछिल्लो मापनमा भएका परिवर्तनहरुलाई अन्य विस्तृत आयमा समावेश गरिन्छ । यस्तो रकम समूहको इक्विटीको अंशको रूपमा रहन्छ । अन्य सबै परिवर्तनलाई नाफा वा नोक्सान विवरणमा समावेश गरिन्छ ।

**२.२.१० जिन्सी मौज्दात**

खाद्यान्न, पेय पदार्थ लगायतका सञ्चालन सम्बन्धि सामानहरूको प्रारम्भिक मापन लागतमा र त्यसपछिको मापन लागत वा खुद प्राप्य रकम मध्येको कम हुने रकममा गरिन्छ । अनुमानित बिक्री मूल्यमा सम्पन्न गर्न लाग्ने खर्च तथा बिक्रीमा लाग्ने खर्च घटाई हुन आउने रकम नै खुद प्राप्य रकम हो ।

जिन्सी मौज्दातको लागत भारित औसत विधिको आधारमा निर्धारण गरिन्छ । वस्तुहरु प्राप्त गर्न र तिनीहरुलाई हालको स्थान र अवस्थामा ल्याउन गरिएको प्रतक्ष्य खर्चहरूलाई लागतमा समावेश गरिन्छ ।

**२.२.११ नगद र नगद सरह**

नगद र नगद समान भन्नाले नगद, बैंक तथा वित्तीय संस्थामा रहेको चालु/माग खातामा रहेको निक्षेप तथा तत्काल नगदमा परिणत गर्न सकिने र मूल्य परिवर्तनको अत्यन्त कम जोखिम रहेको छोटो अवधिको अत्याधिक तरल लगानीलाई जनाउँदछ । खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात ९० दिनसम्ममा परिपक्व हुने मौद्रिक उपकरण अथवा प्लेसमेन्ट यस वर्गमा पर्दछन् ।

**२.२.१२ व्यापार र अन्य प्राप्य**

व्यापार र अन्य प्राप्यहरु कारोबार रकममा क्षयीकरण नोक्सानीलाई घटाई प्रस्तुत गरिन्छ । कर्मचारीलाई प्रदान गरिएको कर्जालाई परिशोधित लागतमा मापन गरिन्छ । समान किसिमका कर्जाको तुलनात्मक बजार दरलाई ध्यानमा राखी सहुलियत दरको निर्धारण गरिन्छ । कर्जाको परिशोधित मूल्य र किताबी मूल्यको फरक रकमलाई कर्जा अवधि भरमा नाफा वा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

**२.२.१३ शेयर पूँजी**

समूहले जारी गरेको वित्तीय साधनहरुलाई वित्तीय दायित्व वा वित्तीय सम्पत्तिको परिभाषा पूरा नगर्ने हदसम्म मात्र इक्विटीको रुपमा वर्गीकृत गरिन्छ । समूहको इक्विटी शेयरलाई इक्विटी उपकरणको रूपमा वर्गीकरण गरिएको छ ।

**२.२.१४ कर्मचारी सुविधाहरू**

कर्मचारी सुविधाहरूमा परिभाषित लाभ योजना तथा परिभाषित योगदान योजना पर्दछन् । कर्मचारी सुविधाहरू अन्तर्गत कम्पनीले उपदान, संचयकोष तथा संचित विदा वापतको भुक्तानी सुविधाहरू प्रदान गर्दछ । यस्ता सुविधाहरू कर्मचारी सेवा विनियमावली तथा कर्मचारी र कम्पनी बीचको सामूहिक सौदाबाजी सम्झौताको आधारमा तय तथा भुक्तानी हुन्छन् ।

**संचय कोष-परिभाषित योगदान योजना**

कम्पनीले सामाजिक सुरक्षा कोषमा पूर्व-निर्धारित संचय कोष वापतको रकम जम्मा गर्दछ । यसरी भुक्तानी गरेपछि भविष्यमा थप रकम

भुक्तानी गर्न समूहको कुनै कानूनी वा रचनात्मक दायित्व रहँदैन । योगदान कोषमा जम्मा गरेको रकमलाई सम्बन्धित वर्षको नाफा वा नोक्सान विवरणमा खर्च लेखांकन गरिन्छ ।

**उपदान-परिभाषित योगदान योजना**

कम्पनीले कर्मचारीहरुलाई उपदानको रुपमा सामाजिक सुरक्षा कोषमा पूर्व-निर्धारित रकम बुझाउने गरेको छ । नेपालको श्रम कानुन बमोजिम २०७६ फाल्गुणसम्म कम्पनीले कर्मचारीको आधारभूत तलबको ८.३३% ले हुन आउने रकम उपदान दायित्व रहेको छ र २०७६ चैत्र पश्चात उक्त रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिएको छ । वित्तीय विवरणमा प्रस्तुत गरिएको उपदान दायित्व प्रत्येक प्रतिवेदन मितिमा उपदान बापत भुक्तानी गर्नुपर्ने वास्तविक दायित्व रकम हो ।

**अल्पकालीन र दीर्घकालीन रोजगारी सुविधाहरू**

कर्मचारीहरुलाई ज्याला र तलब, वार्षिक बिदा र बिरामी बिदाको बापतमा भुक्तानी गर्नुपर्ने रकमहरूलाई सेवा प्रदान गरेको अवधिमा नै डिस्काउन्टिङ्ग नगरी आएको रकम बराबर दायित्व लेखांकन गरिन्छ ।

कर्मचारीको सेवाको बापत भुक्तानी गर्नुपर्ने अल्पकालीन रोजगारी लाभहरूलाई डिस्काउन्टिङ्ग नगरी कायम हुने रकममा दायित्व लेखांकन गरिन्छ ।

प्रतिवेदन मिति समाप्त भएको बाह्र महिना भित्रमा भुक्तानी गर्नुपर्ने भनी अनुमान नगरिएका संचित बिदा बापतको रकमलाई बिमांकीय मुल्यांकन विधिबाट गणना भएको वर्तमान मूल्य बराबरको रकमलाई दायित्वको रूपमा लेखांकन गरिन्छ ।

**२.१५ आयकर**

**स्थगन कर**

भविष्यमा कर योग्य मुनाफा उपलब्ध हुने सम्भावना भएको हदसम्म मात्र स्थगन कर सम्पत्तिको पहिचान तथा मापन गरिन्छ । प्रत्येक प्रतिवेदन मितिमा स्थगन कर सम्पत्तिको समीक्षा गरिन्छ र सम्पत्तिको पूर्ण वा आंशिक पुन: प्राप्त गर्न पर्याप्त करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना नभएको हदसम्म सो लाई समायोजन गरिन्छ ।

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरण तथा कर आधारबीचको अस्थायी भिन्नताहरु रहेको अवस्थामा स्थगन कर लेखांकन गरिन्छ । भविष्यमा सम्पत्तिबाट प्राप्ती तथा दायित्वको अन्त्य हुँदाको वखतमा हाल ज्ञात भएको भविष्यको करको दरमा स्थगन करको हिसाब गरिन्छ ।

**चालु कर**

प्रतिवेदन मितिमा कायम करको दर प्रयोग गरी सम्बन्धित आर्थिक बर्षको करयोग्य आम्दानीमा भुक्तानी गर्ने अपेक्षित कर नै चालु कर हो । यसमा अघिल्लो बर्षहरुको सन्दर्भमा आयकरमा कुनै समायोजन भएको भएमा सो समेत समावेश गरिन्छ । व्यवस्थापनको अनुमान अनुसार आयकर ऐनको प्रावधान अधिन रहि उचित हिसाबले चालु करको गणना गरिन्छ ।

कम्पनीको सामान्य करको दर २५% हो । कम्पनीले आयकर ऐन २०५८ को दफा ११(२छ) को प्रावधान अनुसार सामान्य कर दरमा १५% छुट पाएको छ । सोहि अनुसार, चालु आर्थिक बर्षको लागि कम्पनीमा लाग्ने आयकरको दर २१.२५% रहेको छ (गत बर्षको दर २१.२५% थियो) ।

**२.२.१६ आम्दानी**

समूहले गरेको कारोबारबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुने सम्भावना हुँदा तथा सो कारोबार सम्बन्धित लागेको वा लाग्न सक्ने लागतहरुलाई विश्वसनीय रुपमा मापन गर्न सकिएमा उक्त कारोबारलाई आम्दानीको रूपमा लेखांकन गरिन्छ । मूल्य अभिवृद्धि कर, नागरिक उड्डयन शुल्क र बिलासिता कर बाहेकको रकमलाई उचित मूल्यमा आम्दानी लेखांकन गरिन्छ ।

**सेवा बिक्रीबाट आम्दानी**

सेवाहरु प्रदान गरिएको समयमा मूल्य अभिवृद्धि कर र बिलासिता कर बाहेकको खुद कारोबार रकमलाई आम्दानीको रूपमा लेखांकन गरिन्छ । सोल्टी गेट गोर्मेट (फ्लाइट क्याटरिङ डिभिजन) को बिक्री कारोबारबाट नागरिक उड्डयन शुल्क हटाई आम्दानी लेखांकन गरिन्छ ।

सेवाको प्याकेज बिक्रीबाट क्रेडिट र फिर्ताको रकम कम गरी आम्दानी लेखांकन गरिन्छ ।

**लाभांश**

भुक्तानी प्राप्त गर्ने अधिकार स्थापित भएपछि शेयरमा लगानीबाट प्राप्त हुने लाभांश आम्दानीलाई लेखांकन गरिन्छ ।

**अन्य आम्दानी**

रकम प्राप्त गर्ने उचित आधार हुँदा प्रोदभावी आधारमा अन्य आयको लेखांकन गरिन्छ । सामान्य सदस्यता शुल्कहरू नगद आधारमा आम्दानी लेखांकन गरिन्छ । नगद आधारमा लेखांकन गरिने आम्दानी नगन्य रहेको छ ।

**२.२.१७ खर्च**

दायित्वको उचित अनुमान गर्न सक्ने अवस्थामा प्रोदभावी आधारमा खर्चको लेखांकन गरिन्छ ।

**लाइसेन्स शुल्क**

"द सोल्टी गेट गुरमेट" को ब्रान्ड नाम अन्तर्गत फ्लाईट क्याटरिङ्ग इकाई सञ्चालन गर्न प्राविधिक सहायताको लागि सम्झौतामा निर्दिष्ट गरिएको खुद बिक्री मूल्यको निश्चित प्रतिशतमा आधारित रहि गेट गोर्मेट सिंगापुर पिटिइ लिमिटेड लाई भुक्तानी गर्नुपर्ने लाइसेन्स शुल्कको (License Fee) खर्च लेखांकन गरिन्छ ।

**कर्मचारी बोनस**

कर्मचारीलाई बोनस ऐन, २०३० बमोजिम बोनस प्रदान गरिन्छ ।

**२.२.१८ पट्टा**

कुनै व्यवस्था पट्टा हो (वा समावेश गर्दछ) भन्ने कुराको निर्धारण पट्टाको सुरूवातमा भएको व्यवस्थामा आधारित हुन्छ । यदि व्यवस्थाको पूर्ति कुनै विशेष सम्पत्ति वा सम्पत्तिहरूको प्रयोगमा निर्भर छ र सो व्यवस्थाले सम्पत्तिको प्रयोग गर्ने अधिकार प्रदान गर्दछ भने उक्त व्यवस्था पट्टा अन्तर्गत वर्गीकरण गरिन्छ ।

पट्टालाई सुरू मितिमा वित्त पट्टा वा संचालन पट्टाको रुपमा वर्गीकरण गरिन्छ । १ श्रावण २०७४ अघि भएको प्रबन्धका लागि समूहले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) संक्रमण मितिमा रहेको तथ्य र परिस्थितिको आधारमा व्यवस्थामा पट्टा छ वा छैन भनी निर्धारण गरेको छ ।

कम्पनीले सोल्टी गेट गुरमेटमा सम्पत्तिको प्रयोगको लागि सञ्चालन पट्टा व्यवस्थामा प्रवेश गरेको छ । पट्टा भाडा समय-समयमा मुद्रास्फीति दरको लागि समायोजन गरिन्छ र सोही रकम संचालन पट्टा खर्चको रुपमा लेखांकन गरिन्छ । यो लेखांकन विधि NFRS 16: Leases ले सिफारिस गरेको समदर विधि भन्दा बढी उपयुक्त रहेको व्यवस्थापनको विश्वास रहेको छ ।

समूहले आफ्ना पूर्वाधारहरु र सुविधाहरु तेस्रो पक्षलाई प्रयोग गर्न अनुमति दिंदै सञ्चालन पट्टा व्यवस्थामा प्रवेश गरेको छ । पट्टा भाडा समय-समयमा मुद्रास्फीति दरले समायोजन गरिन्छ र सोही रकम सञ्चालन पट्टा आयको रुपमा लेखांकन गरिन्छ यो विधि जुन समूहले NFRS 16: Leases ले सिफारिस गरेको समदर विधि भन्दा बढी उपयुक्त रहेको व्यवस्थापनको विश्वास रहेको छ ।

**२.२.१९ व्यवस्थाहरू**

समूहले गैर-वित्तीय दायित्वहरुको लेखांकनको लागि नेपाल लेखामानको NAS 37 व्यवस्थाहरु, सम्भावित दायित्वहरु र सम्भावित सम्पत्तिहरु लागू गर्दछ ।

विगतका घटनाहरुको परिणामको रुपमा उत्पन्न हुने वर्तमान दायित्वहरुलाई समूहको आर्थिक स्रोत प्रयोग गरी भुक्तानी गर्नुपर्ने सम्भावना बढी भएमा र उक्त रकम विश्वसनीय रुपमा अनुमान गर्न सकिने भएमा व्यवस्थाको पहिचान र लेखांकन गरिन्छ । दायित्व रहेको अवस्थामा अनुमानित रकम व्यवस्थाको रूपमा लेखांकन गरिन्छ ।

**२.२.२० चालु तथा गैर- चालु वर्गीकरण**

समूहले चालु/गैर-चालु वर्गीकरणको आधारमा वित्तीय स्थितिको विवरणमा सम्पत्ति र दायित्वहरु प्रस्तुत गर्दछ । समूहले प्रदान गर्ने सेवा र सामानहरू खरिद गरेदेखि संचालनबाट नगद र नगद समान प्राप्त गर्दासम्मको समयलाई आधार मानी समूहले सम्पत्ति तथा दायित्वको चालु तथा गैर चालु वर्गीकरणको लागि, बाह्र महिनाको अवधिलाई संचालन चक्र मानेको छ ।

समूहले निम्न अवस्थामा सम्पत्तिलाई चालुको रूपमा वर्गीकृत गर्दछ:

- सामान्य संचालन चक्रमा प्राप्त हुने, बिक्री हुने वा खपत हुने अनुमान भएमा,
- संचालनको मुख्य उद्देश्यको लागि धारण गरिएमा,
- प्रतिवेदन मिति पछि बाह्र महिना भित्र प्राप्त हुने अपेक्षा गरिएमा, वा
- दायित्वको व्यवस्थापन गर्न प्रयोग गर्ने हेतुले प्रतिबन्धित बाहेकका नगद वा नगद समान ।

समूहले अन्य सबै सम्पत्तिहरु गैर-चालु रुपमा वर्गीकृत गर्दछ ।

समूहले निम्न अवस्थामा दायित्वलाई चालुको रूपमा वर्गीकृत गर्दछः

- सामान्य सन्चालन चक्रमा भुक्तानी हुने अपेक्षा गरिएमा,
- संचालनको मुख्य उद्धेश्यको लागि धारण गरिएमा,
- प्रतिवेदन मिति पछि बाह्र महिना भित्र भुक्तानी गर्नुपर्ने भएमा, वा
- प्रतिवेदन मिति पछि कम्तिमा बाह्र महिनाको लागि दायित्वलाई स्थगन गर्ने शर्त नभएको अवस्थामा ।

समूहले अन्य सबै दायित्वहरुलाई गैर-चालु रुपमा वर्गीकृत गर्दछ ।

स्थगित कर सम्पत्ति र दायित्वहरुलाई गैर-चालू सम्पत्ति र दायित्वहरुको रुपमा वर्गीकृत गरिएको छ ।

**२.२.२१ क्षेत्रगत प्रतिवेदन**

समूहको क्षेत्रगत प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मानको NFRS 8 Operating Segments अनुसार छ । संचालन क्षेत्रहरू समूहको व्यवस्थापनलाई प्रदान गरिएको आन्तरिक रिपोर्टिङसँग मेल खाने किसिमले तयार गरिन्छ ।स्रोतहरु बाँडफाँड गर्न र सञ्चालन क्षेत्रहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न समूहको व्यवस्थापन जिम्मेवार रहेको छ । व्यवसायिक क्षेत्रहरू बीचको सबै लेनदेनहरु उचित मूल्यमा गरिन्छ । क्षेत्रहरूबीचको कारोबारलाई एकिकृत गर्दा सम्बन्धित आय र खर्च दुवै हटाइन्छ । प्रत्येक व्यवसायिक क्षेत्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित आय र व्ययहरु क्षेत्रगत प्रतिवेदनको व्यवसायिक अवस्थाको प्रदर्शन निर्धारणमा समावेश गरिन्छन् ।

**२.२.२२ सरकारी अनुदान**

समूहले अनुदानसँग सम्बन्धित सर्तहरु पूरा गर्ने र अनुदान प्राप्त हुने यथोचित सुनिश्चितता भएमा मात्र उचित मूल्यमा मापन गरिएका गैर नगद अनुदानहरु सहितको सरकारी अनुदानहरुलाई पहिचान तथा मापन गर्दछ । अनुदानले क्षतिपूर्ति गर्न उद्देश्य राखेका सम्बन्धित खर्चहरुको आधारमा सरकारी अनुदानहरु तोकिएको अवधिहरुमा नाफा वा नोक्सान हिसाबमा प्रणालीबद्ध रुपमा लेखांकन गरिन्छ ।

**२.२.२३ संचालन चक्र**

समूहले बाह्र महिनाको अवधिलाई आफ्नो सञ्चालक चक्र मानेको छ ।

सोल्टी होटल लिमिटेड

३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको

एकिकृत (Consolidated) वित्तीय विवरणका टिप्पणीहरु

**टिप्पणी ३.१: सम्पत्ति, संयन्त्र र उपकरण**

रुपैयाँ

| विवरण | होटेल | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जग्गा | भवन | मेशिनरी तथा संयन्त्र | फर्निचर तथा फिक्स्चर | कार्यालय उपकरण | कम्प्युटर | सवारी साधन | लिजहोल्ड सम्पत्ति | निर्माणधीन सम्पत्ति | जम्मा |
| **लागत** | | | | | | | | | | |
| **१ श्रावण २०८० को** | १४९,४८८,७७९ | १,०९८,१६२,९४५ | १,३३५,२२४,२८९ | ४७५,०९०,७७९ | ६,६४८,६३१ | ६८,३२९,३६९ | १३१,८४३,५७१ | १७,१८२,९१३ | १८२,९७५,८६९ | ३,४६४,९४७,१४५ |
| यस वर्ष थप भएको | - | २५७,१९७,७७३ | १८२,१७४,५८२ | २८,३०५,१८४ | ५९,९०० | १,४६५,१२० | ४६,५५२,४२८ | ७,५००,०८४ | ३२०,७७३,२३१ | ८४४,०२८,३०२ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | (१,२३५,७३८) | (४,६९५,१३८) | (२,९६५,२६७) | (२१,४९०) | (५९४,१००) | (६,३५०,०००) | - | (४१३,०८०,६४९) | (४२८,१४३,१८२) |
| **३१ आषाढ २०८१ को** | १४९,४८८,७७९ | १,३५४,१२४,९८० | १,५१२,७०३,७३३ | ५००,४३०,६९६ | ६,६८७,०४१ | ६९,२००,३८९ | १७२,०४५,९९९ | २४,६८२,९९७ | ९०,६६८,४५१ | ३,८८०,०३३,०६५ |
| यस वर्ष थप भएको | - | ४६५,६३०,८७५ | २०३,६९७,५०५ | ४६,६४१,३५७ | १८६,९०० | २,९३९,३६५ | २७१,७९० | ४,०१७,०९१ | ६००,४९०,९१५ | १,३२३,८८७,२९८ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | (४१,४५३,६५०) | (५,०१४,८५३) | - | - | - | - | (५९४,४०९,१८४) | (६४०,८७७,६८७) |
| **३२ आषाढ २०८२ को** | १४९,४८८,७७९ | १,८१९,७५५,८५५ | १,६७४,९४७,५८८ | ५४२,०५७,२०० | ६,८७३,९४१ | ७२,१३९,७५४ | १७२,३१७,७८९ | २८,७००,०८८ | ९६,७५०,१८२ | ४,५६३,०३१,१७६ |
| **ह्रास तथा क्षयीकरण नोक्सानी** | | | | | | | | | | |
| **१ श्रावण २०८० को** | - | ३४८,३२३,१२७ | ७६०,८०८,०३१ | ३३६,४५३,१०० | ५,६५४,६४० | ५१,४६०,२०९ | ८७,६९९,३५८ | ११,८०१,७४४ | - | १,६०२,२००,२०९ |
| यस वर्ष थप भएको | - | ३२,००६,५४६ | ५३,६९९,३९३ | २६,५३०,८२५ | १७२,१८० | ५,२२२,७५६ | १०,२३९,८९५ | ७,१६०,६१८ | - | १३५,०३२,२१३ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | (९२९,०४८) | (४,६३६,५९७) | (२,९६१,६०७) | (२१,४९०) | (५५५,५८९) | (२,३९८,९६१) | | - | (१०,६०३,२७४) |
| **३१ आषाढ २०८१ को** | - | ३७९,४००,६२५ | ८०९,८७०,८२७ | ३६०,०२२,३१८ | ५,८०५,३३० | ५६,१२७,३७६ | ९५,५४०,२९२ | १८,९६२,३६२ | - | १,७२५,७२९,१३० |
| यस वर्ष थप भएको | - | ४३,६३८,९२१ | ६१,६८४,६९८ | २८,३४५,७७२ | १९६,१७८ | ४,२९३,८३२ | १०,७०५,१४३ | २,४०२,८९९ | | १५१,२४७,४४३ |
| यस वर्ष बिक्रीको समायोजन | - | - | (४०,९०५,३२४) | (४,३०६,४५१) | - | - | - | - | | (४५,२१२,७७५) |
| **३२ आषाढ २०८२ को** | - | ४२३,०३९,५४६ | ८३०,६५०,२०१ | ३८४,०६१,६३९ | ६,००१,५०८ | ६०,४२१,२०८ | १०६,२४५,४३५ | २१,३६५,२६१ | - | १,८३१,७८४,७९८ |
| **खुद किताबी मूल्य** | | | | | | | | | | |
| ०१ श्रावण २०८० | १४९,४८८,७७९ | ७४९,८३९,८१८ | ५७४,४१६,२५८ | १३८,६३७,६७९ | ९९३,९९१ | १६,८६९,१६० | ४४,१४४,२१३ | ५,३८१,१६९ | १८२,९७५,८६९ | १,८६२,७४६,९३६ |
| ३१ आषाढ २०८१ | १४९,४८८,७७९ | ९७४,७२४,३५५ | ७०२,८३२,९०६ | १४०,४०८,३७८ | ८८१,७११ | १३,०७३,०१३ | ७६,५०५,७०७ | ५,७२०,६३५ | ९०,६६८,४५१ | २,१५४,३०३,९३५ |
| ३२ आषाढ २०८२ | १४९,४८८,७७९ | १,३९६,७१६,३०९ | ८४४,२९७,३८७ | १५७,९९५,५६१ | ८७२,४३३ | ११,७१८,५४६ | ६६,०७२,३५४ | ७,३३४,८२७ | ९६,७५०,१८२ | २,७३१,२४६,३७८ |

**निर्माणधिन सम्पत्ति, मेशिनरी र उपकरण**

निर्माणाधीन सम्पत्तिमा मुख्यत: कार पार्किङ लिफ्ट परियोजनासँग सम्बन्धित कार्यहरु समावेश छन्, जसमा सम्पत्तिको लागत रु. ५.५४ करोड र अग्रिम पूंजी रु. ०.२३ करोड रहेको छ। यी सम्पत्तिहरु प्रयोगका लागि उपलब्ध भएपछि सम्बन्धित शीर्षकहरुमा पूंजीकरण गरिनेछ ।

सोल्टी होटल लिमिटेड

३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको

एकिकृत (Consolidated) वित्तीय विवरणका टिप्पणीहरु

**टिप्पणी ३.१: सम्पत्ति, संयन्त्र र उपकरण**

रुपैयाँ

| विवरण | समूह | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जग्गा | भवन | मेशिनरी तथा संयन्त्र | फर्निचर तथा फिक्स्चर | कार्यालय उपकरण | कम्प्युटर | सवारी साधन | लिजहोल्ड सम्पत्ति | निर्माणधीन सम्पत्ति | जम्मा |
| लागत | | | | | | | | | | |
| **१ श्रावण २०८० को** | १४९,४८८,७७९ | १,०९८,१६२,५४५ | १,३३५,२२४,२८९ | ४७४,३९०,७७९ | ६,६४९,३३१ | ६८,३२९,३६९ | १३१,८९३,५७१ | १७,१८२,९१३ | १८२,९७५,८६९ | ३,४६४,२९७,४४५ |
| यस वर्ष थप भएको | - | २५७,१९७,७७३ | १८२,१७४,५८२ | २८,३०५,१८४ | ५९,९०० | १,४६५,१२० | ४६,५५२,४२८ | ७,५००,०८४ | ३२०,७७३,२३१ | ८४४,०२८,३०२ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | (१,२३५,७३८) | (४,६९५,९३८) | (२,१६५,२६७) | (२१,४९०) | (५९४,१००) | (६,३५०,०००) | - | (४१३,०८०,६४९) | (४२८,१४३,१८२) |
| **३१ आषाढ २०८१ को** | १४९,४८८,७७९ | १,३५४,१२४,५८० | १,५१२,७०२,९३३ | ५००,५३०,६९६ | ६,६८७,७४१ | ६९,२००,३८९ | १७२,०९५,९९९ | २४,६८२,९९७ | ९०,६६८,४५१ | ३,८८०,१८२,५६५ |
| यस वर्ष थप भएको | - | ४६५,६३१,२७५ | २०३,६९७,५०५ | ४६,६४१,७५७ | १८६,९०० | २,९३९,३६५ | २७१,७९० | ४,०२७,७९१ | ६००,४९०,९१५ | १,३२३,८८७,२९८ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | (४१,४५३,६५०) | (५,०१४,८५३) | - | - | - | - | (५९४,४०९,१८४) | (६४०,८७७,६८७) |
| **३२ आषाढ २०८२ को** | १४९,४८८,७७९ | १,८१९,७५५,८५५ | १,६७४,९४६,७८८ | ५४२,१५७,६०० | ६,८७४,६४१ | ७२,१३९,७५४ | १७२,३६७,७८९ | २८,७१०,७८८ | ९६,७५०,१८२ | ४,५६३,१९२,१७६ |
| **ह्रास तथा क्षयीकरण नोक्सानी** | | | | | | | | | | |
| **१ श्रावण २०८० को** | - | ३४८,३२३,१२७ | ७६०,८०७,२१३ | ३३६,५३३,१०० | ५,६९४,६४० | ५१,४७०,२७५ | ४७,६५९,३५८ | ११,४७१,७४४ | - | १,५६१,९५९,४५६ |
| यस वर्ष थप भएको | - | ३२,००६,५४६ | ५३,६९९,३९३ | २६,५३०,८२५ | १७२,१८० | ५,२२२,७५६ | १०,२३९,८९५ | ७,१६०,६१८ | - | १३५,०३२,२१३ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | (९२९,०४८) | (४,६३६,५७९) | (२,१६१,६०७) | (२१,४९०) | (५५५,५८९) | (२,२९८,९९१) | | - | (१०,६०३,२७४) |
| **३१ आषाढ २०८१ को** | - | ३७९,४००,६२५ | ८०९,८७०,०२७ | ३६०,९०२,३१८ | ५,८४५,३३० | ५६,१३७,४४२ | ५५,६००,२६२ | १८,६३२,३६२ | - | १,६८६,३८८,३९५ |
| यस वर्ष थप भएको | - | ४३,६३८,९२१ | ६१,६८४,६९८ | २८,३४५,७७२ | १७६,१७८ | ४,२९३,८३२ | १०,७०५,१४३ | २,४०२,८९९ | - | १५१,२४७,४४३ |
| यस वर्ष बिक्रीको समायोजन | - | - | (४०,९०५,३२४) | (४,३०७,४५१) | - | - | - | - | - | (४५,२१२,७७५) |
| **३२ आषाढ २०८२ को** | - | ४२३,०३९,५४६ | ८३०,६४९,४०१ | ३८४,९४०,६३९ | ६,०२१,५०८ | ६०,४३१,२७४ | ६६,३०५,४०५ | २१,०३५,२६१ | - | १,७९२,४२३,०६३ |
| **खुद किताबी मूल्य** | | | | | | | | | | |
| ०१ श्रावण २०८० | १४९,४८८,७७९ | ७४९,८३९,४१८ | ५७४,४१७,०७६ | १३७,८५७,६७९ | ९५४,६९१ | १६,८५९,०९४ | ८४,२३४,२१३ | ५,७११,१६९ | १८२,९७५,८६९ | १,९०२,३३७,९८९ |
| ३१ आषाढ २०८१ | १४९,४८८,७७९ | ९७४,७२३,९५५ | ७०२,८३२,९०६ | १३९,६२८,३७८ | ८४२,४११ | १३,०६२,९४७ | ११६,४९५,७३७ | ६,०५०,६३५ | ९०,६६८,४५१ | २,१९३,७९४,१७० |
| ३२ आषाढ २०८२ | १४९,४८८,७७९ | १,३९६,७१६,३०९ | ८४४,२९७,३८७ | १५७,२१६,९६१ | ८५३,१३३ | ११,७०८,४८० | १०६,०६२,३८४ | ७,६७५,५२७ | ९६,७५०,१८२ | २,७७०,७६९,११३ |

**निर्माणधिन सम्पत्ति, मेशिनरी र उपकरण**

निर्माणाधीन सम्पत्तिमा मुख्यत: कार पार्किङ लिफ्ट परियोजनासँग सम्बन्धित कार्यहरु समावेश छन्, जसमा सम्पत्तिको लागत रु. ५.५४ करोड र अग्रिम पूंजी रु. ०.२३ करोड रहेको छ । यी सम्पत्तिहरु प्रयोगका लागि उपलब्ध भएपछि सम्बन्धित शीर्षकहरुमा पूंजीकरण गरिनेछ ।

## सोल्टी होटल लिमिटेड

### ३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको

### एकिकृत (Consolidated) वित्तीय विवरणका टिप्पणीहरु

### टिप्पणी ३.२: अमूर्त सम्पत्ति

रुपैयाँ

| विवरण | होटेल | | समूह | |
|---|---|---|---|---|
| | सफ्टवेयर | जम्मा | सफ्टवेयर | जम्मा |
| **लागत** | | | | |
| **१ श्रावण २०८० को** | १४,९३७,६५४ | १४,९३७,६५४ | १४,९३७,६५४ | १४,९३७,६५४ |
| यस वर्ष थप भएको | - | - | - | - |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | - | - |
| **३१ आषाढ २०८१ को** | १४,९३७,६५४ | १४,९३७,६५४ | १४,९३७,६५४ | १४,९३७,६५४ |
| यस वर्ष थप भएको | १६,८७८,०५५ | १६,८७८,०५५ | १६,८७८,०५५ | १६,८७८,०५५ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | - | - |
| **३२ आषाढ २०८२ को** | ३१,८१५,७०९ | ३१,८१५,७०९ | ३१,८१५,७०९ | ३१,८१५,७०९ |
| **ह्रासकट्टी तथा क्षयीकरण नोक्सानी** | | | | |
| **१ श्रावण २०८० को** | १४,५१०,८०० | १४,५१०,८०० | १४,५१०,८०० | १४,५१०,८०० |
| यस वर्ष थप भएको | ३७७,२४२ | ३७७,२४२ | ३७७,२४२ | ३७७,२४२ |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | - | - |
| **३१ आषाढ २०८१ को** | १४,८८८,०४२ | १४,८८८,०४२ | १४,८८८,०४२ | १४,८८८,०४२ |
| यस वर्ष थप भएको | ४७३,८६८ | ४७३,८६८ | ४७३,८६८ | ४७३,८६८ |
| यस वर्ष बिक्रीको समायोजन | - | - | - | - |
| **३२ आषाढ २०८२ को** | १५,३६१,९१० | १५,३६१,९१० | १५,३६१,९१० | १५,३६१,९१० |
| **खुद किताबी मूल्य** | | | | |
| ०१ श्रावण २०८० | ४२६,८५४ | ४२६,८५४ | ४२६,८५४ | ४२६,८५४ |
| ३१ आषाढ २०८१ | ४९,६१२ | ४९,६१२ | ४९,६१२ | ४९,६१२ |
| ३२ आषाढ २०८२ | १६,४५३,७९९ | १६,४५३,७९९ | १६,४५३,७९९ | १६,४५३,७९९ |

### टिप्पणी ३.३: लगानी योग्य सम्पत्ति

| विवरण | होटेल | | | समूह | | |
|---|---|---|---|---|---|---|
| | जग्गा | भवन | जम्मा | जग्गा | भवन | जम्मा |
| **लागत** | | | | | | |
| **१ श्रावण २०८० को** | ४,७०७,२८७ | १६६,१४६,८१२ | १७०,८५४,१०० | ४,७०७,२८७ | १६६,१४६,८१२ | १७०,८५४,१०० |
| यस वर्ष थप भएको | - | ४,२८०,१३० | ४,२८०,१३० | - | ४,२८०,१३० | ४,२८०,१३० |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | - | - | - | - |
| **३१ आषाढ २०८१ को** | ४,७०७,२८७ | १७०,४२६,९४२ | १७५,१३४,२३० | ४,७०७,२८७ | १७०,४२६,९४२ | १७५,१३४,२३० |
| यस वर्ष थप भएको | - | - | - | - | - | - |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | - | - | - | - |
| **३२ आषाढ २०८२ को** | ४,७०७,२८७ | १७०,४२६,९४२ | १७५,१३४,२३० | ४,७०७,२८७ | १७०,४२६,९४२ | १७५,१३४,२३० |
| **ह्रासकट्टी तथा क्षयीकरण नोक्सानी** | | | | | | |
| **१ श्रावण २०८० को** | - | ८३,६५६,६०५ | ८३,६५६,६०५ | - | ८३,६५६,६०५ | ८३,६५६,६०५ |
| यस वर्ष थप भएको | - | २,०९३,८०० | २,०९३,८०० | - | २,०९३,८०० | २,०९३,८०० |
| यस वर्ष बिक्री/स्थानान्तरण | - | - | | - | - | |
| **३१ आषाढ २०८१ को** | - | ८५,७५०,४०५ | ८५,७५०,४०५ | - | ८५,७५०,४०५ | ८५,७५०,४०५ |
| यस वर्ष थप भएको | | २,०९८,७१४ | २,०९८,७१४ | - | २,०९८,७१४ | २,०९८,७१४ |
| यस वर्ष बिक्रीको समायोजन | - | - | - | - | - | - |
| **३२ आषाढ २०८२ को** | - | ८७,८४९,११९ | ८७,८४९,११९ | - | ८७,८४९,११९ | ८७,८४९,११९ |
| **खुद किताबी मूल्य** | | | | | | |
| ०१ श्रावण २०८० | ४,७०७,२८७ | ८२,४९०,२०७ | ८७,१९७,४९५ | ४,७०७,२८७ | ८२,४९०,२०७ | ८७,१९७,४९४ |
| ३१ आषाढ २०८१ | ४,७०७,२८७ | ८४,६७६,५३७ | ८९,३८३,८२५ | ४,७०७,२८७ | ८४,६७६,५३८ | ८९,३८३,८२५ |
| ३२ आषाढ २०८२ | ४,७०७,२८७ | ८२,५७७,८२३ | ८७,२८५,१११ | ४,७०७,२८७ | ८२,५७७,८२३ | ८७,२८५,१११ |

## सोल्टी होटल लिमिटेड

### ३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको

### एकिकृत (Consolidated) वित्तीय विवरणका टिप्पणीहरु

### टिप्पणी ३.४: स्थगन कर सम्पत्ति/(दायित्व)

अस्थायी भिन्नताहरुमा आधारित भएर भविष्यको ज्ञात करको दर २१.२५% (गत वर्षको दर २१.२५%) प्रयोग गरी स्थगन करको गणना गरिन्छ। व्यवस्थापनले यी सम्पत्तिहरु पुन:प्राप्त हुने सम्भावना रहेको विश्वास गर्ने अवस्थामा मात्र अस्थायी भिन्नताबाट उत्पन्न हुने सम्पत्तिहरुलाई स्थगन कर सम्पत्तिको रुपमा पहिचान गरिन्छ।

रुपैयाँ

| विवरण | होटेल | | | |
|---|---|---|---|---|
| | १ श्रावण २०८१ | नाफा वा नोक्सानमा समावेश गरिएको | अन्य विस्तृत आयमा समावेश गरिएको | ३२ आषाढ २०८२ |
| स्थिर सम्पत्ति | (७३,१७१,५९५) | (१२,३२६,७४९) | - | (८५,४९८,३४४) |
| शेयरमा लगानी | (१,८३५,१९०) | - | (१,२००,८४०) | (३,०३६,०३०) |
| कर्मचारी सुविधा - उपदान | १४,०८८,५२९ | (१,२८६,९३७) | - | १२,८०१,५९२ |
| कर्मचारी सुविधा - बिदा | १२,८८२,०११ | ७९९,०९७ | - | १३,६८१,१०८ |
| व्यापार तथा अन्य प्राप्य | १२,०३१,१७८ | ९७२,४०० | - | १३,००३,५७८ |
| **जम्मा** | **(३६,००५,०६७)** | **(११,८४२,१८९)** | **(१,२००,८४०)** | **(४९,०४८,०९६)** |

| विवरण | १ श्रावण २०८० | नाफा वा नोक्सानमा समावेश गरिएको | अन्य विस्तृत आयमा समावेश गरिएको | ३१ आषाढ २०८१ |
|---|---|---|---|---|
| स्थिर सम्पत्ति | (६२,२७०,६२८) | (१०,९००,९६७) | - | (७३,१७१,५९५) |
| शेयरमा लगानी | (६०५,१०७) | - | (१,२३०,०८३) | (१,८३५,१९०) |
| कर्मचारी सुविधा - उपदान | १५,००९,७९८ | (९२१,२६९) | - | १४,०८८,५२९ |
| कर्मचारी सुविधा - बिदा | ११,९६३,६९४ | ९१८,३१७ | - | १२,८८२,०११ |
| व्यापार तथा अन्य प्राप्य | १०,९६८,६७८ | १,०६२,५०० | - | १२,०३१,१७८ |
| **जम्मा** | **(२४,९३३,५६५)** | **(९,८४१,४१९)** | **(१,२३०,०८३)** | **(३६,००५,०६७)** |

| विवरण | समूह | | | |
|---|---|---|---|---|
| | १ श्रावण २०८१ | नाफा वा नोक्सानमा समावेश गरिएको | अन्य विस्तृत आयमा समावेश गरिएको | ३२ आषाढ २०८२ |
| स्थिर सम्पत्ति | (७३,१७१,५९५) | (१२,३२६,७४९) | - | (८५,४९८,३४४) |
| शेयरमा लगानी | (१,८३५,१९०) | - | (१,२००,८४०) | (३,०३६,०३०) |
| कर्मचारी सुविधा - उपदान | १४,०८८,५२९ | (१,२८६,९३७) | - | १२,८०१,५९२ |
| कर्मचारी सुविधा - बिदा | १२,८८२,०११ | ७९९,०९७ | - | १३,६८१,१०८ |
| व्यापार तथा अन्य प्राप्य | १२,०३१,१७८ | ९७२,४०० | - | १३,००३,५७८ |
| **जम्मा** | **(३६,००५,०६७)** | **(११,८४२,१८९)** | **(१,२००,८४०)** | **(४९,०४८,०९६)** |

| विवरण | १ श्रावण २०८० | नाफा वा नोक्सानमा समावेश गरिएको | अन्य विस्तृत आयमा समावेश गरिएको | ३१ आषाढ २०८१ |
|---|---|---|---|---|
| स्थिर सम्पत्ति | (६२,२७०,६२८) | (१०,९००,९६७) | - | (७३,१७१,५९५) |
| शेयरमा लगानी | (६०५,१०७) | - | (१,२३०,०८३) | (१,८३५,१९०) |
| कर्मचारी सुविधा - उपदान | १५,००९,७९८ | (९२१,२६९) | - | १४,०८८,५२९ |
| कर्मचारी सुविधा - बिदा | ११,९६३,६९४ | ९१८,३१७ | - | १२,८८२,०११ |
| व्यापार तथा अन्य प्राप्य | १०,९६८,६७८ | १,०६२,५०० | - | १२,०३१,१७८ |
| **जम्मा** | **(२४,९३३,५६५)** | **(९,८४१,४१९)** | **(१,२३०,०८३)** | **(३६,००५,०६७)** |

**सोल्टी होटल लिमिटेड**

**३२ आषाढ २०८२ (१६ जुलाई २०२५) मा समाप्त भएको वर्षको**

**एकिकृत (Consolidated) वित्तीय विवरणका टिप्पणीहरु**

**टिप्पणी ३.५: लगानी**

रुपैयाँ

| विवरण | होटेल | | समूह | |
|---|---|---|---|---|
| | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
| **गैर चालु** | | | | |
